"कृषि, पर्यटन र पूर्वाधार; अन्नपूर्ण समृद्धिको आधार"

## दशौं गाउँसभाबाट पारित

## आर्थिक वर्ष २०७८/०७९ को
## नीति, योजना तथा कार्यक्रम र बजेट सहितको

# वार्षिक विकास योजना

## Annual Rural Municipality Development Plan



## अन्नपूर्ण गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

माछापोखरी कास्की

गण्डकी प्रदेश, नेपाल




0 1.5 3 6 9 कि.मी.

Coordinate System: GCS WGS 1984
Datum: WGS 1984
Units: Degree

Author: Er. Prabhat Paudel, Surveyor, Annapurna Gaupalika

**अन्नपूर्ण गाउँपालिका**

## दशौं गाउँसभाबाट पारित

# आर्थिक वर्ष २०७८/०७९ को
# नीति, योजना तथा कार्यक्रम र बजेट सहितको
# बार्षिक विकास योजना

**प्रमुख संरक्षक**

युवराज कुँवर, अध्यक्ष
सगुन गुरूङ, उपाध्यक्ष

**संरक्षक**

शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत

**कार्यकारी सम्पादन**

ठाकुर प्रसाद अधिकारी, अधिकृत छैटौं
ई. सूर्य प्रसाद तिमिल्सिना, सूचना प्रविधि अधिकृत
सिता उप्रेती, कम्प्युटर अपरेटर
जगन्नाथ भण्डारी, एम.आई.एस. अपरेटर

**सम्पादन सल्लाहकार**

बलराम भुगाई, शिक्षा अधिकृत
सरिता गौतम, लेखा अधिकृत
लक्ष्मण बस्ताकोटी, अधिकृत छैटौं
ऋषिराम पौडेल, स्वास्थ्य संयोजक
ई. राजन गौतम, ईन्जिनियर
ऋषिराम दाहाल, पशुसेवा शाखा प्रमुख
ई. प्रभात पौडेल, सर्भेक्षक
विरेन्द्र कुंवर, राजस्व शाखा प्रमुख
मनोज कठायत, कृषि शाखा प्रमुख

प्रकाशकः

**अन्नपूर्ण गाउँपालिका, कास्की**

फोन नं. : ०६१-४१४१०१, ४१४१०२, ४१४१०३, ४१४१०६
Website: www.annapurnamunkaski.gov.np
Email: apgaupalika@gmail.com, info@annapurnamunkaski.gov.np
Facebook: www.facebook.com/annapurnamunkaski
Twitter: www.twitter.com/annapurnakaski
Mobile android app: annapurnakaski



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची- महाकाली

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
विरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय - जय नेपाल ।



# मन्तव्य



"कृषि, पर्यटन र पूर्वाधार; अन्नपूर्ण समृद्धिको आधार" आदर्शवाक्यलाई सार्थक बनाई गाउँपालिकाको समग्र पक्षको विकास गर्नका लागि सबै प्रकारका आयोजनाहरू समावेस गरी आ.ब. २०७८।०७९ का वार्षिक नीति कार्यक्रम बजेट तयार गरी यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । जनचाहाना अनुरूप जनताले चाहेका प्रतिनिधिद्वारा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने राज्य शासन व्यवस्थाको स्थापना गर्न इतिहासका विभिन्न चरणमा परिवर्तनका लागि भएका आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात शहिदहरूप्रति हार्दिक श्रध्दासुमन व्यक्त गर्दछु र राज्य व्यवस्था परिवर्तमा भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मेरा राजनीतिक अग्रजहरूमा सम्मान व्यक्त गर्न चाहन्छु । स्थानीय तहको निर्वाचिन भई आए पश्चात जनप्रतिनिधीहरूबाट यस अगाडि गाउँपालिकाबाट प्रस्तुत भएका वार्षिक नीति तथा कार्यक्रम, बजेट सफलता पूर्ण कार्यन्वयन गरी योजनाहरू गुणस्तर रूपमा समयमै सम्पन्न गर्न सहयोग पुर्यानुहुने सम्पूर्ण जनप्रतिनिधिहरू,राजनीतिक दलहरू, उपभोक्ता समिति, कर्मचारीहरू र आम गाउपालिकाबासीहरू प्रति हार्दिक धन्यवाद दिदै आभार व्यक्त गर्न चाहन्छु । नेपाल सरकार र प्रदेश सरकारका पञ्चवर्षिय योजना, गाउँपालिकाको आवाधिक पञ्चवर्षिय योजना २०७७/०७८ ले निर्धारण गरेका दुरदृष्टि, लक्ष्य, उद्देश्य, विकासका सूचकहरू प्राप्त गर्न टेवा पुर्याउनका लागि नेपाल सरकार र प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम, गाउँपालिकाका विगत वर्षका नीति तथा कार्यक्रम र बजेट कार्यन्वयका अनुभवहरूलाई आधार मानि पालिका बासिहरूको टोल टोलमा, बस्ती-बस्तीमा गएर लक्षित वर्गहरूसँगको छलफल अन्तकृयाबाट उहाँहरू कै रोजाईका आयोजनामा प्राथमिकता निर्धारण गरी वडा समितिको बैठकको निर्णयबाट प्राप्त आयोजना माथि योजना विज्ञहरू बिचको छलफलबाट प्राप्त सुझाव, गाउँ कार्यपालिका सान्दार्भिक छलफलपछि प्राप्त सुझाव, गाउँ सभामा प्रस्तुत गरी व्यापक छलफल प्रश्चात प्राप्त सुझावहरू समेत समाबेस गरी सहभागितामुलक पद्धतिबाट यस आ.ब. २०७८/०७९ को वार्षिक नीति कार्यक्रम, बजेट र गाउँ विकास योजना तयार गरी यहाँहरू समक्ष सार्वजनिक गरेका छौ ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट जारी भएका ऐन, नियम, नियमावली कार्यविधिहरू यस विकास योजना कार्यान्वय गर्नमा मार्ग दर्शक रहने छन । जसका कारण आयोजना कार्यन्वयनमा र पालिकाबाट प्रवाह हुने अन्य सेवामा लिने क्रममा आम जनसमुदायहरूमा शुशासनको अनुभुति गर्ने छन । कोभिड-१९ को महामारीको अवस्थामा हामि सम्पूर्ण गाउँबासिहरू सुरक्षित रहने छौ र सुरक्षाका उपायहरू अपनाएर गाउँ विकास आयोजना गुणस्तर युक्तरूपमा समयमै सम्पन्न हुने छन भन्ने विश्वास दिलाउन चाहन्छु । गाउँपालिकाका आयोजनाहरूका सम्पूर्ण काम दिगो रहने गरी सञ्चालन गरीने छन र जसको कारण गाउँबासिहरूमा विकासका गतिविधिको प्रत्यक्ष अनुभुति हुने आशा लिएको छु । गाउँपालिकामा आयोजनाहरू संघीय सरकार तथा प्रदेश सरकारको समन्वयमा व्यवस्थित र प्रभावकारी सञ्चालन गरिने छन् भन्ने विश्वास दिलाउन चाहन्छु । कहि कतै अन्जानमा गाउँपालिका नीति तथा कार्यक्रम निर्माण र कार्यन्वयनका क्रममा कमी कमजोर भएमा समयमै सकारात्मक सुझावको अपेक्षा गर्दछु । यस नीति तथा कार्यक्रम निर्माणका क्रममा सहयोग गर्नुहुने माननिय संघीय सांसद, प्रदेश सांसदज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीज्यूहरू, गाउँसभा सदस्यज्यूहरू जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, उपभोक्ता समिति, सञ्चारकर्मी मित्रहरू, बुद्धिजिवीवर्गहरू, गाउँपालिकामा कार्यरत कर्मचारी, शिक्षक मित्रहरू, संघ संस्था, टोलविकास समिति र सम्पूर्ण आम गाउँबासी आमा, बुबा, दिदी बहिनी, दाजुभाई लगायत सम्पूर्णहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा सबैमा सकरात्मक सोचको विकास होस, सम्पूर्ण गाउँवासिहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै यस गाउँ विकास आयोजना सफल कार्यन्वयनका लागि सबै पक्षहरूसँग सहयोगको अनुरोधका साथ उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै, उत्पादित खाद्यवस्तुहरूको संरक्षण र समुचित उपयोग गरी "खाना नफालौ" अभियानलाई सार्थक तुल्याई दिनु हुन सम्पूर्ण पालिकाबासी लगायत सम्पूर्ण पक्षहरूबाट सहयोग प्राप्त हुने पूर्ण आशा र विश्वास लिएको छु ।

जय नेपाल

युवराज कुँवर
अध्यक्ष

# मन्तव्य



अन्नपूर्ण गाउँपालिका आर्थिक वर्ष २०७८/०७९ को नीति, योजना तथा कार्यक्रमका साथै बजेट सार्वजनिकरण गर्न पाउँदा अत्यन्तै हर्षित छौं । संघीय प्रणालीको अभ्यास पछि हाम्रो गाउँपालिकाको आठौं गाउँसभाबाट बजेट सार्वजनिक गरी गाउँ विकासको नयाँ खाका कोर्न गईरहेका छौ । नेपालको सन्दर्भमा संघीयता आफैंमा बिल्कूलै नयाँ अभ्यास हो, कुनै पनि बिषय वा प्रणालीको अभ्यास आफैंमा चूनौती र जटिलता सहित अगाडि बढ्ने गर्दछ ।

संघीय तहमा नीतिगत र कानुनी रूपमा धेरै विषयहरूको व्यवस्थापन भए तापनि संरचनागत र प्रशासनिक व्यवस्थापने पूर्णता पाउने प्रकृयागत रूपमा अगाडि बढिरहेको छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष कृषि, पर्यटन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, मानव विकास सूचाकांकका दृष्टिले उल्लेख्य सुधार भएको छ । स्थानीय तहमा जनप्रतिनिधि नहुँदाको परिस्थितिमा पैदा भएका कैयौं बेथितिहरू प्रणालीमा रूपान्तरण गर्ने हाम्रो प्रयासले अझै पनि पूर्णतः सफलता प्राप्त गर्ने प्रकृयामा अगाडि बढिरहेको छ । सिमित साधन स्रोत र असिमित आवश्यकता एवं आकाङ्क्षाबिचको दूरी कसरी कम गर्ने, गाउँ बासीका आधारभूत आवश्यकता र अपेक्षा कसरी सम्बोधन गर्ने हाम्रो नियमित परामर्श र व्यवहारिक समाधानको प्रकृयामा छौं । यहाँहरूले आकाङ्क्षालाई अधिकतम् सम्बोधन गर्न प्रयत्न गर्ने कुराको म विश्वास दिलाउन चाहन्छु र हरपलमा तपाईहरूका सल्लाह, सुझाव अनुसार अगाडि बढ्ने प्रयास गर्ने छु ।

यस आर्थिक वर्षमा कोभिड-१९ को महामारीका कारण अपेक्षाकृत कार्यक्रम सञ्चालन गर्ने असमर्थ भयौ, सबैले यसलाई मनन गर्नु भएकै छ । हामी सबैले आफ्नो-आफ्नो तर्फबाट बाँच्न र बचाउने अभियानमा लागौ र यो अभियान सफल भएपछि सबैंको साथ र सहयोगले गाउँपालिकाको विकास मार्गमा अगाडि बढ्ने छौ ।

साथै, आर्थिक वर्ष २०७८/०७९ को नीति, योजना तथा कार्यक्रम बनाउने कार्यमा निरन्तर खट्नुहुने कार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी साथीहरू गाउँ विकासका लागि महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने विभिन्न विषयगत क्षेत्रका विज्ञहरू, राजनैतिक पार्टीका प्रतिनिधि तथा सम्पूर्ण गाउँबासीमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

सगुन गुरूङ
उपाध्यक्ष

# मन्तव्य



गण्डकी प्रदेश, कास्की जिल्ला अन्तर्गत मध्यपहाडी लोकमार्गमा अवस्थित प्राकृतिक रूपमा सुन्दर यस अन्नपूर्ण गाउँपालिकाको दशौं गाउँ सभाको बैठकबाट आगामी आ.ब. २०७८/०७९ का लागि स्वीकृत/पारित नीति, कार्यक्रम तथा बजेट समेटिएको बार्षिक गाउँ विकास योजनाको पुस्तक प्रकाशन गरी आम पालिकाबासी समक्ष पस्कन पाउँदा अत्यन्तै खुशी लागेको छ । गाउँपालिका स्थानीय सरकारको रूपमा स्थानीय जनताको सबैभन्दा नजिकको सरकार समेत भएकाले हाम्रो पालिकाले अबलम्बन गरेका क्षेत्रगत नीति तथा कार्यक्रमहरू एवं प्राप्त आम्दानी र खर्चका विवरणहरू जनता सामु प्रस्तुत गरी जानकारी उपलब्ध गराउनु हाम्रो दायित्व र कर्तव्य दुबै हो ।

प्राकृतिक रूपमा निकै मनमोहन, भौगोलिक रूपमा रूपमा ८४० मिटरको उचाई देखि ८०९१ मिटरको उचाईसम्म फैलिएको, कृषि उत्पादनको प्रचुर संभावना रहेको, आन्तरिक र बाह्य पर्यटकीय केन्द्रको रूपमा रहेको अन्नपूर्ण गाउँपालिका प्राकृतिक, ऐतिहासिक, धार्मिक, पर्यटकीय साँस्कृतिक, शैक्षिक व्यापारिक, सामाजिक एवं मानविय विकासका दृष्टिले समेत प्रबल संभावना बोकेको स्थानीय तह हो । आफ्नो गाउँपालिका यिनै संभावनाका क्षेत्रहरूको उजागर गर्नाका लागि गाउँपालिकाको पाश्वचित्र (वस्तुस्थिति विवरण) र प्रथम आवधिक पञ्चबर्षीय योजनाका आधारमा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अबलम्बनबाट आगामी आ.ब. का लागि छुट्टा छुट्टै क्षेत्रगत नीतिहरू तर्जुमा गर्दै प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बाँडफाड,समपूरक अनुदान, सर्शत अनुदानको कार्यक्रमहरू र आन्तरिक श्रोत समेत गरी विनियोजन ऐनले दिएको अधिकार भित्र रही ७२ करोड २५ लाखको बजेट अनुमान प्रस्ताव गरी पारित गरिएको छ । पालिकालाई उपलब्ध सीमित श्रोत साधनलाई महत्व रूपमा सदुपयोग गर्दै जनताको जिवनस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने गरी पूर्वाधार संरचनाहरू तर्फ पक्की र दिर्घकालीन संरचनाहरू निर्माण गर्ने, Highway सम्म जोड्ने लिंक रोडहरूलाई पक्की ढलान सडक निर्माण गर्ने एक घर एक धारा निर्माण मार्फत शुद्ध तथा सफा खानेपानी उपलब्ध गराउने, वडा कार्यालय भवनहरू निर्माण गर्ने, अस्पताल तथा स्वास्थ्य चौकी भवन निर्माण, पर्यटीय पूर्वाधार संरचनाहरू सिढिं बाटो, गोरेटो बाटो निर्माण तथा परम्परागत चौतारो, पोखरीहरू संरक्षण, सम्बर्द्धन गर्ने तथा पर्यटन पदमार्ग निर्माण तथा संभाव्य स्थानहरूको डिपिआर तयार गर्न, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि विभिन्न अनुदान कार्यक्रमहरू र कृषि बजारिकरण पूर्वधार संरचनाहरू निर्माण गर्ने, पशु विकास तर्फ व्यवसायलाई अनुदान, नश्लसुधार, डालेघाँस र पकेट क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्ने, सामुदायिक विद्यालयको शिक्षालाई शैक्षिक आकर्षण केन्द्रको रूपमा विकास गर्ने, उच्च शिक्षा अध्ययन छात्रावृत्ति लगायत पुस्ताकालय, ICT र प्राविधिक शिक्षालय जस्ता कार्यक्रम सञ्चालन गर्ने, आधारभूत स्वास्थ्य सेवामा आम जनताको पहुँच स्थापित गरी कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण तथा व्यवस्थापन गर्ने, कोभिड मैत्री कार्यक्रमहरू सञ्चालन गर्ने, युवाशक्तिलाई सिपमुलक तालिमहरू सञ्चालन गरी उद्यमशिलता विकास गर्ने, महिला, बालिबालिका, आदिवासी जनजाति, अपांग, जेष्ठ नागरिक र लक्षित वर्गका लागि सशक्तिकरण तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू जस्ता थुप्रै कार्यक्रमहरू मार्फत यस गाउँपालिकाको व्यवस्थित विकासको आधारशिलको खाका तय गरी विशेष महत्वपूर्ण रणनितिक योजनाको रूपमा अगाडि सारिएको छ ।

पालिकाबासीहरूका वास्तविक माग र आवश्यकताहरूलाई यथार्थ रूपमा सम्बोधन गर्नु नीति तर्जुमाको एक महत्वपूर्ण पक्ष हो । भने त्यसलाई सफल रूपमा कार्यान्वयन गर्नु अर्को महत्वपूर्ण पक्ष हो । तसर्थ यस गाउँसभाबाट पारित नीति तथा कार्यक्रम र आयोजनाहरूका अधिकाधिक सदुपयोग गरी जनताको वास्तविक जिवनस्तर अभिवृद्धि हुने गरी समूचित रूपमा यथा समय मै कार्यान्वयन गर्नु हाम्रो अर्को महत्वपूर्ण कर्तव्य हो । त्यसैले यस बार्षिक विकास योजनाको सफल कार्यान्वयनका लागि आफू लगायत सिङ्गो गाउँपालिकाका कर्मचारीहरू दिनरात निष्पक्षता र इमान्दारिताका साथ लाग्ने प्रतिवद्धता समेत व्यक्त गर्दै सम्पूर्ण निर्वाचित

जनप्रतिनिधि ज्यूहरू, विषयगत कार्यालयहरू, पालिका स्थित राजनैतिक दलका प्रतिनिधि ज्यूहरू, नागरिक समाज, निजी क्षेत्र विभिन्न संघ संस्था, दातृनिकाय, समाजसेवी, वृद्धिजिवी एवं सम्पूर्ण पालिकाबासीहरूमा हार्दिक अपिल गर्न चाहन्छु ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट राष्ट्रिय नीति तथा कार्यक्रमहरू, बजेट तर्जुमाका मार्ग दर्शक सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन र सम्बद्ध नियम तथा कार्यविधिहरू एवं गाउँपालिकाको आवाधिक योजना तथा गाउँपालिकाका जनप्रतिनिधि ज्यूहरूबाट व्यक्त प्रतिवद्धताका आधारमा आम जनताको सहभागिता र समन्वयात्मक संयोजनबाट तर्जुमा गरिएको छ । गाउँपालिकालाई प्राप्त बजेट रकमबाट मात्र पालिकाबासीहरूका माग र चाहनाहरू सम्बोधन गर्न श्रोत प्रर्याप्त नहुने भएकाले संघीय एवं प्रदेश स्तरीय आयोजना तथा कार्यक्रमहरू समेत थप गरी गाउँपालिकाको विकास दुत गतिमा, अगाडि बढाउन गाउँपालिका अध्यक्ष ज्यू लगायत सबै पदाधिकारीहरू र प्रदेश तथा संघीय माननीय ज्यूहरूको सार्थकपूर्ण भूमिकाको अपेक्षा र विश्वास लिएको छु ।

अन्त्यमा, गाउसभा सम्पन्न गर्ने क्रममा अमूल्य राय सुझाव तथा मार्गदर्शन गरी सहभागिता, समन्वय, सहकार्य गरी सौहार्दपूर्ण वातावरणमा पूर्ण सहमतिय पद्धतिबाट सबैलाई समेटेर निर्णयमा पुग्नुहुने आदरणीय अध्यक्षज्यू लगायत सभाका सम्पूर्ण पदाधिकारी ज्यूहरू, आहोरात्र खट्नु हुने सबै कर्मचारी साथीहरू र प्रत्यक्ष र परोपक्षरूपमा सहयोग गर्नु हुने दलिय प्रतिनिधि ज्यूहरू, बुद्धिजिवी वर्गहरू यस क्षेत्रको प्रतिनिधित्व गर्नु हुने प्रदेशसभा तथा प्रतिनिधि सभाका माननीय ज्यूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । यस प्रकाशनबाट पालिकाको पारदर्शिता, जवाफदेहिता, जिम्मेवारीपनमा अभिवृद्धि हुन गई सुशासन कायम गर्नमा थप सहयोग पुग्दै पारित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट पालिकाबासीको आर्थिक, सामाजिक, साँस्कृतिक तथा समग्र मानविय विकासका पक्षमा सकरात्मक अभिवृद्धि हुनेछ भन्ने आशा र विश्वास व्यक्त गर्दछु । धन्यवाद !

**शेषकान्त पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


| भाग १ | |
|---|---|
| **अन्नपूर्ण गाउँपालिकाको परिचय** | |
| १.१. गाउँपालिकाको संक्षिप्त परिचय | १ |
| १.२ अन्नपूर्ण गाउँपालिकाको भौगोलिक संरचना | २ |
| १.३ वडा विभाजन | २ |
| १.४. भूक्षेत्र (टोपोग्राफी) | २ |
| १.५. गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर | ४ |
| १.६. गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू | ६ |
| १.७. गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध | ६ |
| १.८. नदी तथा खोलानालाहरू | ६ |
| १.९ जनसंख्याको विवरण | ७ |
| **भाग २** | |
| (क) अध्यक्षद्वारा प्रस्तुत मन्तव्य | ८ |
| (ख) उपाध्यक्षद्वारा प्रस्तुत मन्तव्य | १० |
| **भाग ३** | |
| आर्थिक वर्ष २०७७/०७८ मा संचालित योजना र कार्यक्रमहरूको साराशं | |
| २.१. चालु आ.ब. ०७७/०७८ को मसान्त सम्म प्राप्त उपलब्धिहरूः | २१ |
| **भाग ४** | |
| आर्थिक वर्ष ०७७/०७८ को खर्च शिर्षक र कार्यक्रम अनुसार प्रगति विवरण | २६ |
| **भाग ५** | |
| अन्नपूर्ण गाउँपालिकाको आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम | |
| (क) आर्थिक विकास | ४९ |
| (ख) पूर्वाधार विकास | ५५ |
| (ग) सामाजिक विकास | ५८ |
| (घ) वन, वातावरण तथा विपद व्यवस्थापन | ६५ |
| (ङ) सुशासन, संस्थागत विकास तथा सेवाप्रवाह | ६६ |
| **भाग ६** | |
| विनियोजन ऐन,२०७८ | ७१ |

| | |
|---|---|
| **भाग ७** | |
| आर्थिक ऐन, २०७८ | ९७ |
| **भाग ८** | |
| नागरिक वडापत्र | |
| क) राजस्व शाखा | ११८ |
| ख) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र | १२२ |
| ग) संघ संस्था दर्ता, नविकरण | १२२ |
| घ) पञ्जिकरण शाखा | १२२ |
| ङ) योजना शाखा | १२३ |
| च) सहकारी शाखा | १२४ |
| छ) महिला तथा बालबालिका शाखा | १२४ |
| **भाग ९** | |
| अन्नपूर्ण गाउँपालिका जनप्रतिनिधिहरू को विवरण र सम्पर्क नम्बर | १२६ |
| गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण | १२८ |
| अन्नपूर्ण गाउँपालिका अन्तर्गतका वडा सचिव र कर्मचारीहरूको नाम थर र सम्पर्क नं. | १२९ |
| अन्नपूर्ण गाउँपालिका स्वास्थ्य चौकी अन्तर्गतका कर्मचारीहरूको नाम थर र सम्पर्क नं. | १३० |
| **भाग १०** | |
| गाउँसभाको उपस्थिति विवरण | १३२ |
| **भाग ११** | |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन | १३७ |
| **भाग १२** | |
| क्रियाकलापको सामान्य झलकहरू | १३८ |

# भाग १

## अन्नपूर्ण गाउँपालिकाको परिचय

### १.१. गाउँपालिकाको संक्षिप्त परिचय

अन्नपूर्ण गाउँपालिका नेपालका पुरानो प्रशासनिक विभाजन अनुसार कास्की जिल्लामा र हाल गण्डकी प्रदेशमा पर्दछ । अन्नपूर्ण गाउँपालिका भौगोलिक हिसाबले ८३°४२'०"E देखि ८३°५७'०"E पूर्व देशान्तरसम्म र २८°३६'४५"N देखि २८°१५'१५"N उत्तरी अक्षांश सम्म अवस्थित छ । ४१७.७४ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस अन्नपूर्ण गाउँपालिकाको उत्तरमा मनाङ, पश्चिमतर्फ म्याग्दी जिल्ला, दक्षिणमा पर्वत र पोखरा महानगर र पूर्वमा माछापुच्छे गाउँपालिका रहेका छन् । नेपाल सरकारको निर्णयअनुसार मिति २०७३।११।२७ गते साविकका गाविसहरू दाङसिङ, घान्द्रुक, सल्यान, लुम्ले, ढिकुरपोखरी तथा भदौरे तामागी गाउँ विकास समितिका १ र २ वडा समावेश गरी अन्नपूर्ण गाउँपालिका घोषणा गरिएको थियो । शैक्षिक हिसाबमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी १८ वटा मा.वि. र ३९ वटा आ.वि. गरी जम्मा ५७ वटा शिक्षण संस्थाहरू संचालित छन् जसमा २ वटा मा.वि. र ३ वटा आ.वि. मात्र संस्थागत रहेका छन् । मध्यपहाडि लोकमार्गले बिचबाट चिरेर गएको यस गाउँपालिकामा केहि महत्वपूर्ण बजार केन्द्रहरू समेत रहेकाले प्राकृतिक स्रोतसाधन, मानविय विकास र विकासका दृष्टिले प्रचुर संभावना बोकेको नगरोन्मुख गाउँपालिका हो ।

यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी ब्राम्हण (पहाडि) जाति ६,७७४ जना (२८.९३ प्रतिशत), दोश्रोमा कामी ४,८६४ जना (२०.७७ प्रतिशत) र तेस्रोमा गुरूङ ४१६३ (१७.७८ प्रतिशत)हरूको बसोबास रहेको छ । यस गाउँपालिकामा ११ वडाहरू रहेका छन् । गाउँपालिकाको सहरी क्षेत्रको रूपमा विकसित भउका क्षेत्रहरूमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो भने पर्यटन ठुलो सम्भावना बोकेको आर्थिक मेरूदण्ड हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जिवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरू छिमेकी महानगरपालिका तथा अन्य जिल्लामा जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशै, तिहार, होली, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

### १.२ अन्नपूर्ण गाउँपालिकाको भौगोलिक संरचना

अन्नपूर्ण गाउँपालिका भौगोलिक हिसाबले ८३°४२'०“E देखि ८३°५७'०“E पूर्व देशान्तरसम्म र २८°३६'४५“N देखि २८°१५'१५“N उत्तरी अक्षांश सम्म अवस्थित छ । यो गाउँपालिका समुद्री सतहबाट ८४० मिटर उचाईदेखि ८०९१ मिटरसम्मको उचाईमा अवस्थित छ । कास्की जिल्लामा अवस्थित ४१७.७४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस अन्नपूर्ण गाउँपालिकाको उत्तरमा मनाङ, पश्चिमतर्फ म्याग्दी जिल्ला, दक्षिणमा पर्वत र पोखरा महानगर र पूर्वमा माछापुच्छे गाउँपालिका रहेका छन् । यस गाउँपालिकाको उच्च भागहरूमा हिमाली प्रकृतिका खेतीबालीहरू र तल्लो क्षेत्रमा पहाडी क्षेत्रको खेतीबालीहरूको प्रचुर संभावना रहेको छ । जंगल र जलाधार क्षेत्र प्रशस्त भएको यस गाउँपालिका प्राकृतिक श्रोत साधनको दृष्टिले अत्यन्तै धनी छ । फेवा तालको जलाधार क्षेत्रको रूपमा रहेको यस गाउँपालिका सो क्षेत्रको अधेरी खोला लगायत मोदी खोला, भुरूङदी खोला, धोती खोला तथा अन्य साना खोलाहरूमा जनविद्युत उत्पादनको हिसाबले पनि उतिकै संभावना रहेको छ ।

### १.३ वडा विभाजन

| क्र.स. | नयाँ वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|
| १ | १ | ढिकुरपोखरी(१-३) | २२१५ | ६.७२ |
| २ | २ | ढिकुरपोखरी(४,९) | २००४ | २.८१ |
| ३ | ३ | ढिकुरपोखरी (५-८) | ३०९९ | १३.४८ |
| ४ | ४ | भदौरेतमागी (१,२), सल्यान (१-४, ६-८) | २४८३ | १०.५४ |
| ५ | ५ | सल्यान (५,९) | २०३५ | ५.७३ |
| ६ | ६ | लुम्ले (४,६) | १९२६ | ९ |
| ७ | ७ | लुम्ले (१-३, ७-९) | २३३२ | ४४.५६ |
| ८ | ८ | दाङसिङ (१-६) | १९३९ | १२.८७ |
| ९ | ९ | दाङसिङ (७-९) | ११११९ | २९.९३ |
| १० | १० | घान्द्रुक (१-५) | २३१८ | २०.३ |
| ११ | ११ | घान्द्रुक (६-९) | १९४७ | २६१.८ |
| | जम्मा | | २३४१७ | ४१७.७४ |
| | | | | |

### १.४. भूक्षेत्र (टोपोग्राफी)

#### १.४.१ माटोको बनावट र उर्वराशक्ति

अन्नपूर्ण गाउँपालिका समुद्री सतहबाट ८४० मिटर उचाईदेखि ८०९१ मिटर सम्मको उचाईमा अवस्थित रहेको छ । यो गाउँपालिकाको दक्षिण भागमा पहाडी क्षेत्र पर्दछ भने उत्तरी भू-भाग हिमाली क्षेत्र पर्दछ । अन्नपूर्ण गाउँपालिकाको कुल क्षेत्रफल ४१७.७४ वर्ग कि.मि. मा ७२.७४ वर्ग कि.मि. खेतीपातीको लागि उपयोग भएको देखिन्छ । करिब १५५.५६ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने २.५५ वर्ग कि.मि. जलक्षेत्र २१.४७ वर्ग कि.मि. हिउँले ओगटेको छ । प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका पशुपालनको लागि उपयुक्त उर्वर माटोको धनी हुनुका साथै राम्रो जलाधार भएको गाउँपालिका हो । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, तोरी आदी हुन् ।


अन्नपूर्ण गाउँपालिका,कास्की
कास्की जिल्ला
गण्डकी प्रदेश
N
0 1 2 4 6 8
Kilometers
1
2
3
4
5
6
7
8
9
10
Author: Er.Prabhat Paudel @Annapurna Gauplaika

### १.४.२ हावापानी

नेपालको सबैभन्दा धेरै बर्षा हुने ठाउँ लुम्ले यसै गाउँपालिकामा पर्छ । जलवायुको हिसाबले यस गाउँपालिकामा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाईएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि अश्विनको शुरूसम्म गर्मी हुन्छ । अश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा जाडो नै हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरूसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको तापक्रम औषत अधिकतम २३.८ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ५ डिग्री सेल्सियससम्म पुग्छ । यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिईएको छ । हालसम्म सबैभन्दा बढि वर्षा ९ जुलाई २०१७ मा ३०८.३ मि.मि. वर्षा भएको छ ।

| सि.न. | महिना | औषत अधिकतम तापक्रम | औषत न्यूनतम तापक्रम | वर्षा मि.मि. |
|---|---|---|---|---|
| १ | बैशाख | १३.६ | ५ | ३२.४ |
| २ | जेष्ठ | १५.२ | ६.३ | ४९.३ |
| ३ | आषाढ | १९.४ | ९.६ | ६७.६ |
| ४ | श्रावण | २२.८ | १२.६ | १११ |
| ५ | भाद्र | २३.२ | १४.३ | ३१९.१ |
| ६ | आश्चिन | २३.८ | १६.६ | ८८५.९ |
| ७ | कार्तिक | २३.४ | १७.५ | १४६८.९ |
| ८ | मंसिर | २३.६ | १७.४ | १४४१.३ |
| ९ | पुष | २२.८ | १६.३ | ८८६.२ |
| १० | माघ | २१.२ | १३ | २०५.५ |
| ११ | फाल्गुण | १८ | ९.२ | २५.२ |
| १२ | चैत्र | १४.९ | ६.२ | २२.२ |

### १.५. गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत ग्रामीण तथा हिमाली पर्यटन, यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, वैदेशिक रोजगार, तथा पशुपालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस अन्नपूर्ण गाउँपालिको गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । गाउँपालिका रहेको खेती योग्य जमिनमा खाद्यन्नको साथै अन्य नगदे तरकारी बाली, तोरी, तरकारी तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकत लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सिप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बिउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकामा रहेको अत्यन्तै उर्वर भूमिमा बस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको

देखिन्छ । जथाभाबी हुने गरेको बस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रूपमा विकसित गर्न सकिन्छ । गाउँपालिका को ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र- कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिने छ । जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त समभावना देखिन्छ ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिका गहनाको रूपमा अन्नपूर्ण हिमाल लगायत हिमालहरू विभिन्न मठ मन्दिर तथा यहाँको लोक साँस्कृति आदि छन् । विश्वमा नै पदयात्राको लागि ख्याति कमाएको अन्नपूर्ण पदमार्ग, घान्द्रुक होमस्टे र घोडेपानी पदमार्ग यसै गाउँपालिकामा रहेका छन् । अन्नपूर्ण हिमाल, माछापुच्छे हिमाल लगायत हिमाली क्षेत्र भएको तथा घान्द्रुक, लान्द्रुक, तातोपानी, घोरेपानी तथा पुनहिल जाने पदमार्ग, हिड्न लेक लगायत अथाह पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरू भएको तथा अहिलेको अवस्थामा पनि पर्यटकीय आवागमन उल्लेख्य रहेको हुँदा यसको उचित विकाश गरी समग्र गाउँपालिकाको आर्थिक विकास गर्न सकिन्छ । गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू, जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

देशमा बेरोजगारी बढ्दै गईरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका युवाहरूलाई सिपमूलक तथा व्यवसायिक तालिम प्रदान गरी गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त अन्नपूर्ण गाउँपालिका विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, पर्यटकीय, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साहसिक पर्यटन, हिमाली पदयात्राको पनि उत्तिकै सम्भावना छ ।
- तरकारी, पशुपालन, जडिबुटी तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकाले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ । गाउँपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत पानी सिँचाई गरी व्यवसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय बासिन्दाले भरपुर सुविधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- यस गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ । गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।

### १.६. गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस अन्नपूर्ण गाउँपालिकाका सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

**अवसर र सम्भावनाहरूः**

» गण्डकी प्रदेशको राजधानी पोखरासँग जोडिएको

» वन, उर्वर कृषि जमिन, नदी नाला र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।

» शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।

» जनसांख्यिक लभांशको अवसर उपलब्ध हुनु ।

» पर्यटनको प्रचुर सम्भावना अन्नपूर्ण हिमाल, घान्द्रुक, घोरेपानी पदमार्ग, Hidden Lake

**समस्या तथा चुनौतीहरूः**

» पर्यटन व्यवसायबाट सिमित व्यक्तिहरू मात्रै लभान्वित हुनु ।

» गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगभन्दा, कलकारखाना नहुनु ।

» गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको उचित व्यवस्थापन हुन नसक्नु ।

» गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।

» कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।

» आयस्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु । आकाशे पानीमा निर्भर सिचाई

» परम्परागत कृषि प्रणाली तथा वर्षेनि ढुवान तथा कटानको समस्या कृषियोग्य भूमि खण्डितकृत हुँदै प्रयोग बिहिन हुनु ।

### १.७. गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध

स्थानीय निकायहरूको बिच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धमा प्रकृति र दुरी स्थानीय निकायहरू बिच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नुपर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिका तथा गाउँबाट आउने गरेको देखिन्छ । पहाडि क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू पोखरा भित्रिने गर्दछन् । रोजगारको लागि पहाडबाट पोखरा झर्ने प्रचलन रहेको देखिन्छ । साथै, यस गाउँपालिकाको छिमेकी म.न.पा., गाउँपालिका, सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्बन्ध रहेको छ ।

### १.८. नदी तथा खोलानालाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरू फैलिएर रहेका नदि नाला, खोला र उत्तरका हिमालहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिईरहेको पाइन्छ । साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरूपमा

सिँचाइको लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव बस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरि चराउ र उपयोगले प्राकृतिक नदी-खोला तथा पोखरीमा भू-क्षय भई पुरिने क्रम खोला, भुरुङ्गी खोला, क्योम्रोरोङ् खोला लगायतका खोला, नदी यस गाउँपालिकामा रहेका प्रमुख खालाको रूपमा रहेको छ ।

## १.९ जनसंख्याको विवरण

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेशण आवश्यक हुन्छ । नेपालमा गाउँपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

**तालिका नं. ३ जनसंख्याको विवरण**

| विवरण | वि.स. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | २३४१७ |
| पुरूष | १०५९७(४५.२५ प्रतिशत) |
| महिला | १२८२०(५४.७५ प्रतिशत) |
| लैगिक दर(प्रति सय महिलामा पुरूषको संख्या) | ८२.६६ |
| जम्मा घरधुरी | ६०२९ |
| औषत परिवार आकार | ३.८८ |
| ६ वर्ष र सो भन्दा माथिको साक्षरता दर | ८९.६९ |
| जनघनत्व (प्रतिवर्ग कि.मि.) | ५६ |

स्रोतः राष्ट्रिय जनगणना २०६८

माथिल्लो तालिका अन्नपूर्ण गाउँपालिका जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार अन्नपूर्ण गाउँपालिका जनसंख्या २३,४१७ रहेको छ जस मध्ये पुरूष ४५.२५ प्रतिशत (१०,५९७) र महिला ५४.७५ प्रतिशत (१२,८२० जना) रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (setio) प्रति १०० महिलामा पुरूषको संख्या ८२.६६ रहेको छ । जनघनत्व (प्रति वर्ग कि.मि. मा रहेको जनसंख्या) ५६ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५६.८४ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका ३१.३४ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ११.८२ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार अन्नपूर्ण गाउँपालिकामा ६०२९ घरपरिवार रहेका छन् । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गा.पा. को कुल जनसंख्या मध्ये २.९३ प्रतिशत (६८६ जना) अपाङ्गता भएकाहरू रहेका छन् । जसमध्ये ३७१ जना पुरूष र ३१५ जना महिला छन् । हाल यस गाउँपालिकामा प्रति परिवार औषत ३.८८ जना सदस्य रहेको देखिन्छ । नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ । देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ ।

# भाग २

## दशौ गाउँसभामा प्रस्तुत मन्तव्य

### क) अध्यक्षद्वारा प्रस्तुत मन्तव्य

अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, गाउँकार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, सबै राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण स्थानीय गाउँपालिकाबासीहरू, सञ्चारकर्मी/पत्रकारज्यूहरू सबैलाई गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित दशौं गाउँसभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नु हुने ज्ञात अज्ञात वीर सहिदहरूप्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । शहीदहरूका सपना र अग्रजहरूको मार्गदर्शन बमोजिम नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ । विश्वस्तरमै यस महामारीविरूद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपयार्प्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ, अरू लाखौं सङ्क्रमित छन् । यस महामारीबाट सङ्क्रमित भई नेपालभित्र र नेपालबाहिर जीवन गुमाउनुहुने तथा अन्य मित्रराष्ट्रका नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

आज सारा विश्व यस साझा तर अदृष्य दुश्मनका विरूद्ध कठिन युद्ध लडिरहेको छ । मानवजातिले जित्नैपर्ने यो युद्ध कहिले र कसरी समाप्त होला भन्ने भय, चिन्ता र अन्यौल व्याप्त छ । यतिबेला विश्व समुदायबीच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशावादको ठूलो खाँचो छ । यस महामारीबाट हुने आर्थिक क्षतिको पूर्ति त आगमी दिनमा हुनसक्छ, प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ, समाज फेरि समृद्ध बन्न सक्छ तर गुमेको अमूल्य मानव जीवनको पून:प्राप्ति र क्षतिपूर्ति हुन सक्दैन । त्यससँगै क्षति हुने मानवीय पुँजी, दक्षता, विज्ञता र विचारको क्षति पनि अपूरणीय हुन्छ । त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातिको संरक्षण सरकार र गाउँपालिकाको सर्वोच्च कर्तव्य हुन आएको छ ।

अन्नपूर्ण गाउँपालिकाको दशौं सभा मार्फत गाउँपालिकाको वार्षिक बजेट सम्बन्धी ऐतिहासिक पाँचौ नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । अन्नपूर्ण गाउँपालिकाको विकासका निम्ति नीति, योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरूमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू, लगायत निर्वाचित जनप्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, विभिन्न राजनीतिक, सामाजिक, शैक्षिक, प्रशासनिक तथा गाउँपालिका बासी दाजुभाई, दिदीबहिनीहरू सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रबल सम्भावना भएको पालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु केही चुनौतिहरू विद्यमान छन् । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरूको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रर्वद्धन

गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वनजङ्गलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै पालिका वासीहरूमा आफ्नै ठाउँमा रही केही गर्ने वातावरण सृजना गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी स्थानीय सरकारको रूपमा हाम्रो सामु रहेका छन् ।

जनताको सबैभन्दा नजिकको सरकारको रूपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरूलाई सम्वोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्न यस पालिकालाई "**कृषि, पर्यटन र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**"को दीर्घकालीन भिजन तय गरी पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरू तय गर्दै कार्यान्वयन गर्दै आईरहेहको सन्दर्भमा गाउँपालिकाको स्थापना र जनप्रतिनिधिकको बहाली प्रश्चात बिगत चार वर्षमा भए गरेका मुख्य-मुख्य उपलब्धिहरूलाई संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।

**उपस्थित गाउँसभाका सदस्यहरू,**

अन्त्यमा, नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपाली, गण्डकी प्रदेश सरकारको समृद्ध प्रदेश र सुखी नागरिक र हाम्रो पालिकाको समुन्नत र समृद्ध अन्नपूर्ण गाउँपालिका भन्ने मूल भावनामा रहेर प्रस्तुत नीति तथा कार्यक्रम तयार पारिएकोछ । यसका लागि स्थानीय मागका सशक्त योजना निर्माण, प्रभावकारी कार्यान्वयन, व्यक्तिगत चाहना भन्दा माथि उठेर सहभागितामा आधारित विकासको साझा पहल आवश्यक छ । नीति तथा कार्यक्रम तर्जुमाको शिलशिलामा हरबखत अमुल्य सुझावहरू दिई सहयोग गर्नु हुने सम्पूर्ण श्रद्धेय गाउँपालिकाका मेरो टिमका पदाधिकारी तथा कर्मचारी साथिहरू, गाउँपालिका स्थित राजनैतिक दलका पदाधिकारीज्यूहरू लगायत सबै पक्षको विकासप्रतिको एकता, सम्बेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी एवमं सबै निर्वाचित पदाधिकारीहरू बीच रहेको उच्च स्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रो लागि अत्यन्त महत्वपूर्ण रहयो, यसप्रति सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

पुनः कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यता र प्राथमिकताहरूलाई नै बदलि दिएकोछ । त्यसैगरी, यसले हरेक मुलुको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि गम्भिर असर पारेको छ । यस्तो अवस्थामा हामीले प्रवाह गरिने सार्वजनिक वस्तु र सेवाको पुनः प्राथमिकिकरण गर्नुपर्ने भएको छ । हामीले हाम्रो पालिकालाई कसरी कोभिड मुक्त गराउँदै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन गर्ने भन्ने चुनौतीसँग जुध्दै महामारीको सुरूवाती चरणदेखि नै यससँग जुध्न विशेष भूमिका निर्वाह गरेकोले नै वास्तवमै संघीय व्यवस्थाको औचित्य स्थापित भएको छ । जनताको घरदैलोको सरकारको रूपमा आगामी दिनमा आउने प्रतिकुल परिस्थितिको सामना गर्न हामीले आफूलाई अझ बढि व्यवस्थित रूपमा पूर्व तयारी गर्नुपर्ने अवस्था छ । विगत वर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालीन नीति, कार्यक्रम र यस नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा अन्नपूर्ण गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक, सामाजिक, साँस्कृतिक एवमं मानव विकासको क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनको लागि सम्वद्ध सबै पक्षहरूबाट सदाझै सहयोग, सुझावहरूको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दै, पुन सबैमा धन्यवाद सहित बिदा हुन्छु ।

जय अन्नपूर्ण । जय नेपाल

**युवराज कुंवर**
अध्यक्ष,
अन्नपूर्ण गाउँपालिका, कास्की ।

## ख) उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट मन्तव्य

श्रद्धेय अध्यक्ष महोदय,

प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, गाउँकार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, सबै राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण स्थानीय गाउँपालिकाबासीहरू, सञ्चारकर्मी/पत्रकारज्यूहरू सबैमा अन्तरआत्मा देखि गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को बजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु ।

सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरू प्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । शहिदहरूका सपना र अग्रजहरूको मार्गदर्शन वमोजिम नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने र संवैधानिक व्यवस्थालाई सहि र सकारात्मक कार्यान्वियनको यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

अन्नपूर्ण गाउँपालिकाको दशौं गाउँसभामाको दोस्रो बैठक मार्फत गाउँपालिकाको दशौ गाउँसभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रम अनुसारको आगामी आ.व. २०७८/०७९ को ऐतिहासिक पाँचौ वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई गर्ब महसुस भएको छ ।

अन्नपूर्ण गाउँपालिकाको समग्रको विकासको खाका तयार गर्नका लागि नीति कार्यक्रम तथा बजेट तर्जुमाका विभिन्न चरणहरूमा सहयोग पुराउनु हुने हाम्रो गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू तथा गाउँपालिका बासी दाजुभाइ, दिदी बहिनीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरूको हाम्रो टिम गाउँपालिकाका आधारभूत पूर्वाधार संरचनाहरू निर्माण गर्ने र जनताका आर्थिक सामाजिक रूपान्तरणका लागि नियमित प्रयासरत रहेको छ । हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना बोकेको पालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामू केही चुनौतिहरू विद्यमान छन् । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरूको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने प्रकृतिक स्रोत साधन वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै पालिका वासीहरूमा आफ्नै ठाउमा रही केही गर्ने वातावरण सृजना गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी स्थानीय सरकारको रूपमा हाम्रो सामू रहेका छन् ।

अधिकारमा आधारित विकासको अवधारणा अनुसार स्थानीय बासीहरूलाई विकास मूल प्रभाहिकरण गर्ने र गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने अवस्था सुनिश्चित गर्नका लागि जनताको सबैभन्दा नजिकको सरकारको रूपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरूलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्नका लागि यस पालिकालाई “कृषि, पर्यटन र पूर्वाधार, अन्नपूर्ण

समृद्धिको आधार" को दीर्घकालिन लक्ष्य तय गरी पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्दै आइरहेको सन्दर्भको प्रस्तुत बजेट स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अन्नपूर्ण गाउँपालिकाको आवधिक प्रथम पञ्चवर्षीय योजना २०७५/०७६-२०८०/०८१, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरू, दिगो विकासका लक्ष्यहरू, क्षेत्रगत राष्ट्रिय नीतिहरू तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरू र सो सम्वद्ध नियमावली एवम् कार्यविधिहरूले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयाका चरणहरू अवलम्वन गरी सहभागिता मुलक ढंगले बजेट तर्जुमा गरिएको छ ।

प्रस्तुत बजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, बिगत आ.व देखि गाउपालिकाले लिएको नीति तथा कार्यक्रम र विभिन्न माध्यमहरू बाट गरिएको प्रतिवद्धता एवं घोषणा तथा गाउँ कार्यपालिकाका निर्णयहरू बमोजिम यस गाउँपालिकाको आगामी आ.ब. को लागि कायम हुने बजेट सीमा भित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक, २०७८ सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक, २०७८ बार्षिक विकास कार्यक्रम,२०७८ पेश गरेको छु ।

आगामी आ.व को लागि प्रस्तुत बजेटका सिद्धान्त तर्जुमा गर्दा मैले स्थानीय सरकारको अधिकार सूची, केन्द्र सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई र यस गाउँपालिकाको नीति तथा कार्यक्रमलाई ध्यान दिई ग्रामीण पँहुच मार्गहरू निर्माणमा जोड दिदै जनताको आर्थिक, सामाजिक अभिवृद्धि र तीव्र, उच्च, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रित गर्न खोजेको छु ।

ग्रामीण क्षेत्रको भौगोलिका अवस्था, छरिएर रहेको बस्ती, जटिल भूगोलका कारण हाम्रो पूर्वाधार विकास महंगो र खर्चिलो भएको हुँदा स्थानीय जनअपेक्षा र निर्वाचित प्रतिनिधिहरूको विकास प्रतिको तिव्र चाहानालाई सम्बोधन गर्न ठूलो आकारको बजेटको आवश्यकता पर्ने देखिन्छ । गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधनबाट जनताको असिमित आवश्यकताहरूलाई पुरा गर्न कठिनाई भएतापनि प्राप्त स्रोत साधनको समुचित उपयोग हुने गरी स्रोत साधनको बाँडफाँडको व्यवस्था मिलाईएको छ । हामीले अबलम्बन गरेको शासन व्यवस्था संघीय राज्य प्रणाली भएकोले विकास निर्माणका ठुला र मध्यम स्तरका पूर्वाधार संरचनाहरू निर्माण गर्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग सहकारिता, सहअस्तिव र समन्वयको सिद्धान्तमा आधारित भई गाउँपालिकाबाट आवश्यक कार्यहरू समन्वयत्मक रूपमा अगाडि बढाईएको नै छ । ठुला पूर्वाधार संरचनाहरू मध्ये गाउँपालिका स्तरको १५ शैयाको अस्पताल, लान्द्रुक अन्नपूर्ण गाउँपालिका बृहत खानेपानी आयोजना, काँडे-भदौरे-सल्यान ग्रामीण सडक, बिरेठाँटी-तिखेढुङ्गा ग्रामीण सडक, बिरेठाँटी-घान्द्रुक ग्रामीण सडक, लुम्ले-चन्द्रकोट-लान्द्रुक ग्रामीण सडक लगायतका अन्य केही आयोजनाहरू ठुला आयोजनाका रूपमा अन्तर सरकार समन्वयको ढाँचामा कार्यान्वयन भईरहेका छन् । संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा रहेकोले अन्तर सरकारको समन्वयलाई मजबुत र प्रभावकारी बनाउदै गाउँपालिकालाई प्राप्त सिमिति स्रोत साधन समूचित उपयोग गरी सबै क्षेत्रहरूलाई समेटि समयमै कार्यन्वयन गर्न सक्ने गरी बजेट बाँडफाड गरिएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**प्रस्तुत आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेटका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

१। विश्वव्यापी कोरोना भाइरस (कोभिड-१९) बाट स्थानीय जनताहरूलाई सुरक्षित राख्ने एवं संक्रमणको सामना गरी जनतालाई स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिलाउने, नागरिक सुरक्षाको निम्ती कोभिड-१९ विरूद्धको खोप लगाउने

व्यवस्था मिलाउने,

२। कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भताका साथ निर्यात गरी आयआर्जनको माध्यम बनाउने,

३। आर्थिक विकास, गरिवी निवारण, सामाजिक न्याय र समतामूलक विकासको अवधारणालाई अगाडि बढाउदै अन्नपूर्ण बासी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,

४। पर्यटकीय पूर्वाधार संरचनाहरूको निर्माण गर्दै पर्यटन क्षेत्रको समूचित विकास गरी आयआर्जनको महत्वपूर्ण स्रोतको रूपमा पर्यटन क्षेत्रको विकास गर्ने,

५। उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गरी जनताको जीवनस्तर अभिवृद्धि गर्ने,

६। बैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएका युवा शक्तिहरूलाई स्थानीय तहमा नै स्वरोजगार र आय आर्जनका क्षेत्रमा उत्प्रेरित गरी स्थानीय स्रोत, साधन, सीपको अधिकतम उपयोगका साथ स्थानीय रोजगारी अभिवृद्धि गर्ने,

७। महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गराउने साथै लैङ्गिक समानता र सामाजिक समावेशीकरण र सामाजिक सदभाव अभिवृद्धि गर्ने,

८। दिगो र सन्तुलित विकास, वातावरणीय संरक्षण, तथा सम्वर्द्धन गर्दै दिर्घकालिन विकासको अवधारणालाई सघाउ पुऱ्याउने,

९। जनशक्ति विकासको महत्वपूर्ण माध्यमको रूपमा शिक्षाको विकास गरी भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव, सामाजिक एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

१०। अन्नपूर्ण बासी जनताको जीवनस्तर वृद्धि गरी सुखी नेपाली, समृद्ध नेपालको राष्ट्रिय लक्ष हासिल गर्नका लागि सम्मुनत र समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने,

११। अन्नपूर्ण गाउँपालिकाको सम्भावनाका क्षेत्रहरूको उजागर गरी पालिकाबासीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनको उचित व्यवस्थापनका साथ ग्रामीण बस्तीहरूलाई आकर्षक केन्द्रको रूपमा विकास गर्दै ग्रामीण बसाईसराईलाई नियन्त्रण गरी बस्न योग्य गाउँको रूपमा विकास गर्ने ।

सम्मुनत र समृद्ध अन्नपूर्ण निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले अनुशरण गरेको “कृषि, पर्यटन र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार” भन्ने दिर्घकालीन दृष्णिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०७८।७९ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

१। कोभिड-१९ को प्रभाव र त्यसको दोस्रो भेरियन्टको संक्रमणबाट बच्नका लागि आवश्यक पूर्व तयारीहरूको व्यवस्था गर्दै जनतालाई कोभिड विरूद्धको खोप लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक रकम अभाव हुन नदिने गरी बजेट व्यवस्था गरिएको छ ।

२। जनतामा आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूतिको लागि स्वास्थ्य चौकीहरूको स्थापना एवं संचालन गरी आधारभूत स्वास्थ्य सेवाको नियमित व्यवस्थाका साथै उपचारात्मक सेवाका लागि पालिकास्तरको अस्पताल निर्माण कार्य अगाडि बढाईएको,

३। युवा शक्तिहरूलाई स्वदेशमा रही केही गर्न र माहामारीका कारण वैदेशिक तथा स्वेदशमा रोजगारी गुमाएका व्यक्तिहरूका लागि सिप विकास तथा आयआर्जन तथा रोजगारीको प्रत्याभूतिका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र विभिन्न सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको,

४। भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरूलाई जोड्ने रणनीतिक महत्वका सडकहरूको स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको साथै सडकहरूको स्तरोन्नतीको लागि पक्की ढलान सडक निर्माणका लागि उचित बजेट व्यवस्था गरिएको,

५। गाउँपालिकाको प्रशासनिक केन्द्रको जग्गा प्राप्ति र गाउँपालिका अन्तर्गतका वडाका वडा कार्यालय भवनहरू, विद्यालय भवन लगायतका पूर्वाधार संरचनाहरू र अन्य संघसस्था सामुदायिक भवन निर्माण गर्नका लागि बजेट व्यवस्थापन गरिएको,

६। स्थानीय गोरेटो, घोडेटो तथा सिढिबाटो निर्माण तथा सडक पूल र झोलुङ्गे पूलहरू निर्माण गर्ने कार्यका लागि आवश्यक बजेट व्यवस्था गरिएको,

७। गुणस्तरीय र समुचित खानेपानीको व्यवस्थापनका लागि लान्द्रुक अन्नपूर्ण गाउँपालिका बृहत खानेपानी आयोजना, समथल खोला खानेपानी आयोजना लगायतका ठुला तथा विभिन्न साना खानेपानी आयोजना मार्फत यस गाउँपालिका बासीहरूको प्रत्येक घरमा एक घर एक धारा जडान अभियान कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ आवश्यक बजेट व्यवस्था गरिएको,

८। गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधारहरूको निर्माण, शिक्षक तथा विद्यार्थीहरूको उत्प्रेरणा अभिवृद्धि, प्राविधिक शिक्षाका लागि अन्नपूर्ण बहुप्राविधिक शिक्षालय स्थापना एवं संचालन र सिपयुक्त जनशक्ति विकासका क्षेत्रलाई प्राथामिकतामा राखी आवश्यक बजेट व्यवस्था गरिएको,

९। कृषि क्षेत्रको उत्पादन उत्पादकत्व अभिवृद्धि, एक घर एक बहुपोषणयुक्त करेसाबारी, विभिन्न पकेट क्षेत्र कार्यक्रमहरू र अनुदानका कार्यक्रम मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण तथा जग्गा चक्लाबन्दी जस्ता कार्यका लागि बजेट व्यवस्था गरिएको,

१०। पर्यटन पूर्वाधारहरूको निर्माण र विकासका साथ अन्नपूर्ण गाउँपालिका भित्रका पर्यटकीय सम्भावनाका क्षेत्रहरूको समूचित विकास गर्दै यस गाउँपालिकालाई पर्यटकीय हवको रूपमा विकास गर्न उचित बजेट व्यवस्था गरिएको,

११। केन्द्रिय प्रशारण मार्फत ग्रामीण विद्युतिकरणको विस्तार एवं यस गाउँपालिका भित्रको जलस्रोतको समुचित उपयोग गर्दै उर्जाको विकास र विस्तार तथा विद्युतिकरण एवं अन्नपूर्ण बासीहरूलाई जलविद्युतको एक घर एक शेयर सदस्य बनाउने,

१२। आयआर्जन, क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गरी गाउँपालिकालाई आकर्षण

केन्द्रको रूपमा स्थापित गर्ने,

१३। परम्परागत संस्कृति, मठमन्दिर, गुम्बा तथा धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण तथा सम्वर्द्धन र घरेलु तथा साना उद्योगहरूको एवं सहकारी क्षेत्रको विकास गर्ने,

१४। महिला, बालबालिका, आदीवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायत पछाडि परेका वर्गको उत्थान तथा विकासका र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने,

१५। युवा क्लब तथा विभिन्न सामाजिक संघ सस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि एवम् खेलकुद पूर्वाधार संरचनाहरूको निर्माण गर्ने,

१६। सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वन वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन र वातावरण मैत्री विकासलाई अगाडि बढाउने,

१७। यस गाउँपालिकाबाट प्रवाह गरिने सेवा लाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत, संस्थागत र जनशक्ति विकासको कार्यलाई उच्च प्राथमिकतामा राखिएको,

१८। विकास निर्माण र सेवा प्रवाहको कार्यलाई स्थानीय जनताहरूको सहभागितामा विभिन्न सामाजिक संघसंस्था, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजको उचित समन्वयमा अगाडि बढाउने गरी व्यवस्था मिलाईएको छ ।

श्रद्धेय अध्यक्ष महोदय,

म आगामी आ.व.को बजेटप्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०७६ / ०७७ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०७७ / ०७८ संशोधित आय/व्यय विवरण संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहान्छु ।

आय/व्ययको विवरण

| क्र.स. | विवरण | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/७८ का संशोधित अनुमान |
|---|---|---|---|
| १ | चालु खर्च | ३६ करोड ५० लाख ९ हजार ३ सय ९२ | ४४ करोड ३० लाख ५० हजार ७ सय ४ |
| २ | पुँजिगत खर्च | २२ करोड ६५ लाख ३९ हजार ७ सय ८८ | २५ करोड ९३ लाख ४६ हजार ९ सय ६१ |
| जम्मा | ५९ करोड १५ लाख ४९ हजार १ सय ८० | ७० करोड २३ लाख ९७ हजार ६ सय ६५ | |

यस गाउँपालिकालाई आगामी आ.व. २०७८/०७९ को लागि स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**अगामी आ.ब. २०७८/०७९ को प्रस्तावित आय विवरण**

| क्र.स. | स्रोत/शिर्षकहरू | रकम रू. |
|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | १० करोड ५७ लाख |
| २ | संघीय राजस्व बाडँफाडँ | ८ करोड ७० लाख ८४ हजार |
| ३ | संघीय शशर्त अनुदान | २८ करोड ५८ लाख |
| ४ | संघीय समपुरक अनुदान | २ करोड ८ लाख |
| ५ | संघीय बिशेष अनुदान | ८७ लाख |
| ६ | प्रदेश समानिकरण अनुदान | १ करोड १९ लाख ६० हजार |
| ७ | प्रदेश राजश्व बाँडफाँड | ५२ लाख ७८ हजार |
| ८ | आन्तरिक आय | २ करोड |
| ९ | अघिल्लो वर्षको अल्या | ५ करोड ५ लाख |
| १० | गरिबसँग विश्वेश्वर | ८ लाख |
| ११ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४ लाख |
| १२ | सामाजिक सुरक्षा कार्यक्रम | १५ करोड ५४ लाख ७८ हजार |
| जम्मा | | ७५ करोड २५ लाख |

| अगामी आ.ब. २०७८/०७९ को प्रस्तावित व्यय विवरण | | |
|---|---|---|
| क्र.स. | स्रोत/शिर्षकहरू | रकम रू. |
| १ | संघीय शशर्त अनुदान | २८ करोड ५८ लाख |
| २ | संघीय समपुरक अनुदान (काडे-भदौरे-सल्यान ग्रामीण मोटरबाटो) | २ करोड ८ लाख |
| ३ | चालु खर्च (गाउँपालिका तथा वडा कार्यालय संचालन) | ६ करोड ८० लाख |
| ४ | विषयगत समिति तर्फ | २० करोड ७३ लाख |
| ५ | गरिबसँग विश्वेश्वर | ८ लाख |
| ६ | कन्टिनजेन्सी | ५२ लाख २२ हजार |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४ लाख |
| ८ | सामाजिक सुरक्षा कार्यक्रम | १५ करोड ५४ लाख ७८ हजार |
| ९ | बिशेष अनुदान (नागडाँडा-सिम्पाली ग्रामीण खानेपानी आयोजना) | ८७ लाख |
| जम्मा | | ७५ करोड २५ लाख |

उल्लेखित आगामी आ.ब को लागि प्रस्ताव गरिएको आय तथा व्यय विवरण गत आ.ब. २०७६/०७७ को वास्तविक खर्च रकम रू.५९ करोड १५ लाख ३९ हजार १ सय ८० भन्दा रू. १६ करोड ९ लाख ५० हजार ८ सय २० (२७.२१ प्रतिशत) ले बढि र चालु आ.ब. को संसोधित व्ययमा रकम रू. ७० करोड २३ लाख ९७ हजार ६ सय ६५ भन्दा रू. ५ करोड १ लाख २ हजार ३ सय ३५ (७.१३ प्रतिशत) ले बढि रहेको छ ।

श्रद्धेय अध्यक्ष ज्यू,

माथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.ब २०७८/०७९ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरी प्रस्ताव गरेको छु ।

**१. पूर्वाधार विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रू. १६ करोड ९६ लाख २२ हजार रहेको छ, जुन कुल व्यय अनुमानको २२.५४ प्रतिशत रहेको छ ।

**यस समिति अन्तर्गतका मुख्य-मुख्य आयोजनाहरूः**

- यस गाउँपालिकाका सबै वडाहरूलाई मध्यपहाडि लोकमार्गसँग जोड्न र सबै सडकहरूलाई बाह्रै महिना संचालनमा ल्याई सडक पँहुच स्थापित गर्नका लागि रू. ५० लाख र अन्नपूर्ण गाउँपालिकाको चक्रपथ निर्माण र अन्य सडक निर्माण एवं स्तरोन्नती गर्नका लागि विशेष प्राथमिकताका साथ रू. ५ करोड ७० लाख बजेट विनियोजन गरिएको छ ।

- गाउँपालिकाको गौरवको आयोजनाका रूपमा नागडाँडा स्वास्थ्य चौकीमा १५ शैयाको अस्पताल निर्माण गर्नका लागि करिब १९ करोड लागत अनुमानको आयोजना चालु आ.ब. मा ठेक्का प्रकृयाबाट शुरूवात गरी आगामी आ.ब.मा सम्पन्न गर्ने गरी अगाडि बढाईएको छ ।

- अन्नपूर्ण गाउँपालिका अन्तर्गतको रणनीतिक महत्वको सडकको रूपमा रहेका सडकहरू मध्ये ठुला आयोजनाका रूपमा काँडे भदौरे सल्यान ग्रामीण सडक निर्माणका लागि चालु आ.ब. मा रू. ४ करोड ५० लाखको ठेक्का गरी निर्माण कार्य सुरूवात गरिएकोमा आगामी आ.ब.मा समेत रू. ४ करोड ५० लाख को निर्माण कार्य गर्ने गरी बजेट व्यवस्थापन गरिएको, त्यस्तै बिरेठाँटी देखि तिखेढुङ्गा सम्मको सडक निर्माण गर्नका लागि आगामी आ.ब.मा प्रदेश सरकारको समपूरक अनुदान र गाउँपालिकाको सहभागिताबाट रू. २ करोड बजेट बिनियोजन गरिएको र लुम्ले चन्द्रकोट लान्द्रुक सडक निर्माण तथा स्तरोन्नती गर्नका लागि रू. २३ लाख बजेट बिनियोजन गरिएको छ ।

- वडा स्तरीय पूर्वाधार संरचना निर्माण गर्नका लागि यस गाउँपालिका अन्तर्गतका ११ वटै वडाहरूका लागि रू. १ करोड ७७ लाख बजेट बिनियोजन गरिएको छ ।

- यस गाउँपालिका अन्तर्गतका निर्माण गर्नुपर्ने वडा कार्यालय भवन निर्माणका लागि जिल्ला समन्वय समिति कास्कीको साझेदारीमा गत वर्ष देखि शुरू भई हालसम्म वडा नं. १ र वडा नं. ७ को वडा भवन निर्माण सम्पन्न गरि सकिएको छ भने वडा नं. ३, ४, ५ र ८ को वडा कार्यालय चालु आर्थिक वर्ष भित्रै सम्पन्न भईसक्ने छन् भने आगामी आ.ब. भित्र वडा नं. ९, ११ र वडा नं. ६ को वडा कार्यालय निर्माण सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरिएको छ ।

- गाउँपालिका अन्तर्गतका आवश्यक मोटरेवल पुलको बिस्तृत परियोजना प्रतिवेदन तयारी तथा सम्भाव्य झोलुङ्गे पुल निर्माण गर्नका लागि रू. ६६ लाख बजेट विनियोजन गरिएको छ ।

**२. आर्थिक विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रू. ४ करोड ४ लाख रहेको छ, जुन कुल व्यय अनुमानको ५.३७ प्रतिशत रहेको छ ।

**यस समिति अन्तर्गतका मुख्य-मुख्य आयोजना तथा कार्यक्रमहरूः**

- कृषि उत्पादन र उत्पादकत्वको अभिवृद्धि र कृषि क्षेत्रको आय आर्जनको महत्वपूर्ण क्षेत्रको रूपमा विकास गर्नका लागि कृषि तथा पशु विकास तर्फ सर्शत अनुदानको कार्यक्रम अतिरिक्त रू. ५० लाख बजेट बिनियोजन गरिएको छ ।

- कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत एक घर एक बहुपोषण युक्त करेसाबारी, कफि, कोदो, सुन्तला र आलु पकेट क्षेत्र कार्यक्रम तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमका लागि रू. ३५ लाख र विभिन्न अनुदानका कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

- यस गाउँपालिका अन्तर्गतको आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा रहेका पूर्वाधार संरचनाहरू निर्माण गर्नका लागि प्रति वडा रू.१० लाखको दरले रू.१ करोड १० लाख बजेट व्यवस्था गरिएको छ ।

- गाउँपालिकाको महत्वपूर्ण आधारनै पर्यटन भएकोले पर्यटकीय पूर्वाधार एवं संरचनाहरू निर्माण र पर्यटन क्षेत्रको प्रचारप्रसार र प्रवर्द्धन गर्नका लागि रू. १ करोड बजेट बिनियोजन गरिएको छ ।

- रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) रू. १३ लाख, फलफुल दशक बिरूवा रोपण कार्यक्रममा रू. ५ लाख , कृषि पर्यटन तथा प्रवर्द्धन कार्यक्रम रू. २५ लाख बजेट प्रस्ताव गरिएको छ ।

**३. सामाजिक विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रू. ४५ करोड ७३ लाख ७८ हजार रहेको छ, जुन कुल व्यय अनुमानको ६०.७८ प्रतिशत रहेको छ ।

**यस समिति अन्तर्गतका मुख्य-मुख्य आयोजना तथा कार्यक्रमहरूः**

- कोभिड-१९बाट स्थानीय जनतालाई सुरक्षित राख्न, स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिलाउन र नागरिकको सुरक्षाको निम्ति कोभिड १९ विरूद्धको खोप तथा भ्याक्सिन खरिद गर्नका लागि रू.५० लाख विनियोजन गरिएको छ ।

- पालिका बासीहरूलाई गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच सुनिश्चित गर्न, स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन जनस्वास्थ्यका विभिन्न कार्यक्रम तर्फ रू. २ करोड ९९ लाख बजेट विनियोजन गरिएको छ ।

- आयुर्वेद सेवाको अभिवृद्धि गरी रोग प्रतिरोगात्मक क्षमताको विकास गर्ने, आयुर्वेद उपचार पद्धति, ध्यान शिक्षा तथा योग अभ्यासलाई कार्यान्वयन गर्नका लागि रू. ३५ लाख बजेट बिनियोजन गरिएको छ ।

- गुणस्तरीय शिक्षा र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधार, शिक्षक तथा विद्यार्थी उत्प्रेरणा अभिवृद्धि गर्नका लागि साथै गाउँ पालिकामा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनका लागि रू.१ करोड ४७ लाख , यस गाउँपालिका अन्तर्गत शैक्षिक क्षेत्र विकास कार्यक्रमका लागि रू. ४१ लाख र संघीय सरकारबाट हस्तान्तरित सर्शत कार्यक्रमको रूपमा यस गाउँपालिका अन्तर्गतका ५२ वटा विद्यालयहरूमा सबैंका लागि शिक्षा (आधारभूत र माध्यमिक तह) र विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि रू. २० करोड ३९ लाख बजेट विनियोजन गरिएको छ ।

- महिला बालबालिका तथा जेष्ठ नागरिक दलित, आदिवासी जनजाति उत्थान तथा सशक्तिकरण र उपाध्क्षसँग महिला कार्यक्रमका लागि रू. ४२ लाख बजेट विनियोजन गरिएको छ ।

- नागरिकहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र एक घर एक धारा अभियान कार्यक्रमलाई संचालन गर्नका लागि रू. ५० लाख बजेट विनियोजन गरिएको छ भने वडा नं. ४ को समथल खोला खानेपानी आयोजना र बृहत लान्द्रुक अन्नपूर्ण गाउँपालिका खानेपानी आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाका रूपमा अगाडि बढाउने गरी आवश्यक समन्वात्मक व्यवस्था मिलाईएको छ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापनः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रू. ६३ लाख रहेको छ, जुन कुल व्यय अनुमानको ०.८४ प्रतिशत रहेको छ ।

**यस समिति अन्तर्गतका मुख्य-मुख्य आयोजना तथा कार्यक्रमहरूः**

- विपद् व्यवस्थापन कार्यका लागि गत वर्ष देखि स्थापित अन्नपूर्ण गाउँपालिका विपद् व्यवस्थापन कोषमा रू. ६२ लाख ५० हजार रहेकोले उक्त कोषलाई प्राकृतिक तथा दैविक विपत्तीमा राहत, उद्धार तथा पूनस्थापना कार्यका लागि प्रयोग गरिनेछ ।

- आगामी आर्थिक वर्षमा संचालन गरिने गरी यस समिति अन्तर्गत विभिन्न कार्यक्रमका लागि रू. ६३ लाख बजेट विनियोजन एवं बाडफाड गरिएको छ ।

**५. सुशासन तथा संस्थागत विकासः** यस समितितर्फ तपशिल बमोजिम खर्च गर्ने गरी रू. १ करोड ८ लाख रहेको छ, जुन कुल व्यय अनुमानको १.४४ प्रतिशत रहेको छ ।

**यस समिति अन्तर्गतका मुख्य-मुख्य कार्यक्रमहरूः**

- मानव संसाधन तथा संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन , वित्तीय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी सेवा प्रवाह, सुशासन, उत्तरदायित्व र पारर्दशिता र अन्तरनिकाय समन्वय जस्ता विविध कार्यक्रमका लागि रू. ५८ लाख बजेट विनियोजन गरिएको छ ।

- बेरोजगार सूचिमा सूचिकृत बेरोजगारहरूका लागि रोजगारी उपलब्ध गराउन कामका लागि रोजगारी र युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना अन्तर्गतका विभिन्न आयोजनाहरूमा बाडफाड हुने गरी रू. ४९ लाख बजेट विनियोजन गरिएको छ ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्न, राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम अगाडि बढाउन र व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभाकारी बनाउनका लागि रू. २३ लाख बजेट विनियोजन गरिएको छ ।

- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न सिप मुलक तथा क्षमता अभिवृद्धिको कार्यक्रम र प्रविधि हस्तान्तरणका लागि रू. ३७ लाख बजेट विनियोजन गरिएको छ ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनका लागि मनोसामाजिक परामर्श, वित्तीय सहजकर्ता र रिटर्नी स्वयंसेवक परिचालन कार्यक्रमको लागि रू. २६ करोड ९ लाख बजेट विनियोजन गरीएको छ ।
- यस गाउँपालिका अन्तर्गतका जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, विधवा तथा एकल महिला, अति असक्त अपाङ्ग र दलित बालबालिकाहरूका लागि समाजिक सुरक्षा भत्ता स्वरूप नेपाल सरकारबाट तोकिए बमोजिमको दरमा पाउने गरी हाल गाउँपालिकामा सूचिकृत ४४ सय २८ जना (आगामी आ.ब. मा नविकरण तथा थपघट भएमा सोही संख्या हुने गरी) रू. १५ करोड ५४ लाख ७८ हजार बजेट व्यवस्था गरिएको छ ।

**६. गाउँपालिका कार्यालय, वडा कार्यालय संचालन प्रशासनिक तथा चालु खर्च तर्फः** रू. ६ करोड ८० लाख रहेको छ, जुन कुल व्यय अनुमानको ९.०४ प्रतिशत रहेको छ ।

श्रद्धेय अध्यक्ष महोदय,

उल्लेखित क्षेत्रगत बाँडफाडको विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरिएको छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित गरिएको आयोजनागत बाँडफाडको विवरण वार्षिक विकास कार्यक्रममा समावेश रहेको छ । सर्शत अनुदान तर्फको हस्तान्तरित तथा निक्षेपित कार्यक्रमहरू प्राप्त कार्यक्रमका आधारमा संचालन हुने गरी व्यवस्था मिलाईएको छ ।

चालु आ.व. २०७७/७८ को हाल सम्मको यथार्थ आय व्यय र आगामी आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आय व्यय विवरणहरू, आर्थिक विधेयक र विनियोजन विधेयकमा तथा योजनागत विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनुसूचीहरूमा उल्लेख गरेको छु ।

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०७८ यसै साथ प्रस्तुत गरेको छु । राजश्व परामर्श समितिको सिफारिसमा आगामी आ.ब. को लागि प्रस्ताव गरिएको करका दरहरूमा समयानुकुल सामान्य हेरफेर गरिएको छ । उक्त कर, दस्तुर सम्बन्धी प्रस्ताव २०७८ साउन १ गते बाट प्रारम्भ हुने गरी व्यवस्था मिलाएको छु ।

**श्रद्धेय गाउँसभाका अध्यक्ष महोदय तथा यस सभाका सदस्य ज्यूहरू,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरूलाई मनन् गर्दै बजेट तयार गर्दा सबै क्षेत्रहरूलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरूमा बाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार बजेट विनियोजन गरिएको छ । बजेटले लिएको उद्देश्य प्राप्तिको लागि प्रभावकारी कार्यान्वयन एवम् अनुगमन मूल्यांकन जरूरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरू समेत आवश्यक पर्न जान्छ । उपयुक्त बजेट कार्यान्वयनमा सदाभैं सम्पूर्ण गाउँपालिका बासी एवम् सम्वद्ध सबै पक्षहरूबाट सहयोग, सल्लाह रचनात्मक सुझाव एवम् सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु ।

पुन कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यता र प्राथमिकताहरूलाई नै बदलि दिएको छ । त्यसैगरी, यसले हरेक मुलुको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि गम्भिर असर पारेको छ । यस्तो अवस्थामा हामीले प्रवाह गरिने सार्वजनिक वस्तु र सेवाको पुनः प्राथमिकिकरण गर्नुपर्ने भएको छ । हामीले हाम्रो पालिकालाई कसरी कोभिड मुक्त गराउँदै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन गर्ने भन्ने चुनौतीसँग जुध्दै महामारीको सुरूवाती चरणदेखि नै यससँग जुध्न विशेष भूमिका निर्वाह गरेकोले नै वास्तवमै स्थानीय सरकारको औचित्य स्थापित भएको छ । पछिल्लो परिस्थितिहरूलाई हेर्दा आगामी दिनहरू अझ प्रतिकुल हुने सक्ने देखिन्छ, यस्तो अवस्थाको सामना गर्नका लागि हामीले आफुलाई अझ बढि व्यवस्थित रूपमा पूर्व तयारी गर्नुपर्ने अवस्था छ ।

अन्त्यमा, प्रस्तुत बजेट तर्जुमाको सिलसिलामा हर वखत अमूल्य सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरू तथा निर्वाचित पदाधिकारी ज्यूहरू, गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका पदाधिकारी ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्रसेवक कर्मचारीहरू लगायत सबै पक्षको विकासप्रतिको एकता, सम्वेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी एवम् सबै निर्वाचित पदाधिकारी वीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रो लागि अत्यन्त महत्वपूर्ण रह्यो, यसप्रति सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । बजेट तर्जुमाका विभिन्न चरणहरूमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण गाउँपालिका बासीहरू एवम् आम नागरिकहरूमा धन्यवाद दिन चाहन्छु । पुनः विगत वर्षबाट यस गाउँपालिकाले लिएका दीर्घकालिन नीति कार्यक्रम तथा बजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा अन्नपूर्ण गाउँपालिकाको भौतिक पूर्वाधार लागयत आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानव विकासका क्षेत्रमा सकारात्क प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरूबाट सदाझैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरूको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दै, पुनः सबैमा धन्यवाद सहित विदा हुन्छु ।

नमस्कार, जय अन्नपूर्ण !

सगुन गुरूङ

उपाध्यक्ष

# भाग ३

# आर्थिक वर्ष २०७७।०७८ मा संचालित योजना र कार्यक्रमहरूको साराशं

**चालु आ.ब. २०७७।०७८ को मसान्तसम्म प्राप्त उपलब्धिहरूः**

**क) पूर्वाधार विकास अन्तर्गत**

**१. सडक निर्माण तर्फः**

नयाँ ट्र्याक ओपन तथा लिकं रोड निर्माण १४३ कि.मि., सडक स्तरोन्नती नाली निर्माण तथा ग्राबेल ८२ कि.मि., कालोपत्रे स्तरोन्नती मध्यपहाडी लोकमार्ग २७ कि.मि (संघीय सरकारबाट), ढलान बाटो निर्माण १५.६ कि.मि, सिढि बाटो निर्माण तथा स्तरोन्नती ६४ कि.मि., १६ वटा कल्बोर्ड तथा कज्वय निर्माण र ११ वटा झोलुङ्गे पुल निर्माण गरिएको ।

**२. भवन निर्माण तर्फः**

गाउँपालिकाको प्रशासनिक भवनको अभाव एवं समस्या रहेकोले माछापुच्छे मा.वि. को भवन मर्मत संभार गरी गाउँपालिकाको कार्यालय सञ्चालन गरिएको, वडा कार्यालयका भवन तर्फ वडा नं. १, ३, ४, ५, ७, ८, ९ र ११ गरी ८ वटा भवनहरू निर्माण सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाईएको, स्वास्थ्य तर्फका भवनहरुमा नागडाँडा स्वास्थ्य चौकीमा १५ शैयाको अस्पताल निर्माण कार्य सुरूवात गरिएको, आधारभूत स्वास्थ्य केन्द्रहरूका ६ वटा र खोप केन्द्रहरूका ९ वटा भवन निर्माण गरिएको, विद्यालय भवनहरू निर्माण तर्फ माछापुच्छे नमुना मा.वि. को छात्र/छात्रा वास भवन निर्माण शुरू गरिएको, विभिन्न विद्यालयहरूमा ११४ वटा थप कक्षाकोठाहरू निर्माण गरिएको, २२ वटा शौचालय निर्माण गरिएको, ७ वटा विज्ञान प्रयोगशाला, १० वटा कम्प्युटर प्रयोगशाला, ८ वटा विद्यालय पुस्ताकालय र २४ वटा विद्यालयहरूमा कम्पाउन्डिङ तथा छेकबार निर्माणको काम गरिएको, अन्य संघसंस्थाका तथा सामुदायिक भवन निर्माण तर्फ २६ वटा विभिन्न भवनहरू निर्माण गरिएको, राष्ट्रिय पुनः निर्माण प्राविधिकरण अन्तर्गत २६८ वटा निजि आवास निर्माण गरिएको, गाउँपालिकाबाट १५५ घरधुरीहरूलाई सुरक्षित नागरिक आवास अन्तर्गत जस्तापाताहरू उपलब्ध गराई टिनको छाना फेर्ने काम भएको ।

**३. खानेपानी तर्फः**

लान्द्रुक अन्नपूर्ण गाउँपालिका बृहत खानेपानी आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाको रूपमा निर्माण गर्नका लागि संघीय आयोजना कार्यालयसँग आवश्यक समन्वय गरी यथासक्य कार्यान्वयन चरणमा अगाडि बढाईएको, एक घर एक धारा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिएकोमा हाल सम्म ४७८७ घरहरूमा एक घर एक धारा सम्पन्न गरिएको, विभिन्न ६३ वटा खानेपानी आयोजनाहरू सञ्चालन गरिएको, सो अन्तर्गत ७० वटा इन्टेक निर्माण, ६५ वटा कलेक्सन च्याम्बर निर्माण, ५७ वटा आरबिटी निर्माण गरिएको, समथल खोला खानेपानी आयोजनालाई बहुबर्षे खानेपानी आयोजनाको रूपमा सञ्चालन गरिएको ।

**४. पर्यटकीय पूर्वाधार तथा कार्यक्रम तर्फः**

गुम्बा, मठ-मन्दिर, पर्यटकीय गन्तव्यहरू २४ वटा, सिँचाई पोखरी १५ वटा, चौतारा ४० वटा, सडक बत्ती (नौडाँडा, काँडे, लुम्ले) १६२० मिटर, वडा नं. ५ को भोबाङ् शितल गुफा पर्यटकी पूर्वाधार निर्माण, नागडाँडा पर्यटकीय भ्यू टावर निर्माण, वडा नं. ११ को ३६३७ मिटरको उचाईमा मुन्डे भ्यू पोइन्ट तथा पार्क निर्माण गरिएको, घान्द्रुक-टाढापानी- दोबाटो-मुन्डे हुँदै हिडनलेक-छोमोङ पदमार्ग, उल्लेरी बराहताल-मरेडाँडा हुँदै बनठाटी पदमार्ग,बिरेठाँटी-दाङसिङ-थामडाडा हुँदै घान्द्रुक पदमार्ग, पञ्चासे पदमार्ग, घान्द्रुक देखि वेशक्याम सम्मको पदमार्गको म्एच तयार गरिएको, अन्नपूर्ण वेशक्याम ४२०० मिटर देखि घान्द्रुक १९५० मिटर सम्म ४२.५ कि.मि. अन्नपूर्ण म्याराथुन दौड संचालित, कोदो महोत्सव, अन्नपूर्ण सेन्चुरी महोत्सव, प्रविण गुरूङ एकल तथा दोहोरी गायन प्रतियोगिता लगायत विभिन्न पर्यटन महोत्सवहरू र तिज मेला जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको ।

**ख) आर्थिक विकास अन्तर्गत**

**१. कृषि तर्फः**

अनुदान स्वरुप आलु बिउ वितरण ३०,००० के.जि., बहुउद्देश्य नर्सरी निर्माण सहयोग १५ वटा, आधुनिक च्याउ टनेल ७ वटा, प्लास्टिक सिट टनेल ११२८ वटा, भर्मी कम्पोस्ट मल उत्पादन ४ वटा, मौरी सहित घार वितरण १४० वटा, फलफूल बिरूवा वितरण १,४५,०००, मसलाजन्य बालीको विरूवा वितरण अलैची, तेजपात, कफि, टिमुर हरू १,९०,०००, हाते ट्याक्टर ३०५ वटा, थ्रेसर मेसिन ४ वटा, मौसमी तथा बेमौसमी तरकारी बिउ वितरण १८,००० प्याकेट, साना सिँचाई कार्यक्रम अन्तर्गत ५०० क्वाईल पाईप वितरण, तरकारी पकेट ३ वटा, धान पकेट १ वटा , सुन्तला पकेट १ वटा, कफि ब्लक १ वटा, अलैची ब्लक १ वटा, रैथाने बाली संरक्षण (कोदो) १ वटा, मुख्यमन्त्री वातावरण मैत्री कार्यक्रम १ वटा, आकस्मिक बाली संरक्षण कृषि उपचार तथा कृषि सेवा कार्यक्रम निरन्तर रूपमा सञ्चालन रहेको, प्राङगारिक मल १२,००० के.जि. वितरण गरिएको, माटो परिक्षण तथा माटो सुधारका लागि चुना वितरण गरिएको, गाउँपालिकामा आफ्नै नर्सरी स्थापना गरी कागतीका बिरूवाहरू १०,०००, लप्सीका बिरूवाहरू ६,०००, तेजपातका बिरूवाहरू ५,००० र कुरिलोको बिरूवा ३२,००० उत्पादन तथा वितरण गरिएको र व्यवसायिक कृषकहरूलाई विभिन्न तालिमहरू सञ्चालन गरिएको ।

**२. पशु तर्फः**

हिउँदे घाँस, बर्षे घाँस, बहुबर्षे घाँस र डाले घाँस गरी जम्मा ३ लाख बिरूवा वितरण गरिएको, ४९० व्यवसायक कृषकहरूलाई पशुपंछि पालन सम्बन्धी तालिम दिईएको, २९० वटा भकारो सुधार, पाडापाडी संरक्षण, कुखुराका चल्ला वितरण, बाख्रा भैसी पालक समूहलाई अनुदानमा १०० वटा बाख्रा, ५० वटा भैसी र ५० वटा भेडा वितरण गरिएको, भैसी,बाख्रा,भेडा पकेट क्षेत्र सञ्चालन गरिएको, कृतिम गर्भाधानको कार्यक्रमका साथै प्राकृतिक गर्भाधानको लागि उन्नत जातका ६ वटा रागाँ, १५ वटा वोयर बोका, ३ वटा भेडाको थुमा वितरण गरिएको, पशुहरूको रोग निधान तथा औषधी उपचार, खोप, गोबर परिक्षण, डिपिङ कार्यक्रम, लजिष्टिक सपोर्ट जस्ता कार्यक्रमहरू र व्यवसायिक फर्महरूलाई जैविक सुरक्षा सामाग्री वितरण गरिएको ।

**ग) सामाजिक विकास अन्तर्गत**

**१. शिक्षा तर्फः**

अन्नपूर्ण बहुप्राविधिक शिक्षालयको अनुमति प्राप्त गरी बालि विज्ञानतर्फको कक्षा तथा ऋत्भ्ब्ट अन्तर्गत छोटा तथा लामा अवधिका विभिन्न तालिमहरू सञ्चालन, माछापुच्छ मा.वि लाई नमुना विद्यालयका रूपमा विकास, सिर्जना मा.वि लाई आदर्श विद्यालयका रूपमा सञ्चालन, बिरेठाँटी मा.वि प्राविधिकधार तर्फको कम्प्युटर इन्जिनियरिङ (कक्षा ९-१२)

कक्षा सुरू, उमा मा.वि संगित तथा खेलकुद विद्यालयको रूपमा सुरूवात, दुर्गा भवानी आदर्शमा नमुना बालविकास केन्द्रको सुरूवात, प्राविधिक बिषयमा उच्च शिक्षा छात्रवृति, विद्यालय छात्राहरूलाई सेनेटरी प्याड वितरण, विद्यार्थीहरूलाई दिवा खाजा, बालविकास कक्षा सुधार र बालविकास केन्द्रका शिक्षकका लागि प्रोत्साहन, शिक्षकहरूलाई मासिक तलब उपलब्ध गराईएको र विद्यालयमा अतिरिक्त क्रियाकलाप शैक्षिक प्रदर्शनी तथा प्रतिभा पहिचान जस्ता विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिएको, कोभिड-१९ को प्रभावबाट विद्यालयमा भएको शैक्षिक क्षति न्यूनिकरण गर्नका लागि आवश्यक पढनपाढन सामाग्री (अभ्यास पुस्तिका) र सम्पूर्ण विद्यालयहरूलाई स्वास्थ्य सामाग्रीहरू वितरण गरिएको साथै गाउँपालिका भित्र विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालय क्षेत्र बाहिर नरहेको घोषणा गरिएको ।

### २. स्वास्थ्य तर्फः

नियमित राष्ट्रिय कार्यक्रमतर्फका पोषण, क्षरोग, दादुरा रूवेला खोप, आमा सुरक्षा जस्ता कार्यक्रमहरू सम्पन्न, लामो गर्भान्तर तथा बन्ध्वयाकरण र क्यान्सर सम्बन्धी शिविर सञ्चालन गरिएको, आवश्यकता अनुसारका औषधी तथा स्वास्थ्य सामाग्रीहरूको नियमित आपुर्ती गरिएको, पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरिएको, प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवाका लागि सबै वडाहरूमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गरी सेवा उपलब्ध गराईएको, आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन नियमित सेवाको अतिरिक्त सबै वडाहरूमा मासिक सेवा उपलब्ध गराउने व्यवस्था गरिएको, नागडाँडा स्वास्थ्य चौकीमा स्वास्थ्य ल्याब स्थापना शुरूवात गरिएको, कोभिड-१९ सँग जुध्न आन्तरिक लकडाउन, क्वारेन्टाईन केन्द्र स्थापना तथा सञ्चालन, प्रचारप्रसार तथा प्रवर्धनात्मक कार्यक्रमहरू, क्वारेन्टाईनमा राख्ने, आईसुलेसनमा राख्ने, पिसिआर तथा एन्टिजेन टेस्ट गर्ने, स्वास्थ्य तथा सुरक्षात्मक (माक्स, सेनिटाईजर, पन्जा, साबुन, थर्मगन, पिपिई, अक्सिमिटर, थर्मामिटर, कन्सन्टेटर मेसिन लगायतका) सामाग्रीहरू वितरण गरिएको, नेपाल सरकारद्वारा तोकिएको वर्ग र उमेर समूहका व्यक्तिहरूलाई खोप लगाईएको ।

### ३. अन्य तर्फः

विभिन्न २५ वटा आमा समूहहरू दर्ता गरिएको, २३ वटा घ वर्गका निर्माण व्यवसायिहरूलाई ईजाजतपत्र दिईएको, १५ वटा बालक्लबहरू गठन, कृषक तथा पशुपालक समूह ४९ वटा, ६३ वटा विभिन्न संघसंस्थाहरू गठन गरी दर्ता गरिएको, ४४०७ जनालाई चौमासिक सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको, जेष्ठ नागरिक तथा वृद्धहरूलाई सम्मान कार्यक्रम सञ्चालन गरिएको, २४३ जनालाई अपागंताको परिचयपत्र वितरण गरिएको,गाउँपालिका अन्तर्गतका ६० वर्ष उमेर माथिका जेष्ठ नागरिकहरूलाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको, उपाध्यक्षसँग महिला कार्यक्रम तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालनमा रहेको, महिलाहरूको नेतृत्व तथा क्षमता विकासका लागि विभिन्न अनुशिक्षण तथा तालिमहरू सञ्चालन गरिएको, साविक सहकारी डिभिजनबाट हस्तान्तरण भएका सहकारीहरू २४ वटा रहेकोमा गाउँपालिकामा थप ८ वटा दर्ता भई २ वटा सहकारी मर्जरमा गएकोले हाल ३० वटा सहकारीहरू क्रियाशिल रहेकोले उक्त संस्था मार्फत विभिन्न उत्पादन उत्पादकत्व अभिवृद्धि, आयआर्जन र आर्थिक गतिविधिहरू सञ्चालनमा रहेका, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगारहरूका लागि विभिन्न आयोजना मार्फत रोजगारी उपलब्ध गराईएको, गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत अतिविपन्न गरिब युवाहरूका लागि विभिन्न सिपमुलक आधारभूत तथा स्तरोन्नतीका तालिमहरू उपलब्ध गराईएको, वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नका लागि सामि परियोजना मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको, गाउँपालिकामा न्यायिक समिति गठन भई छुट्टै न्यायिक इजलास कक्षको व्यवस्था गरिएको, मेलमिलापकर्ताहरूका लागि आधारभूत तथा पूर्नताजगी तालिम प्रदान गरी २४ जना मेलमिलापकर्ताहरू सूचिकृत गरिएको, हालसम्म न्यायिक समितिमा परेका जम्मा उजुरी संख्या २६ वटा मध्ये २१ वटा उजुरीहरू फर्छौट भई ५ वटा निर्णय प्रकृयामा रहेका, गाउँपालिका अन्तर्गतका विभिन्न पेशा व्यवसायहरूलाई दर्ता प्रकृयामा संलग्न गराई दर्ता तथा निविकरण गर्दै आईरहेकोमा चालु आ.ब.मा १९५ नयाँ व्यवसाय दर्ता गरिएको हालसम्म गाउँपालिका अन्तर्गत १४०६

वटा व्यवसायहरू दर्ता भई क्रियाशिल रहेका, गाउँपालिका र वडा कार्यालयहरूबाट नागरिकहरूलाई प्रवाह गरिने नियमित सेवा प्रवाह जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट गुणस्तरीय, प्रभावकारी र समयमै उपलब्ध गराईएको ।

### घ) कोभिड-१९ को प्रभाव अन्तर्गत

विश्वव्यापी रूपमा फैलिएको कोभिड -१९ को प्रभावबाट सुरक्षित रहन र नियन्त्रण गर्नका लागि नेपाल सरकारबाट मिति २०७६/१२/११ देखि लकडाउन शुरू भयो सो समयमा पालिकाबासीहरूको स्वास्थ्यलाई दृष्टिगत गरी संक्रमित क्षेत्र वा अन्य विदेशबाट पालिकामा प्रवेश गर्ने व्यक्तिहरूको लागि विद्यालयहरूमा सार्वजनिक भवनहरूमा बस्नका लागि ३४ वटा क्वारेन्टाईनको व्यवस्था, कोभिड उपचारको लागि गाउँपालिकामा अस्थाई कोभिड अस्पतालको स्थापना, दीर्घरोगी बिरामीका लागि निजहरूको खर्चमा घर-घरमा औषधीको उपलब्धता, एत्र्रच परिक्षणका लागि यातायातको व्यवस्था, बिरामीहरूको औषधी उपचारका लागि अस्पतालसम्म जान र अति आवश्यक कार्यका लागि अन्य ठाउँमा जानको लागि स्थानीय प्रशासनसँगको समन्वय र सहजिकरणमा निजहरूको आवतजावतलाई सहजिकरण तुल्याईएको, श्रमजिवि वर्ग र कोभिडको कारणले रोजगारी गुमाएका विपन्न व्यक्तिहरूका लागि गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा चामल, नुन, तेल, साबुन, दाल सहितको राहत सामाग्री प्याकेज वितरण गरिएको, लकडाउनका कारण खाद्य संकट उत्पन्न हुन सक्ने परिस्थितिलाई विचार गरी गाउँपालिकाकै कृषकहरूद्वारा उत्पादन भएको कोदो खरिद गरी खाद्य बैंकको रूपमा संचिती गरी राखिएको, नेलोम्बो नेपाल ढिकुरपोखरी काठमाडौं समाजको सहयोग र पालिकाको समन्वयमा पालिकाबासीहरूलाई एक घर एक साबुन, एक व्यक्ति एक माक्स, प्रत्येक घरमा सेनिटाईजर, सचेतना मुलक ब्रोसर वितरण गरिएको, गाउँपालिका अन्तर्गतका प्रत्येक घरहरूमा जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, स्वास्थ्य स्वयंमसेविका र टोल विकास समितिको प्रतिनिधि सहितको उपस्थितिमा सबैलाई सानत्वना दिई मनोवल बढाउने कार्य गरिएको ।

कोभिड महामारीको प्रभावसँगै आर्थिक तथा सामाजिक विकास निर्माणका कार्यहरूमा केही अवरोध आउँदा आउदै पनि गाउँपालिकाका स्थानीय स्रोत साधन प्रयोग गरी आयोजनाहरू सम्पन्न गरिएको व्यहोरा यहाँहरूलाई जानकारी गराउन चाहान्छु र उक्त आयोजनाहरू सम्पन्न गर्न यहाँहरूले खेलेको भूमिका प्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्न चाहान्छु । कोभिड-१९ को प्रभाव चालु आर्थिक वर्षको पुरा अवधिनै रहेको र पछिल्लो समय अझ भयाभय अवस्थामा रहेको हुँदा गाउँपालिकाबाट तोकिए बमोजिमका लक्ष्य एवं उद्देश्यहरू हासिल गर्न थुप्रै कठिनाईहरू हामीले सामना गर्नुपर्‍यो र यो अवस्था कहिले सम्म रहन्छ भन्ने समेत निश्चित नभएकोले नागरिकहरूको स्वास्थ्य सुरक्षानै हाम्रो प्रमुख दायित्व र जिम्मेवारी हो भने कोभिड मैत्री ढंगले सेवा प्रवाह र विकास निर्माणका कार्य अगाडि बढाउनु नै हाम्रो बाध्यताको रूपमा रहेको छ ।

**आ.ब. २०७७/०७८ को सामाजिक सुरक्षा तथा घटना दर्ता विवरण**

| सि.न. | क्षेत्र तथा उपक्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **सामाजिक सुरक्षा** | | | | |
| १ सामाजिक सुरक्षा भत्ता | | ११,६९,२७,००० | ११,२८,५८,१०० | ९६.५२ |
| लाभग्राही संख्याः४०४४ | २०७५ सालको जम्मा घटना दर्ता संख्याः१८१५ | | | |
| सामाजिक सुरक्षा वितरण | घटना दर्ता संख्या | | | |
| जेष्ठ नागरिकः १७४९ | जन्मः ७८३ | | | |
| | महिलाः३९८ | | पुरूषः३८५ | |

| | | | | |
|---|---|---|---|---|
| जेष्ठ नागरिक(दलित) ६१२ | मृत्यु:२९९ | | | |
| | महिला:९२ | | पुरूष:१२७ | |
| एकल महिला:७९<br>विधवा:७४६ | विवाह:२९९ | | | |
| पूर्ण अपाङ्ग:११६ | | | | |
| आंशिक अपाङ्ग:१५३ | बसाईसराई:४९ | | | |
| दलित बालिबालिका:७६७ | सम्बन्ध बिच्छेद:१८ | | | |
| | | | | |

**परिचयपत्र वितरण**

- जेष्ठ नागरिक परिचय पत्र ३९६
- अपाङ्ग परिचय पत्र २४३

» पूर्ण असक्त अपाङ्गता (क वर्ग) ९०

» अति असक्त अपाङ्गता (ख वर्ग) १३०

» मध्यम अपाङ्गता (ग वर्ग) २१

» सामान्य अपाङ्गता (घ वर्ग) २

**न्यायिक समिति**

- जम्मा परेको उजुरी ८ वटा
- फर्छौट भएको ८ वटा
- सुचिकृत सामुदायिक मेलमिलापकर्ता ३४ जना

# भाग ४

## आर्थिक वर्ष २०७७।०७८ को खर्च शीर्षक र कार्यक्रम अनुसारको प्रगति विवरण

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ रू. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|---|
| ८०४३९५०११०१ अन्नपूर्ण गाउँपालिका | | | | | |
| १ | बाटो मर्मत संम्भार कोष | २२२३१ | १०,०० | ९,९८ | ९९.८६ |
| २ | कर्मचारी तालिम खर्च | २२५११ | ६,०० | ० | ०.०० |
| ३ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | ५,७८ | ० | ०.०० |
| ४ | पर्यटन सूचना केन्द्र स्थापना | २२५२२ | २,०० | ० | ०.०० |
| ५ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास | २२५२२ | १०,०० | २,०८ | २०.८० |
| ६ | जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम | २२५२२ | ५,०० | ६१ | १२.३८ |
| ७ | महिला तथा बालबालिका लक्षित कार्यक्रम | २२५२२ | ३,०० | ५० | १६.६७ |
| ८ | सूचना प्रविधि विस्तार गापा तथा वडा कार्यालय | २२५२२ | ७,०० | ० | ०.०० |
| ९ | गाउपालिका दिवस | २२५२२ | १,०० | ० | ०.०० |
| १० | अन्य पर्व मेला महोत्सव | २२५२२ | ३,०० | १,५० | ५०.०० |
| ११ | सहकारी बैंक तथा वित्तीय संस्था प्रवर्द्धन कार्यक्रम | २२५२२ | ५,०० | ९८ | १९.६७ |
| १२ | वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | २२५२२ | ४,०० | ० | ०.०० |
| १३ | तथ्याङ्क व्यवस्थापन | २२५२२ | ५,०० | ० | ०.०० |
| १४ | खाद्य सुरक्षा तथा खाना संरक्षण कार्यक्रम (खाना नफालौं) | २२५२२ | १,०० | ६४ | ६४.९८ |
| १५ | आन्तरिक नियन्त्रण प्रणाली | २२५२२ | ५,०० | ० | ०.०० |
| १६ | बृहत् घुम्ति शिविर संचालन | २२५२२ | ५,०० | ० | ०.०० |
| १७ | भूक्षय तथा पहिरो नियन्त्रण | २२५२२ | १०,०० | ५,०० | ५०.०० |
| १८ | जनजाति क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | २२५२२ | १०,०० | ० | ०.०० |
| १९ | उपभोक्ता समिति तालिम | २२५२२ | १,०० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | सामाजिक परिक्षण | २२५२२ | ३,०० | ० | ०.०० |
| २१ | उद्योग तथा वाणिज्य प्रवर्द्धन कार्यक्रम | २२५२२ | २,०० | ० | ०.०० |
| २२ | दलित क्षमता विकास तथा सशत्तिकरण कार्यक्रम | २२५२२ | ५,५० | २,३३ | ४२.५० |
| २३ | मेलमिलापकर्ताको सुचिकृत तथा पुनर्ताजगी कार्यक्रम | २२५२२ | ३,०० | १,२१ | ४०.६३ |
| २४ | कार्यक्रम खर्च | २२५२२ | ५,०० | ४,६० | ९२.२० |
| २५ | सार्वजनिक सुनुवाई चौमासिक | २२५२२ | ३,०० | १,५० | ५०.०० |
| २६ | उपाध्यक्ष संग महिला कार्यक्रम | २२५२२ | १०,०० | ५,३१ | ५३.१२ |
| २७ | अनुभव आदान प्रदान कार्यक्रम | २२५२२ | ८,०१ | ६,९२ | ८६.४५ |
| २८ | परम्परागत धार्मिक संस्कृति संरक्षण (कोटमौला मन्दिर पुजा) | २२५२२ | २,०० | १,९९ | ९९.५० |
| २९ | विविध कार्यक्रम खर्च | २२५२९ | २,०० | १,५७ | ७८.७९ |
| ३० | न्यायिक समितिको विविध खर्च | २२५२९ | ३,०० | १,१० | ३६.९५ |
| ३१ | तार जाली तथा ग्याबिन खरिद | २२५२९ | १५,०० | ० | ०.०० |
| ३२ | संयुक्त सहयोग कार्यक्रम (पाइप खरिद) | २२५२९ | १०,०० | ६,२५ | ६२.५८ |
| ३३ | अति विपन्न तथा असाहृय अनाथ हिसांमा परेको सहयोग कोष | २७२१२ | २,०० | २० | १०.०० |
| ३४ | विपद व्यवस्थापन कोष | २७२१२ | ५०,०० | ५०,०० | १००.०० |
| ३५ | घरभाडा | २८१४२ | ५,०० | ४,१७ | ८३.५६ |
| ३६ | अन्य फिर्ता (सशर्त फिर्ता) | २८२१९ | १०,६० | १०,६० | १००.०० |
| ३७ | गाउँपालिका केन्द्र पूर्वाधार निर्माण | ३१११११ | २५,०० | ० | ०.०० |
| ३८ | वडा भवन निर्माण (जि.स.स. अनुदान समेत | ३१११२ | १,७७,७१ | १,७३,१६ | ९७.४४ |
| ३९ | वडा भवन निर्माण (जि.स.स. अनुदान समेत) | ३१११२ | २०,१६ | १८,६७ | ९२.६२ |
| ४० | सवारी साधन खरिद (मोटरसाइकल स्कुटर) | ३११२१ | १०,०० | ० | ०.०० |
| ४१ | ल्यान्डफिल साईट व्यवस्थापन तथा सम्भाव्यता अध्ययन | ३११३२ | ४,०० | ० | ०.०० |
| ४२ | विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन | ३११३२ | १२,०० | ९,७२ | ८१.०८ |
| ४३ | काडे भदौरे सल्यान सडक कास्की (लक्रे देखि सल्यान खण्ड- केही भाग मात्र राखिएको) | ३११५१ | २,००,०० | १,१४,८० | ५७.४० |
| ४४ | अन्नपूर्ण रिङ्गरोड स्तरोन्नति | ३११५१ | २०,०० | ११,३२ | ५६.६५ |
| ४५ | स्थानीय झोलुङ्गे पुल साझेदारी कार्यक्रम | ३११५१ | १०,०० | ६,५८ | ६५.८४ |
| ४६ | बृहत् लान्द्रुक खानेपानी योजना १ प्रतिशत लागत अनुदान | ३११५६ | ५५,०० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | विभिन्न खानेपानी योजना | ३११५६ | १,००,०० | १,००,०० | १००.०० |
| ४८ | विभिन्न खानेपानी योजना | ३११५६ | ५०,०० | ४९,७८ | ९९.५६ |
| ४९ | सडक तथा ग्रामीण बाटाहरू निर्माण मर्मत समेत | ३११५९ | १२,७४ | १२,६६ | ९९.४१ |
| ५० | पूर्वाधार निर्माण तथा मर्मत | ३११५९ | ३४,१८ | ३४,०७ | ९९.६७ |
| ५१ | मठमन्दिर तथा पुरातात्तविक संम्पदा संरक्षण | ३११५९ | १०,०० | ८,१२ | ८१.२६ |
| ५२ | जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान योजना | ३११५९ | १,५०,०० | १६,०७ | १०.७२ |
| ५३ | स्थानीय झोलुङ्गेपुल साझेदारी कार्यक्रम | ३११५९ | ४०,०० | ४,९३ | १२.३३ |
| ५४ | सराङकोट नौडाँडा अपाङ्गमैत्री पदमार्ग स्तरोन्नति | ३११५९ | २,१२ | २,१२ | १००.०० |
| ५५ | विभिन्न खानेपानी आयोजना | ३११५९ | १५,०० | ११,०९ | ७३.९७ |
| ५६ | शैक्षिक क्षेत्र पूर्वाधार निर्माण | ३११५९ | १६,५० | १५,८५ | ९६.०७ |
| ५७ | मुलाछरे सोलिङ्ग बाटो निर्माण योजना | ३११५९ | २,०० | १,७९ | ८९.५० |
| ५८ | ५% लागत सहभागितामा आधारित सिँचाइ योजना | ३११५९ | ५५,०० | ४३,५७ | ७९.२२ |
| ५९ | थप भएका ग्रामीण बाटो तथा पूर्वाधार निर्माण | ३११५९ | ५०,०० | ४९,९१ | ९९.८३ |
| ६० | चौतारी, पोखरी, कुवा, पार्क तथा ढुङ्गे धारा संरक्षण | ३११५९ | १०,०० | ७,६७ | ७६.८० |
| ६१ | अन्य सार्वजनिक निर्माण (कन्टिनजेन्सी) | ३११५९ | ५०,०० | ४७,२९ | ९४.५८ |
| ६२ | सराङकोट नौडाडाँ अपाङ्गमैत्री पदमार्ग स्तरोन्नति | ३११५९ | ५,०० | ४,७० | ९४.०० |
| ६३ | अन्य सार्वजनिक निर्माण | ३११५९ | १,१४,०० | १,१३,४९ | ९९.५६ |
| ६४ | समपुरक कोष (म्याचिङ्ग फन्ड) | ३११५९ | १,७०,०० | ० | ०.०० |
| **८०४३९५०१२०१ अन्नपूर्ण गाउँपालिकावडा नं.१** | | | | | |
| ६५ | व्यावसायिक कृषकलाई आलु बिउ ४० प्रतिशत अनुदान | २२५२२ | ३६ | ३६ | १००.०० |
| ६६ | फोहोरमैला व्यवस्थापन | २२५२२ | २,०० | ६९ | ३४.६५ |
| ६७ | वडा कार्यालयमा डिजिटल बोर्ड जडान | २२५२९ | ५० | ५० | १००.०० |
| ६८ | वडा कार्यालयमा डिजिटल बोर्ड जडान | २२५२९ | १,५० | १,२२ | ८१.४४ |
| ६९ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | ५५ | ५५ | १००.०० |
| ७० | प्रवर्धनात्मक योजनाहरू तथा भैपरी योजना | २८९११ | १४ | ० | ०.०० |
| ७१ | गुप्तकालिका आमा समूह भवन निर्माण | ३१११२ | २,०० | २,०० | १००.०० |
| ७२ | छविस्मृति हुँदै सिम्ले ग्रामीण सडक स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| ७३ | नागडाँडा भित्रि बाटो स्तरोन्नति | ३११५१ | ५,०० | ० | ०.०० |
| ७४ | पैरे, सिम ढुलाखेत कृषि ग्रामीण मोटर बाटो निर्माण | ३११५१ | ३,५० | ३,४० | ९७.३७ |
| ७५ | लेवाडे कृषि सडक निर्माण | ३११५१ | २,०० | २,०० | १००.०० |
| ७६ | सम्मिको बोटबाट कृषि सडक जोड्ने बाटो | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ७७ | भैपोखरी डिलबाट सिम्ले मोटरबाटो निर्माण | ३११५१ | ५,०० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७८ | छापाडाँडा बिजेखा खानोपनी स्तरोन्नति | ३११५६ | २,०० | ० | ०.०० |
| ७९ | प्रहरी चौकी घडेरी सम्याउने योजना | ३११५९ | १,०० | १,०० | १००.०० |
| ८० | छतछरे खोला सिर्जना मावि हुँदै कुडहरी पदमार्ग | ३११५९ | ५,०० | ४,९५ | ९९.०९ |
| ८१ | छवि स्मृति हुँदै सिम्ले ग्रामीण सडक स्तरोन्नति | ३११५९ | ७,५० | ७,३० | ९७.३३ |
| ८२ | भूमेको थानमा मन्दिर निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| ८३ | मर्मत संभार गर्नुपर्ने साना योजनाहरू | ३११५९ | ३,०० | ३,०० | १००.०० |
| **८०४३९५०१२०२ अन्नपूर्ण गाउँपालिकावडा नं.२** | | | | | |
| ८४ | हरितालिका तीज विशेष मेला कार्यक्रम, ढिकुरपोखरी | २२५२२ | २,०० | ० | ०.०० |
| ८५ | भयरचोक सेराचौर हुंदै भित्रीबाटो डायरी चोकसम्म ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ८६ | दिप बुढाघर हुंदै कडेले बाटो स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| ८७ | वडा कार्यालयदेखि चुहिने पहरासम्म बाटो स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ८८ | प्याउदि ठुलाचौर ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ८९ | नागडाडा निवारे ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ४,१७ | ८३.५१ |
| ९० | रातामाटा शिवमन्दिर ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ४,५३ | ९०.७६ |
| ९१ | न्वारादेखि चाउकासम्म सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९२ | ठुलाचौरदेखि जाँते ढुँङ्गा हुँदै कुल मन्दिर मोटरबाटो निर्माण | ३११५९ | २,०० | ० | ०.०० |
| ९३ | शिवमार्गदेखि दुधिलाकोबोट हुँदै राजमार्ग सिढिबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९४ | भण्डारीटोल डिलदेखि ठुलाखेत खण्ड सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९५ | ठुलाचौर पदमार्ग सिढिबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९६ | राजमार्गदेखि पोखरा गैरासम्म | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९७ | शिवमार्गदेखि जैसिटोल राजमार्ग सिढिबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९८ | क्याम्पसगेट सिढिबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| ९९ | चम्डीलादेखि-चौराखेत र डालटारीसम्म | ३११५९ | १,०० | ९२ | ९२.९६ |
| १०० | चिसापानी देखि काउरेसम्म सिढीबाटव निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १०१ | चण्डिलादेखि सिमखेतसम्म सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १०२ | न्वारादेखि रातमाटासम्म सिढीबाटो | ३११५९ | १,०० | १,०० | १००.०० |
| १०३ | सुसाउने ढुङ्गा पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| १०४ | न्वारादेखि चाउकासम्म सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १०५ | दिप बुढाधर हुँदै कैडले ग्रामीण सडक निर्माण | ३११५९ | १०,०० | १०,०० | १००.०० |

| ८०४३९५०१२०३ अन्नपूर्ण गाउँपालिकावडा नं.३ | | | | | |
|---|---|---|---|---|---|
| १०६ | उत्कृष्ट कृषक समूहलाई प्रोत्साहन स्वरूप बिउबिजन वितरण | २२५२२ | १,०० | १,०० | १००.०० |
| १०७ | दमदमे पत्थर किरिया भवन निर्माण | ३१११२ | २,०० | १,६६ | ८३.०० |
| १०८ | धुबिरूख सेरा ग्रामीण सडक स्तरोन्नति | ३११५१ | २,०० | १,६० | ८०.०४ |
| १०९ | सेरा सुनटारी ग्रामीण सडक निर्माण | ३११५१ | २,०० | २,०० | १००.०० |
| ११० | देउराली डाडाँ धारापानी हुँदै रानीथोक ग्रामीण सडक स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| १११ | देउराली दमदमे पाउदुरकोट ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ११२ | ढिकुरपोखरी हुँदै धारापानी हुँदै देउराली स्तरोन्नति | ३११५१ | १५,०० | १५,०० | १००.०० |
| ११३ | ओख्ले लाक्रे ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ११४ | भीरमुनि हिले काउनडाडाँ ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ३,१० | ६२.१५ |
| ११५ | पत्थर मराइचे काडे धम्पुस ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| ११६ | मुलको पधेरो सिढीबाटो निर्माण | ३११५९ | १,५० | १,३६ | ९०.९५ |
| ११७ | आएटारी बगुवा मुक्तिमार्ग स्तरोन्नती | ३११५९ | ३,०० | २,७० | ९०.०० |
| ११८ | औरेनि ढुङ्गादेखि स्याना पँधेरा जाने गोरेटे बाटो मर्मत योजना | ३११५९ | १,०० | १,०० | १००.०० |
| ११९ | भाटी भवनडाडाँ पर्यटन पदमार्ग | ३११५९ | २,०० | २,०० | १००.०० |
| १२० | माझस्वारा टिमुरस्वारा पधेरा माथि कृयाथलो | ३११५९ | १,५० | १,५० | १००.०० |
| १२१ | लक्ष्मी प्रा.वि. सोलिङ्ग बाटो निर्माण | ३११५९ | ५० | ५० | १००.०० |
| १२२ | आएटारी बगुवा मुक्तिमार्ग निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १२३ | मुलको पँधेरो ग्रामीण सडक निर्माण योजना | ३११५९ | २,२० | २,१५ | ९७.७३ |
| १२४ | माझथोक ढुङ्गामुनी सिढीबाटो निर्माण | ३११५९ | २,०० | १,६६ | ८३.१५ |
| १२५ | लक्ष्मि आधारभुत विद्यालय बाटो सोलिङ्ग तथा ढलान निर्माण योजना | ३११५९ | २,०० | १,३५ | ६७.८३ |
| १२६ | रयाले ग्रामीण शाखा सडक निर्माण योजना | ३११५९ | ४,०० | ३,७६ | ९४.०० |
| १२७ | सानो पँधेरो माझथोक सिँढिबाटो निर्माण योजना | ३११५९ | १,५० | १,४८ | ९९.०० |
| १२८ | भाँटी ठाडोचौर ग्रामीण सडक मर्मत निर्माण | ३११५९ | १,५० | १,४९ | ९९.३८ |
| १२९ | मराइचेदेखि अष्ट्रेलियन बेसक्याम्प पदमार्ग | ३११५९ | २,०० | ० | ०.०० |
| १३० | छघर सिँढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १३१ | पत्थर दमदमे सिँढि बाटो निर्मााण योजना | ३११५९ | २,०० | १,९६ | ९८.२६ |
| १३२ | भिरमुनी दलित बस्ती सिढीबाटो | ३११५९ | ३,०० | ३,०० | १००.०० |
| १३३ | मूलाछरे सोलिङ्ग बाटो निर्माण | ३११५९ | २,५० | २,४८ | ९९.४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८०४३९५०१२०४ अन्नपूर्ण गाउँपालिकावडा नं.४ | | | | | |
| १३४ | कोदो महोत्सव, भदौरे | २२५२२ | २,०० | ० | ०.०० |
| १३५ | बासखर्क भारकोट लामाचौर बाटो स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १३६ | काडे भदौरे सल्यान सडक कास्की (लक्रे देखि सल्यान खण्ड- केहि भाग मात्र राखिएको ) | ३११५१ | २,००,०० | १,१४,८० | ५७.४० |
| १३७ | काडे भदौरे सल्यान सडक स्तरोन्नति (गत आ व बाँकी ) | ३११५१ | ५०,०० | ३६,७८ | ७३.५८ |
| १३८ | तलेत्र मोटरबाटो निर्माण | ३११५१ | १,०० | ८२ | ८२.९० |
| १३९ | बासखर्क समाजघर गोरेटोबाटो | ३११५१ | १,५० | १,५० | १००.०० |
| १४० | स्वास्थ्य चौकी मोटरबाटो निर्माण | ३११५१ | २,५० | २,५० | १००.०० |
| १४१ | भदौरे प्रेम बस्ती ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १४२ | भण्डारथोक मोटरबाटो | ३११५१ | १,५० | १,५० | १००.०० |
| १४३ | भारकोड - डाँडा सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १४४ | रानीकुवा सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १४५ | खागे सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १४६ | भदौरे समाजघर गोरेटोबाटो निर्माण | ३११५९ | २,५० | २,५० | १००.०० |
| १४७ | प्रेमबस्ती सिढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १४८ | उल्लेरी थामडाँडा सिढीबाटो | ३११५९ | २,०० | २,०० | १००.०० |
| १४९ | पंचासे पर्यटन पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| १५० | पंचवल मन्दिर संरक्षण | ३११५९ | २,०० | २,०० | १००.०० |
| ८०४३९५०१२०५ अन्नपूर्ण गाउँपालिकावडा नं.५ | | | | | |
| १५१ | पुरानागाउँ हिमशिखर क्लब भवन निर्माण | ३१११२ | ३,०० | २,७५ | ९१.८५ |
| १५२ | भोवाङ्ग कृयाकर्म भवन निर्माण योजना | ३१११२ | १,५० | ० | ०.०० |
| १५३ | लुयरा क्लब भवन मर्मत निर्माण योजना | ३१११३ | २,०० | २,०० | १००.०० |
| १५४ | धौलागिरी गेट नयाँपुल घाट ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १५५ | सिरानघर मोटरबाटो स्तरोन्नती | ३११५१ | १,०० | १,०० | १००.०० |
| १५६ | नेपाल्नेटोल भित्रीबाटो योजना | ३११५१ | २,०० | २,०० | १००.०० |
| १५७ | सल्यान घुम्ति लुयरा नयाँगाउ बाटो स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १५८ | प्रगति मार्ग बाटो ढलान योजना | ३११५१ | १०,५० | १०,५० | १००.०० |
| १५९ | हाइवे भोवाङ्ग हुँदै सल्यान बाटो स्तरोन्नति | ३११५१ | १५,०० | १५,०० | १००.०० |
| १६० | गिरीचोक ओखरबोट ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १६१ | पिङ हाल्ने चौरदेखि दवारे डिल मोटरबाटो निर्माण | ३११५१ | २,०० | १,८६ | ९३.०५ |
| १६२ | शितल गुफा भवन निर्माण योजना | ३११५९ | २,०० | २,०० | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६३ | माइको थान निर्माण योजना | ३११५९ | १,०० | ० | ०.०० |
| १६४ | वडा नं ५ अन्तर्गत पूर्वाधार संरचना निर्माण योजना | ३११५९ | ० | ० | ०.०० |
| १६५ | लुयरा शिवमन्दिर निर्माण योजना | ३११५९ | ५० | ५० | १००.०० |
| १६६ | शितलगुफा धार्मिक पर्यटकिय बिकास सस्था भवन निर्माण योजना | ३११५९ | १,०० | १,०० | १००.०० |
| १६७ | नयाँपुल वन हुँदै पुरानो गाँउ पदमार्ग | ३११५९ | ३,०० | २,५२ | ८४.१७ |
| १६८ | विरूवा सिढीबाटो निर्माण योजना | ३११५९ | १,०० | १,०० | १००.०० |
| **८०४३९५०१२०६ अन्नपूर्ण गाउँपालिकावडा नं.६** | | | | | |
| १६९ | प्रविण गुरूङ्ग गायन प्रतियोगिता, लुम्ले | २२५२२ | ३,०० | ३,०० | १००.०० |
| १७० | प्रविण गुरूङ्ग गायन प्रतियोगिता तथा कला संरक्षण | २२५२२ | ४,२० | ४,१८ | ९९.६७ |
| १७१ | जलजला ध्याबजुङ्ग ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ३,०० | ३,०० | १००.०० |
| १७२ | ढावा हाईजुङ्ग सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १७३ | मुखिया चौतारी नरेस्वारा गोरेटो बाटो निर्माण | ३११५१ | १,०० | १,०० | १००.०० |
| १७४ | ढावा तोमिजुङ्ग ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| १७५ | पुरानो घडेरी पसल हुँदै ढाक्रे बाटो स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| १७६ | ठोट्नेखोला ढाके सब्जुङ्ग ग्रामीण सडक स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| १७७ | घुम्ती देखि डाडाँ हुँदै काउराबोट गोरेटो बाटो निर्माण | ३११५१ | १,०० | १,०० | १००.०० |
| १७८ | उपल्लो हाईजुङ्ग गोरेटोबाटो निर्माण | ३११५१ | १,०० | १,०० | १००.०० |
| १७९ | माझखोला गामा भिरमुनी गोरेटोबाटो निर्माण | ३११५१ | १,०० | १,०० | १००.०० |
| १८० | पैरा घुम्ती देखि कमेरे आल सम्मको सिढी बाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १८१ | सहकारी परियार टोल गोरेटोबाटो साथै प्रतिक्षालय निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| १८२ | तल्लो आरन गोरेटोबाटो साथै बस्ती संरक्षण | ३११५९ | २,०० | २,०० | १००.०० |
| १८३ | हाइजुङ्ग भित्री बाटो निर्माण | ३११५९ | ८,०० | ७,७५ | ९६.८८ |
| १८४ | परियार टोल ढल निकास | ३११५९ | २,०० | २,०० | १००.०० |
| १८५ | सिरानघर देखि पधेरा माथिको ढल निकास | ३११५९ | १,०० | १,०० | १००.०० |
| १८६ | ढावादेखि एक्ले सल्लासम्म पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| १८७ | कालिका मन्दिर निर्माण योजना | ३११५९ | २,०० | ० | ०.०० |
| १८८ | ठलाखर्क मुल संरक्षण | ३११७१ | २,०० | २,०० | १००.०० |
| **८०४३९५०१२०७ अन्नपूर्ण गाउँपालिकावडा नं.७** | | | | | |
| १८९ | हनि हन्टिङ्ग प्रतियोगिता, लान्द्रुक | २२५२२ | १,०० | ० | ०.०० |
| १९० | वडा स्तरीय साना प्रवर्धनात्मक | २८९११ | २,०० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९१ | ऋुधु देखि आलुखोर ग्रामीण सडक निर्माण | ३११५१ | ५,०० | ४,७५ | ९५.१० |
| १९२ | मझुवा बेसी गोरेटो बाटो निर्माण योजना | ३११५१ | १,०० | १,०० | १००.०० |
| १९३ | माझगाँउ आबि देखि तान्चोक गोरेटो बाटो निर्माण | ३११५१ | २,०० | १,५१ | ७५.८१ |
| १९४ | किस्लुङ्ग जुगेपानी हुंदै सुपरभ्यू भिर्ग गोरेटोबाटो निर्माण | ३११५१ | २,०० | २,०० | १००.०० |
| १९५ | माझगाउदेखि भच्चेक हुंदै लान्द्रुक बाटो स्तरोन्नति | ३११५१ | १५,०० | १५,०० | १००.०० |
| १९६ | तिलुङ्गदेखि हिमालय मावि गोरेटो बाटो निर्माण | ३११५१ | २,०० | २,०० | १००.०० |
| १९७ | पात्लेखेत ढल निकास | ३११५९ | ३,०० | २,११ | ७०.५८ |
| १९८ | कुलोघर चौतारीदेखि भिचुक गाउँ हुंदै गोरेटोबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| १९९ | माझगाँउ हुंदै तोल्का लान्द्रुक पदमार्ग | ३११५९ | १०,०० | १०,०० | १००.०० |
| २०० | हवाँडी खानेपानी मर्मत सुधार | ३११५९ | २,०० | २,०० | १००.०० |
| **८०४३९५०१२०८ अन्नपूर्ण गाउँपालिकावडा नं.८** | | | | | |
| २०१ | वडा स्तरीय विभिन्न योजनाहरू | २२५२२ | ४,०० | १,७० | ४२.५० |
| २०२ | फागु महोत्सव, विरेठाटी | २२५२२ | २,०० | ० | ०.०० |
| २०३ | सार्क्यु गैरीवाङ्ग ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| २०४ | लिग्रा तबांग सडक स्तरोन्नति | ३११५१ | २,०० | २,०० | १००.०० |
| २०५ | विरेठाटी दाङ्गसिङ्ग मोहरिया ग्रामीण सडक स्तरोन्नति | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| २०६ | जलकिनि खाउने हुंदै दाङ्गसिङ्ग बाटो स्तरोन्नति | ३११५१ | १५,०० | १५,०० | १००.०० |
| २०७ | तमु मोहरिया ग्रामीण सडक स्तरोन्नति | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| २०८ | एक्ले खाउने कुटुम सिढी बाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| २०९ | विरेठाटी स्कुलदेखि मुरूवा सिंढीबाटो निर्माण | ३११५९ | ५० | ५० | १००.०० |
| २१० | विरेठाँटी बजार भित्र सिंढी बाटो निर्माण | ३११५९ | १,५० | ० | ०.०० |
| २११ | मोहोरिया गाउँभित्र सिढीबाटो निर्माण | ३११५९ | १,५० | १,३८ | ९२.३७ |
| २१२ | विरेठाटी हुंदै थमडाडाँ पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| २१३ | कुटुम शिशु स्याहार सिंढी बाटो निर्माण | ३११५९ | ५० | ५० | १००.०० |
| २१४ | लामाखेत किर्किचे सिंढी बाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| २१५ | डिजिटल स्वागत द्धार तथा सडक बत्ती | ३११५९ | १,०० | ० | ०.०० |
| २१६ | दाङ्गसिङ्ग खेलमैदान निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| २१७ | दाङ्गसिङ्ग फिर्के आहाल सिंढी बाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| **८०४३९५०१२०९ अन्नपूर्ण गाउँपालिकावडा नं.९** | | | | | |
| २१८ | शैक्षिक सुधार कार्यक्रम | २२५२२ | १,५० | ५० | ३३.३३ |
| २१९ | तिखेढुङ्गा नयाँगाउ दलित बस्ती मोटरबाटो निर्माण | ३११५१ | १०,०० | ६,९५ | ६९.५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२० | विरेठाटी तिखेढुङ्गा मोटर बाटो स्तरोन्नति | ३११५१ | २०,०० | १९,९९ | १००.०० |
| २२१ | उल्लेरी भुमे मन्दिर विजन निर्माण | ३११५९ | ३,५० | २,८३ | ८१.०६ |
| २२२ | साबेत गाउँ सिढीबाटो निर्माण | ३११५९ | ४,०० | ४,०० | १००.०० |
| २२३ | शारदा आवि, मौजा घेरावार | ३११५९ | २,०० | १,८६ | ९३.३५ |
| २२४ | सोत्रे सिमलबोट पाटेम्रो सिढीबटो | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| २२५ | साबेत चण्डी मन्दिर संरक्षण | ३११५९ | ४,०० | ३,३१ | ८२.८६ |
| २२६ | उल्लेरीदखि नाङ्गेठाटी पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| **८०४३९५०१२१० अन्नपूर्ण गाउँपालिकावडा नं.१०** | | | | | |
| २२७ | अन्नपूर्ण म्याराथोन, घान्द्रुक | २२५२२ | ५,०० | ० | ०.०० |
| २२८ | वडा कार्यलय समान खरिद | ३११२३ | २,०० | १,९९ | ९९.८७ |
| २२९ | क्रेजोङ्ग देखि सुनखानी मोटरबाटो निर्माण | ३११५१ | १०,०० | १०,०० | १००.०० |
| २३० | बालुवा डाडाँदेखि कम्चे सम्म सिंढीबाटो निर्माण | ३११५९ | ३,०० | ३,०० | १००.०० |
| २३१ | माझगाउँ खोल्सासम्म सिंढीबाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| २३२ | धाम्ले हुंदै कोटगाउँ बाटो स्तरोन्नति | ३११५९ | १५,०० | १३,२६ | ८८.४६ |
| २३३ | लालीगुराँस आमा समूह भवन निर्माण | ३११५९ | २,०० | १,८९ | ९४.८६ |
| २३४ | स्कुलचोक देखि सुनखानी सम्म सिंढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| २३५ | तिलारे चोकदेखि नर्थोक पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| २३६ | धाम्लेदेखि थामार्जुन सिंढीबाटो निर्माण | ३११५९ | १,०० | १,०० | १००.०० |
| २३७ | सिवैदेखि मोदि खोला सम्म सिंढीबाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| २३८ | हुँदु सिढीबाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| **८०४३९५०१२११ अन्नपूर्ण गाउँपालिकावडा नं.११** | | | | | |
| २३९ | मत्क्यु सामरूङ्ग मोटरबाटो निर्माण | ३११५१ | ३,७४ | ३,७४ | १००.०० |
| २४० | मत्क्यु सामरूङ्ग मोटरबाटो निर्माण | ३११५१ | १६,२६ | १६,२६ | १००.०० |
| २४१ | मत्क्यु उरी हुंदै किमरूङ्ग खोला बाटो निर्माण | ३११५१ | ५,०० | ५,०० | १००.०० |
| २४२ | सि चे ङो बाटो निर्माण योजना | ३११५९ | ३,०० | ३,०० | १००.०० |
| २४३ | छोम्रोङ्ग गुरूङ्ग हिले हुंदै हिडनलेक पदमार्ग | ३११५९ | ५,०० | ५,०० | १००.०० |
| २४४ | कल्भर्ट निर्माण | ३११५९ | ७,०० | ७,०० | १००.०० |
| २४५ | भुरग्यु शवदह जाने सिंढी बाटो | ३११५९ | २,०० | १,७५ | ८७.५८ |
| २४६ | नयाँगाँउ र छोम्रोङ तारबार | ३११५९ | २,०० | ० | ०.०० |
| २४७ | मुसुवा आमा समूह भवन निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |
| २४८ | मुलबाटो मर्मत तथा गेपिङ दलित टोल | ३११५९ | ३,०० | २,६१ | ८७.३२ |
| २४९ | क्युचे देखि धिग्ल्यो होग्ल्यो खोला गोरेटो बाटो निर्माण | ३११५९ | २,०० | २,०० | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५० | अन्नपूर्ण आधार शिविर जाने पदमार्ग | ३११५९ | ३१,१७ | २८,८७ | ९२.६३ |
| २५१ | मेश्रम देखि नेगु सम्म पर्यटन पदमार्ग | ३११५९ | २,०० | २,०० | १००.०० |
| २५२ | आठभाईथर सिंढ्ी बाटो | ३११५९ | १,०० | १,०० | १००.०० |
| **८०४३९५०१३०१ अन्नपूर्ण गाउँपालिका - शिक्षा** | | | | | |
| २५३ | इसिडी शिक्षिका प्रोत्साहन | २११३९ | ५,०० | ४,९४ | ९८.८० |
| २५४ | स्थानीय पाठ्यक्रम निर्माण | २२५२२ | २,०० | १,८० | ९०.०० |
| २५५ | विषय विशेषज्ञ छनोटको सूची अध्यावधिक | २२५२२ | ४० | ० | ०.०० |
| २५६ | गरिब विद्यार्थि सहयोग | २२५२२ | ६० | ० | ०.०० |
| २५७ | स्रोतकेन्द्रमा अतिरिक्त कृयाकलाप सञ्चालन | २२५२२ | १,४० | ९२ | ६५.७५ |
| २५८ | शैक्षिक योजना निर्माण | २२५२२ | १,०० | ० | ०.०० |
| २५९ | दिवश मनाउने शिक्षक सम्मान विद्यार्थी अतिरीक्त कार्यक्रम समेत | २२५२२ | १,०० | ० | ०.०० |
| २६० | पुस्ताकलय विविध पूस्तक खरिद | २२५२९ | १,०० | ९० | ९०.०० |
| २६१ | विद्यालय कार्यक्रम सञ्चालन अनुगमन तथा निरीक्षण | २२६११ | १,५० | १,५० | १००.०० |
| २६२ | शैक्षिक पात्रो निर्माण | २२७११ | ५० | ० | ०.०० |
| २६३ | युवा खेलकुद विकास कार्यक्रम | ३११५९ | ११,०० | १०,२० | ९२.७८ |
| **८०४३९५०१३०२ अन्नपूर्ण गाउँपालिका - स्वास्थ्य** | | | | | |
| २६४ | स्वास्थ्य स्वयसेविका प्रोत्साहन कार्यक्रम | २११३९ | ७,०० | ३,८६ | ५५.१४ |
| २६५ | गाउंघर तथा खोप क्लिनिक व्यवस्थापन | २२५२२ | १,०० | ० | ०.०० |
| २६६ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | २२५२२ | १,२५ | १२ | ९.६० |
| २६७ | पूर्व कर्म सेवा कार्यक्रम संचालन | २२५२२ | ३० | २९ | ९९.८३ |
| २६८ | स्तनपान आमालाई मातृशिसु सुरक्षार्थ दुग्धवर्धक जडिबुटीजन्य औषधि वितरण सम्बन्धि कार्यक्रम | २२५२२ | ४० | ३९ | ९९.९२ |
| २६९ | मुख स्वास्थ्य कार्यक्रम | २२५२२ | ६० | ० | ०.०० |
| २७० | गाउँघर क्लिनिक नसर्ने रोग व्यवस्थापन | २२५२२ | १,०० | ९९ | ९९.४६ |
| २७१ | मासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा | २२५२२ | ६० | ० | ०.०० |
| २७२ | उत्कृष्ट स्वास्थ्य संस्था घोषणा तथा पुरस्कार वितरण कार्यक्रम | २२५२२ | १० | ० | ०.०० |
| २७३ | मानसिक स्वास्थ्य शिक्षा कार्यक्रम | २२५२२ | ५० | ० | ०.०० |
| २७४ | खोप कार्यक्रम संचालन | २२५२२ | १,०० | ५१ | ५१.५५ |
| २७५ | आयुर्वेद स्वास्थय सम्बन्धि सचेतना कार्यक्रम | २२५२२ | २० | १९ | ९८.८८ |
| २७६ | नौडाडाँ स्वास्थ्य चौकी ल्याब स्थापना तथा संचालन | २२५२२ | ६,०० | २,६८ | ४४.७२ |
| २७७ | जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम | २२५२२ | ६० | ५९ | ९९.८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७८ | स्वास्थ्य शिविर संचालन | २२५२२ | २,०० | ० | ०.०० |
| २७९ | तनाब ब्यवस्थापन योग ध्यान ताथ राष्ट्रिय अन्तराष्ट्रिय योग दिबस | २२५२२ | ३० | ३० | १००.०० |
| २८० | सहयोगात्मक सुपरिवेक्षण | २२५२२ | ३० | ० | ०.०० |
| २८१ | कोरोना तथा महामारी रोग नियन्त्रण कार्यक्रम | २२५२२ | २,०० | १,२८ | ६४.०५ |
| २८२ | स्वास्थ्य चौकी अनुदान | २६४११ | २,५० | २,५० | १००.०० |
| २८३ | उल्लेरी तथा तोल्का स्वास्थ्य ईकाई संचालन अनुदान | २६४११ | २,०० | १,०० | ५०.०० |
| **८०४३९५०१३०३ अन्नपूर्ण गाउँपालिका - कृषि** | | | | | |
| २८४ | च्याउ बिउ ५०% अनुदान | २२५२२ | ३० | २९ | ९८.३३ |
| २८५ | अलैची पकेट क्षेत्र विस्तार (अलैची बिरूवा वितरणमा अनुदान ५०%) | २२५२२ | १,२० | ० | ०.०० |
| २८६ | नर्सरी व्यवस्थापन कार्यक्रम | २२५२२ | ५० | ४९ | ९९.९० |
| २८७ | व्यावसायिक कृषकलाई आलु बिउ ५० प्रतिशत अनुदान | २२५२२ | ६,३० | ६,२८ | ९९.६९ |
| २८८ | डाले घाँस बिरूवा वितरण नर्सरी स्थापना ५० % अनुदान | २२५२२ | ५० | २८ | ५६.०० |
| २८९ | गाउँपालिका स्तरीय व्यावसायिक गाई/भैसी पालन तालिम (३ दिने | २२५२२ | १,२० | १,१८ | ९८.४१ |
| २९० | गाउँपालिका स्तरीय व्यावसायिक कुखुरा पालन तालिम (३ दिने) | २२५२२ | १,२० | १,२० | १००.०० |
| २९१ | मौरी सहितको घार वितरण ५० % अनुदान | २२५२२ | २,५० | २,५० | १००.०० |
| २९२ | धानको बिउ वितरण ५० % अनुदान | २२५२२ | १,०० | ० | ०.०० |
| २९३ | मौसम अनुसार तरकारीको बिउ वितरण | २२५२२ | २,५० | २,४७ | ९८.८५ |
| २९४ | आन्तरिक तथा बाह्य परजिबी/डीपीङ् ब्यबसायीक भैडा बाख्रा फार्म | २२५२२ | १,०० | १,०० | १००.०० |
| २९५ | बर्षे घाँसको बिउ वितरण (टिओसेन्टि सुडान ब्यबसायिक फार्म) | २२५२२ | ८८ | ८८ | १००.०० |
| २९६ | हिउदे फलफुल बिरूवा वितरण ५०% अनुदान | २२५२२ | १,५० | १,४० | ९३.६७ |
| २९७ | आकस्मिक बाली संरक्षण | २२५२२ | १,०० | ५२ | ५२.७९ |
| २९८ | हिउदे घाँस बिउ (जै, भेच) बितरण ब्यबसायिक फार्म | २२५२२ | १,४० | १,४० | १००.०० |
| २९९ | नाँगडााडाा दुग्ध सहकारी संस्था लिमिटेड को स्तरन्नोति कार्यक्रम | २२५२२ | ५,०० | १,१४ | २२.९५ |
| ३०० | बर्खे फलफुल बिरूवा वितरण ५०% अनुदान | २२५२२ | १,५० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०१ | आकस्मीक रोग नियन्त्रण सेवा (खोप तथा उपचार कार्यक्रम) | २२५२२ | ७५ | ७५ | १००.०० |
| ३०२ | गाउँपालिका सतरीय व्यावसायिक बाख्रा पालन तालिम (३ दिने) | २२५२२ | १,२० | १,२० | १००.०० |
| ३०३ | साना सिँचाइ कार्यक्रम | २२५२२ | २,६० | ० | ०.०० |
| ३०४ | मकै बिउ उत्पादनमा सहयोगमा ५० % अनुदान | २२५२२ | १,०० | ० | ०.०० |
| ३०५ | मौसमि बेमौसमि तरकारी खेति लगाएत अन्य कार्यक्रम | २२५२२ | २,०० | १,२० | ६०.०० |
| ३०६ | बहु बर्षे भुंइ घाँस वितरण नेपियर सेटेरीया मलाटा ब्यबसायीक फार्म | २२५२२ | १,६० | १,३२ | ८२.५० |
| ३०७ | प्लास्टिक सिटमा ५०% अनुदान | २२५२२ | ४,०० | ४,०० | १००.०० |
| ३०८ | घुम्ती तालिम मागमा आधारित १ दिने | २२५२२ | ५० | ० | ०.०० |
| ३०९ | ब्यबसायीक फर्मको लागि जैविक सुरक्षा सामाग्री वितरण कार्यक्रम | २२५२२ | ० | ० | ०.०० |
| ३१० | कृषिजन्य रोगनिदान तथा नमुना संकलनको लागि सामग्री/उपकरण खरिद | २२५२२ | १,०० | ९८ | ९८.०० |
| ३११ | हिउदे घाँस बिउ (जै, भेच) वितरण व्यावसायिक फर्म | २२५२२ | १७ | १६ | ९९.८५ |
| ३१२ | कृषि जनसहभागिता अनुदान (५० प्रतिशत अनुदान) | २२५२२ | ५०,०० | २०,६६ | ४१.३३ |
| ३१३ | प्राथमिक उपचार सेवा (औषधि खरिद वितरण) | २२५२२ | ५,०० | ५,०० | १००.०० |
| ३१४ | बाली उपचार शिविर | २२५२२ | ९० | २७ | ३०.११ |
| ३१५ | राष्ट्रिय धान दिवस | २२५२९ | ५० | ० | ०.०० |
| ३१६ | कार्यालय सञ्चालन ढुवानी इन्धन तथा बिबिध | २२७११ | ५० | ४९ | ९९.९५ |
| ३१७ | प्राथमिक उपचार सेवा (औषधि खरिद, वितरण) | २७२१३ | २५ | २५ | १००.०० |
| ३१८ | प्राथमिक उपचार सेवा (औषधि खरिद, वितरण) | २७२१३ | ७५ | ७३ | ९८.२७ |
| ३१९ | घाँस काट्ने मेशिन तथा च्याफ कटर मेशिन ७५ % अनुदानमा वितरण | ३११३१ | १,४० | १,४० | १००.०० |
| ३२० | ब्यबसायिक बंगुर फर्म सुधार एवं प्रोत्साहन ५० % अनुदान | ३११३१ | १,५० | १,५० | १००.०० |
| ३२१ | प्रजन्नको लागी मुर्रा क्रस रागो वितरण ५० % अनुदान व्यावसायिक फार्म समूह | ३११३१ | ८० | ८० | १००.०० |
| ३२२ | माछाको भुरा वितरण कार्यक्रम | ३११३१ | ५० | ५० | १००.०० |
| ३२३ | प्रजन्नको लागि बोयर क्रस बोका वितरण ५० % अनुदान व्यावसायिक फार्म/समूह | ३११३१ | १,२० | १,२० | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२४ | प्रजननको लागि बोयर क्रस बोका ५० प्रतिशत अनुदानमा वितरण | ३११३१ | ८० | ८० | १००.०० |
| **८०४३९५०१५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)** | | | | | |
| ३२५ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत) | २१११११ | ३,३७,०० | ३,३६,०० | ९९.७० |
| ३२६ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २११११ | ८६,७६ | ७०,५७ | ८१.३५ |
| ३२७ | कोभिड-१९ अस्थायी अस्पतालमा कार्यरत जनशक्तिहरूको तलव/भत्ता | २११११ | ४,५० | ० | ०.०० |
| ३२८ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरू समेत) | २११११ | ११,१३,०० | १०,०८,७५ | ९०.६३ |
| ३२९ | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको तलब खर्च | २११११ | २१,६० | २१,६० | १००.०० |
| ३३० | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २११११ | २०,३३ | १६,६७ | ८२.०२ |
| ३३१ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा स्वा के, आयुर्वेद औषधालयमा कार्यरत स्थायी कर्मचारीहरूको तलब, पोशाक खर्च भुक्तानीको लागि मात्र | २११११ | ५१ | ० | ०.०० |
| ३३२ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूको लागि थप यातायातको खर्च | २११३९ | ३,४२ | ३,४२ | १००.०० |
| ३३३ | स्वास्थ्य हजार्ड भत्ता | २११३९ | ३६ | ० | ०.०० |
| ३३४ | एम. आई. एस. अपरेटर र फिल्ड सहायक देनिक भ्रमण भत्ता तथा यातायत खर्च | २११३९ | १,५६ | ० | ०.०० |
| ३३५ | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | २२३१५ | १,११ | १,१० | ९९.१० |
| ३३६ | दर्ता सिविर सञ्चालानार्थ सेवा प्रदायक छनौटको लागि विज्ञापन/सूचना प्रकाशन खर्च | २२३१५ | २५ | ० | ०.०० |
| ३३७ | व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटाईजेशनका लागि परामर्श सेवा | २२४११ | ३,४८ | ३,३५ | ९६.३४ |
| ३३८ | एक गाँउ एक कृषि तथा पशुसेवा प्राविधिकको तलब | २२४१३ | ३,७२ | ३,७१ | ९९.६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३९ | कोभिड-१९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी लगायतको २०७८ असार मसान्तसम्मको पारिश्रमिक | २२४१३ | ४,५० | ० | ०.०० |
| ३४० | १) समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार विरूद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन द्द) महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरूको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीक | २२५१२ | १,०० | ० | ०.०० |
| ३४१ | स्थानीय तहको लैगिक हिंसा निवारण कोषमा रकम | २२५२२ | १,०० | १,०० | १००.०० |
| ३४२ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | २२५२२ | २,३७ | २,३७ | १००.०० |
| ३४३ | पोषण कार्यक्रम | २२५२२ | ५,४४ | ४,०३ | ७४.१९ |
| ३४४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३४५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ५५,६९ | ५५,६९ | १००.०० |
| ३४६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३४७ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३४८ | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | २२५२२ | २५ | १७ | ६९.२० |
| ३४९ | नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना | २२५२२ | २,०० | २,०० | १००.०० |
| ३५० | लागत साझेदारीमा भैंडा संरक्षण कार्यक्रम | २२५२२ | ९,५३ | ९,५३ | १००.०० |
| ३५१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २२५२२ | १४,६७ | १४,६७ | १००.०० |
| ३५२ | रोजगार सेवा केन्द्रको सुदृढीकरण | २२५२२ | १,८९ | १,७७ | ९४.१३ |
| ३५३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २२५२२ | २३,०३ | २३,०२ | ९९.९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २२५२२ | २,०९ | २,०९ | १००.०० |
| ३५५ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २२५२२ | ८,९१ | ८,३० | ९३.१९ |
| ३५६ | सुरक्षीत नागरिक आवास कार्यक्रम गण्डकी प्रदेशको कास्की जिल्ला क्षेत्र नं ३ अन्तर्गत अन्नपूर्ण गाँउपालिका ६५ वटा क्रमागत | २२५२२ | १०,५९ | ९५ | ८.९७ |
| ३५७ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | २२५२२ | १०,११ | ८,४६ | ८३.७४ |
| ३५८ | प्रथामिक उपचारका सामाग्रि खरिद | २२५२२ | ४५ | ४५ | १००.०० |
| ३५९ | वित्तीय साक्षरता क्रार्यक्रम संचालन खर्च | २२५२२ | १,३६ | ४५ | ३३.२६ |
| ३६० | तलब तथा सुबिधा -वित्तीय साक्षरता सहजकर्ता क्रार्यक्रम | २२५२२ | ४,०५ | २,६३ | ६४.९९ |
| ३६१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २२५२२ | २,७९ | २,७९ | १००.०० |
| ३६२ | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरू मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | २२५२२ | २७,८० | १३,५४ | ४८.७२ |
| ३६३ | पालिकास्तरमा खोप र सरसफाई प्रवर्द्धन कार्यक्रमको समीक्षा, सूक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा सतरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चतताको लागी घरधुरी सर | २२५२२ | २,१६ | २,१६ | १००.०० |
| ३६४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२२ | ६७ | ६७ | १००.०० |
| ३६५ | कृषक दर्ता व्यवस्थापन कार्यक्रम | २२५२२ | ३,०० | ० | ०.०० |
| ३६६ | सरोकारवालाहरूसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी /पत्रकार/स्थानीय जनप्रतिनिधी/ समुदायका अगुवाहरूलाई आप्रावसन को असर तथा प्रभाव / कामदारलाई समाजिक बहिस्करण प्रभाव न्यूनिकरण) | २२५२२ | ४५ | ४५ | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६७ | बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्ध्दन अभियान | २२५२२ | १,०० | ९५ | ९५.८१ |
| ३६८ | तलब तथा सुबिधा- मनोसमाजिक परामर्श कर्ता | २२५२२ | ४,०५ | २,६३ | ६४.९९ |
| ३६९ | कम्युनिटि डट्स संचालन खर्च | २२५२२ | १८ | १० | ५५.५६ |
| ३७० | आर्थिक स्थिति कमजोर रहेका पुनःउपचारमा रहेका पी.बि.सी. बिरामीहरूलाई उपचार अवधिभर पोषण खर्च तथा सम्पर्क परीक्षण | २२५२२ | ६ | ० | ०.०० |
| ३७१ | कोभिड १९ का कारण उत्पन्न परिस्थतिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम | २२५२२ | २४,१४ | १८,३९ | ७६.२२ |
| ३७२ | कोभिड १९ का कारण उत्पन्न परिस्थतिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम | २२५२२ | ३,९९ | ३,९९ | १००.०० |
| ३७३ | कोभिड १९ का कारण उत्पन्न परिस्थतिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम | २२५२२ | ५,६६ | ५,६६ | १००.०० |
| ३७४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २२५२२ | ३,९५ | ३,९५ | १००.०० |
| ३७५ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | २२५२२ | १,०० | ० | ०.०० |
| ३७६ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २२५२२ | १,४८ | १,४८ | १००.०० |
| ३७७ | सुरक्षीत नागरिक आवास कार्यक्रम गण्डकी प्रदेशको कास्की जिल्ला क्षेत्र नं ३ अन्तर्गत अन्नपूर्ण गाँउपालिका १८३ वटा | २२५२२ | २३,३५ | २३,३५ | १००.०० |
| ३७८ | विभिन्न सरूवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरू (Hypertension, Dia1betes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | २२५२२ | ५५ | ३९ | ७१.२७ |
| ३७९ | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम | २२५२२ | १०,०० | १०,०० | १००.०० |
| ३८० | अत्यावश्यक औषधि खरिद | २२५२२ | १,०० | १,०० | १००.०० |
| ३८१ | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरू मार्फत उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | २२५२२ | ८,८० | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८२ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | २२५२२ | १,६८ | १,६८ | १००.०० |
| ३८३ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | २२५२२ | १६,०० | १४,२२ | ८८.८९ |
| ३८४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २२५२२ | २०,७६ | २०,७६ | १००.०० |
| ३८५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २२५२२ | १६,८३ | १६,८२ | ९९.९४ |
| ३८६ | मातृ तथा नवशिशु कार्यक्रम | २२५२२ | ३,६३ | ८१ | २२.४९ |
| ३८७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २२५२२ | ४,४४ | ४,४४ | १००.०० |
| ३८८ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | २२५२२ | ५,९० | ० | ०.०० |
| ३८९ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२२ | ४७ | ४७ | १००.०० |
| ३९० | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रबिधि हस्तान्तरण | २२५२२ | १,४० | ० | ०.०० |
| ३९१ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३९२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | १३,९७ | १३,९७ | १००.०० |
| ३९३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३९४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ३९५ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान | २२५२२ | १,०३ | ० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९६ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान | २२५२२ | ५७ | ० | ०.०० |
| ३९७ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान | २२५२२ | २६ | ० | ०.०० |
| ३९८ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान | २२५२२ | ३७ | ० | ०.०० |
| ३९९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २२५२२ | ३,८१ | ३,८१ | १००.०० |
| ४०० | भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | २२५२२ | २५,०० | २५,०० | १००.०० |
| ४०१ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४०२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४०३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ९,८७ | ९,८७ | १००.०० |
| ४०४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४०५ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुदृढीकरण तथा समीक्षा (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समीक्षा ) | २२५२२ | ३,०० | ० | ०.०० |
| ४०६ | सौर्य उर्जा प्रबिधि जडान | २२५२२ | ६,०० | ० | ०.०० |
| ४०७ | राष्ट्रिय आरोग्य तथा धन्वन्तरी जयन्ती | २२५२२ | १० | १० | १००.०० |
| ४०८ | बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदार हरूलाई गहन अभिमुखीकरण कार्यक्रम | २२५२२ | ६ | ० | ०.०० |
| ४०९ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | २२५२२ | ७,०५ | ३,२८ | ४६.६१ |
| ४१० | पालिका स्तरमा स्वास्थ्य संस्थाहरूको मासिक सूचना संकलन, भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समीक्षा | २२५२२ | १,०० | १,०० | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४११ | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरूको अनुगमन तथा मूल्याङकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | २२५२२ | ५० | ० | ०.०० |
| ४१२ | अन्य विविध खर्च-Periodic meeting costs of LGPCC | २२५२२ | २२ | ० | ०.०० |
| ४१३ | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षाममा टेवा पुर्याउने वाली वस्तको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | २२५२२ | २४,०० | २३,१५ | ९६.४९ |
| ४१४ | पोषण विशेष (स्वास्थ्य क्षेत्र) का कार्यक्रम सचालन | २२५२२ | २५ | ० | ०.०० |
| ४१५ | सुधारिएको चुलो (बायोमास) प्रबिधि जडान | २२५२२ | ४,०० | ३,८४ | ९६.०० |
| ४१६ | नीतिगत,प्रशासनिक तथा ब्यबस्थापन खर्च | २२५२२ | २,०० | ० | ०.०० |
| ४१७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) का तथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनका लागि | २२५२२ | १,०० | ९० | ९०.०० |
| ४१८ | मनोसमाजिक परामर्श संचालन खर्च | २२५२२ | १,८१ | १,२९ | ७१.६९ |
| ४१९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४२० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४२१ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ३,९७ | ३,९७ | १००.०० |
| ४२२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरूमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान | २२५२२ | ० | ० | ०.०० |
| ४२३ | अति गरिब परिवारहरूको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना। | २२५२२ | ५,०० | ० | ०.०० |
| ४२४ | Artificial Insemination सम्बन्धी कार्यक्रम | २२५२२ | १,४७ | १,४७ | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २२५२२ | ५,४० | ५,४० | १००.०० |
| ४२६ | अग्रेजि गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २२५२२ | ९,२६ | ९,०८ | ९८.०८ |
| ४२७ | अग्रेजि गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २२५२२ | २,१७ | २,१७ | १००.०० |
| ४२८ | अग्रेजि गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २२५२२ | १,५३ | १,५३ | १००.०० |
| ४२९ | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरूवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | २२५२२ | २० | ० | ०.०० |
| ४३० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२२ | २,८६ | १,८५ | ६४.८३ |
| ४३१ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव व्यवस्थापन अनुदान | २२५२२ | ६,३० | ६,३० | १००.०० |
| ४३२ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव व्यवस्थापन अनुदान | २२५२२ | २,९६ | २,९६ | १००.०० |
| ४३३ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव व्यवस्थापन अनुदान | २२५२२ | ४,१९ | ४,१९ | १००.०० |
| ४३४ | कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव व्यवस्थापन अनुदान | २२५२२ | ११,५५ | ११,४७ | ९९.३१ |
| ४३५ | आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामग्री (PPE बाहेक) खरिद तथा औषधि लगायतका सामग्रीको ढुवानी तथा रिप्याकिंग र वितरण समेत | २२५२२ | ९,०० | ७,४७ | ८३.०७ |
| ४३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २२५२२ | ६,२८ | ६,२८ | १००.०० |
| ४३७ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) | २२५२२ | १०,०० | ७,८८ | ७८.८४ |
| ४३८ | समुदाय अभिमुखीकरण | २२५२२ | १५ | ० | ०.०० |
| ४३९ | विरामीको लागि ओ.पि.डि.टिकट (कार्वन कपी सहितको) छपाई | २२५२२ | ५० | ० | ०.०० |
| ४४० | रिटर्नी स्वयंम सेवक परिचालन | २२५२२ | ४,०० | ३,१६ | ७९.०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४१ | सुरक्षीत नागरिक आवास कार्यक्रम गण्डकी प्रदेशको कास्की जिल्ला क्षेत्र नं ३ अन्तर्गत अन्नपूर्ण गाँउपालिका | २२५२२ | ४,९३ | १,३२ | २६.९० |
| ४४२ | उपचार केन्द्रहरूमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी, ट्याली सीट लगायतका फर्म फरमेट फोटोकपी, कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन,स्थलगत अनुशिक्षण, क्षयरोगका बिरामीको चौमासिक कोहर्ट विश्लेषण र ई-टि.बि रज | २२५२२ | ७६ | ६८ | ८९.६१ |
| ४४३ | कृषि तथा पशुपन्छी सम्वन्धि तथ्यांक अध्यावधिक कार्यक्रम | २२५२२ | १,०० | ६१ | ६१.९५ |
| ४४४ | कामको लागि पारिश्रमिक (विपन्न श्रमिकको ज्याला(दैनिक रू ५१७)) | २२५२२ | ४,६५ | ३,६१ | ७७.८३ |
| ४४५ | पूर्ण घटना दर्ता सुनिश्चित गर्न दर्ता सिविर पश्चात पुरक दर्ता सिविर (Post Registration Camp) सञ्चालन | २२५२२ | ४,८४ | ० | ०.०० |
| ४४६ | स्थानीय तह भित्रका स्वास्थ्यकर्मीहरू,म.स्वा.स्वय.से. का लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण / तालिम | २२५२२ | १,०० | १,०० | १००.०० |
| ४४७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २२५२२ | ८८,४० | ८६,१८ | ९७.५० |
| ४४८ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २२५२२ | २६,७८ | २६,५५ | ९९.१७ |
| ४४९ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | २२५२२ | ६४ | ६४ | १००.०० |
| ४५० | (१) आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन (२) दर्ता सिविर सञ्चालन सम्बन्धी अभिमुखिकरण/कार्यशाला/तालिम कार्यक्रम सञ्चालन (३) गुनासो सुनुवाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन । सहभागीहरूः हरेक वडाका प्रतिनिधी, स्थानीय CSO, स्थानीय निकायका अन्य क | २२५२२ | २,९५ | ० | ०.०० |
| ४५१ | समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम समीक्षा तथा स्वास्थ्य संस्थाहरूमा onsite coaching | २२५२२ | १,०० | १,०० | १००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५२ | सम्बन्धित सरोकारवालाहरूवाट परियोजना अनुगमन तथा मुल्याकंन | २२६११ | ४० | ४० | १००.०० |
| ४५३ | स्वास्थ्य अनुगमन तथा मुल्याङ्कन खर्च | २२६११ | १,५० | ९७ | ६५.०० |
| ४५४ | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरूको लागि अनुगमन तथा मुल्याकन खर्च | २२६११ | ८८ | ८७ | ९९.४३ |
| ४५५ | आयुर्वेद अनुगमन तथा मुल्याङ्कन | २२६११ | ३० | ३० | १००.०० |
| ४५६ | आप्रवासी स्रोत केन्द्रको कार्यालय संचालन/ कर्मचारी भ्रमण खर्च / शिरोभार खर्च | २२६१२ | ६७ | २२ | ३२.८४ |
| ४५७ | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको संचालनार्थ अनुदान | २६४११ | ३,४० | ३,४० | १००.०० |
| ४५८ | कामका लागि पारिश्रमिक (विपन्न श्रमिकको ज्याला दैनिक रू ५१७) | २७११२ | १५,०० | १४,५५ | ९७.०५ |
| ४५९ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २७२११ | २,९९ | २,९९ | १००.०० |
| ४६० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २७२११ | ४,२३ | ४,२३ | १००.०० |
| ४६१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २७२११ | १८,७५ | १८,७५ | १००.०० |
| ४६२ | स्वास्थ्य औषधि खरिद | २७२१३ | ३,०० | ३,०० | १००.०० |
| ४६३ | आयुर्बेद औषधि खरिद | २७२१३ | ४,६४ | ४,६४ | १००.०० |
| ४६४ | आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको भुक्तानी | ३११११ | ७६,०० | २६,३० | ३४.६१ |
| ४६५ | व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरूको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | ३११२२ | ८,४० | ८,३३ | ९९.२२ |
| ४६६ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. मा स्वास्थ्य उपकरण खरिद | ३११२२ | ५,०० | ४,९९ | १००.०० |
| ४६७ | स्वास्थ्य मेशिनरी औजार खरिद | ३११२२ | ३,०० | ० | ०.०० |
| ४६८ | बाह्य खोप केन्द्र बाट गुणस्तरिय खोप सेवा प्रदान गर्न खोप केन्द्रमा ब्यवस्थापनको लागि फर्निचर ब्यवस्था, सम्बन्धित वडा खोप समन्वय समिति मार्फत तयारी एवं खरिद, ३००० खोप केन्द्रमा प्रति खोप केन्द्र रू १०००० दरले, कम्तिमा टेवल १, कुर्सी १ र सानो बेञ्च १ र हात | ३११२३ | ४० | ३९ | ९९.७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६९ | आयुर्बेद शाखाको लागि फर्निचर खरिद | ३११२३ | ५९ | ५९ | १००.०० |
| ४७० | ठोट्ने खोला कल्वर्ट, पोखरा म.न.पा २४ र अन्नपुर्ण गा.पा १ (DPR समेत) | ३११५१ | २०,०० | ० | ०.०० |
| ४७१ | साबेत मौजा झो.पु, पु खोला मर्दी हिमाल झो.पु, धौन्ने बसी झो.पु. मोदी खोला झो.पु., छोम्रोंग खोला झो.पु. नुन्थला झो.पु. तन्चोकबेसी लामा खेत मोदी नदि झो.पु, छम्मोरङ, मोदी, घट्रटेखोला, नुनथला, सावेतमैजा, तान्चेक बेसी नामखेत, धाउन्नेवेसी झो.पु, पहिरे खोला | ३११५१ | ९८,०० | ९८,०० | १००.०० |
| ४७२ | विपन्न श्रमिकको ज्याला (दैनिक रू. ५१७×संख्या १००×दिन १००) | ३११५९ | ५१,७० | ५१,२२ | ९९.०८ |
| ४७३ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | ३११५९ | ८६,४३ | ८६,४३ | १००.०० |
| ४७४ | ढिकुर पोखरीको संरक्षण एवं पार्क निर्माण अन्नपूर्ण गा.पा-२ कास्की | ३११५९ | ३५,०० | २८,८२ | ८२.३४ |
| ४७५ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | ३११५९ | २०,२६ | २०,२६ | १००.०० |
| ४७६ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | ३११५९ | १४,३१ | १४,३१ | १००.०० |
| ४७७ | कृषि बजार पूर्वाधार निर्माण (५० प्रतिशत लागत सहभागितामा) | ३११५९ | ५०,०० | ० | ०.०० |
| ४७८ | विपन्न श्रमिकको ज्याला (दैनिक रू. ५१७ × संख्या १०० × दिन १००) | ३११५९ | २२ | ० | ०.०० |
| ४७९ | गुरूङ संग्रहालयमा भौतिक पूर्वाधार निर्माण अन्नपूर्ण गा.पा.-४ भदौरे कास्की | ३११५९ | ५,०० | ५,०० | १००.०० |

# भाग ५

# अन्नपूर्ण गाउँपालिकाको
# आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम

**क. आर्थिक विकासः**

**१. कृषि विकास**

१.१. "कृषि क्षेत्रको अभिवृद्धि अन्नपूर्ण गाउँपालिकाको समृद्धि" भन्ने मूल नाराका साथ युवाहरूलाई कृषिमा आकर्षण गराउन युवा स्वरोजगार र युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस कार्यक्रमबाट कोराना भाइरसको विश्वव्यापी महामारीको प्रकोपबाट सृजित असामान्य अवस्थाका कारण वैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएका युवाहरूलाई निजको ज्ञान, सिप, अनुभवलाई प्रयोग गरी स्वरोजगार तुल्याउनका साथै आन्तरिक उत्पादनमा आत्मनिर्भरता कायम गरिनेछ ।

१.२. अन्नपूर्ण गाउँपालिकाभित्र एक घर एक बहुपोषणयुक्त करेसाबारीलाई बिशेष आयोजनाका रूपमा अगाडि बढाईनेछ । यस्तो करेसाबारीमा पदमिना, कुरिलो, कागती, तुलसी, मरहट्टी, लेमनग्रास, मेवा, धनियाँ, घ्युकुमारी जस्ता आयुर्वेदिक महत्व रहेका बिरूवाहरूको उत्पादन सहित उपयोग गर्ने कार्यक्रम रहने छ ।

१.३. कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न गाउँपालिका भित्रका विभिन्न कृषियोग्य जामिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफूल तथा नगदेबालीका पकेट क्षेत्रको रूपमा घोषणा गरी मौसमी तथा वेमौसमी तरकारी तथा फलफूल उत्पादनका साथै माटोको परीक्षण गरी आधुनिक तरिकाले कृषिलाई व्यवसायिकरण गर्न प्रोत्साहन गर्दै अन्नपूर्ण गाउँपालिकाको वडा नं.१, २, ३ मा कफी पकेट क्षेत्र त्यस्तै वडा नं. ४, ५, ६ र ७ मा कोदो पकेट क्षेत्र , वडा नं. ८ मा सुन्तला पकेट क्षेत्र र वडा नं. ९, १० र ११ मा आलु पकेट क्षेत्रको रूपमा विकास गरिनेछ ।

१.४. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । सो का लागि जग्गा चक्लाबन्दी, गह्रासुधार र यन्त्र उपकरणहरूमा दिंदै आएको ५०% अनुदान, प्लास्टिक टनेल, पक्की टनेल निर्माण र एक घर एक टनेल निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्नुका साथै पेशागत रूपमा जमिन जोत्ने अति विपन्न कृषकलाई पूर्ण अनुदानमा ट्याक्टर उपलब्ध गराईनेछ ।

१.५. यस गाउँपालिकामा संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र गण्डकी प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई प्रभावकारी तुल्याउँदै त्यस क्षेत्रमा कृषिको विशेष पकेट क्षेत्र स्थापना गर्ने नीति अङ्गिकार गरिनेछ ।

१.६. यस गाउँपालिकाभित्र कृषिको सम्भावना भएका वडाहरूमा चिस्यान केन्द्र स्थापना गर्ने एवमं उत्पादित कृषि उपजहरूलाई बजारीकरणका लागि ढिकुरपोखरी र नयाँपुलमा कृषि उपज सङ्कलन तथा बजारीकरण केन्द्र स्थापना गरी सो केन्द्रहरू कृषक समूहहरूमार्फत सञ्चालन गरी कृषकहरूले उत्पादित वस्तुको उचित मुल्य

प्राप्त गर्ने अवस्थाको सृजनाको लागि प्रेदशसँगको साझेदारीमा आवश्यक प्रकृयाहरू अगाडि बढाइनेछ ।

१.७. दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै, बाँझो निजी जमिन, सार्वजनिक खुला क्षेत्र तथा खोला किनारमा अलैंची, कागती, इस्कुस, एभोकार्डो, किवि, घाँस खेती गर्न सर्वसाधारण व्यक्ति तथा समूहलाई प्रोत्साहन गरिनेछ ।

१.८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि विगतमा सञ्चालित अधुरा सिँचाइ आयोजनाहरूलाई सम्पन्न गर्नका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गर्दै साना सिँचाइ कार्यक्रमहरू गाउँपालिकाबाट सञ्चालन गरी सिञ्चित भूमिमा उत्पादनमुखी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१.९. हिमाली उच्च समस्थलीहरूमा जडिबुटी, सतुवा, चिराईतो, स्याउ र दाँते ओखर खेतीको लागि माटो परीक्षण लगायत स्थलगत अध्ययन गरी कृषकहरूलाई त्यस तर्फ उत्प्रेरित गर्दै अनुदानमा विरूवाहरू उपलब्ध गराईनेछ ।

१.१०. नदी किनारका जमिन, वेशी, टार तथा खेतबारीका कान्लाहरूमा सम्भाव्य फलफूल खेती गरी फलफूलको उत्पादन बढाई फलफूलमा आत्मनिर्भरताका लागि प्रत्येक घरधुरीमा एक सदस्य एक फलफूलको बिरूवा रोपण कार्यलाई अभियानका साथ अगाडि बढाइनेछ, साथै सोका लागि गाउँपालिका क्षेत्र भित्र एक फलफूल नर्सरी सञ्चालन एवमं विस्तार गरिनेछ ।

१.११. गाउँपालिका भित्र मौरीपालनको सम्भावन रहेको क्षेत्रहरूमा मौरी पालन व्यवसायलाई व्यवसायिकरण गर्दै मह उत्पादनबाट कृषकको आय आर्जनमा टेवा पुऱ्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

१.१२. कृषिलाई आधुनिकीकरण गर्न गाउँपालिकाको आन्तरिक स्रोत र प्रदेश सरकारसँगको साझेदारीमा चक्लाबन्दी गर्न चाहने कृषक र कृषक समूहहरूलाई आवश्यक प्रोत्साहन र अनुदानको व्यवस्था गरिनेछ ।

१.१३. कृषि सामाग्री, उन्नत बिउ विजन खरिद, दुग्ध सङ्कलन, घाँस खेती आदिका लागि व्यवसायिक कृषक एवमं कृषि समूहलाई समय समयमा अभिमुखीकरण एवमंम विशेष अनुदानका कार्यक्रम साथै कृषि बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ ।

१.१४. बाँझो खेतको प्रयोग नीति अबलम्वन गर्न भूमि बैंक खडा गरी गाउँपालिकाले कम्तीमा २० वर्षका लागि जग्गा लिजमा लिई व्यवसायिक खेती गर्न गाउँपालिकामार्फत प्रस्ताव आव्हान गरी उपयुक्त प्रस्तावलाई छनौट गरिनेछ र उक्त जग्गाको भौतिक पूर्वाधार ग्रामीण सडक, सिँचाइ, विद्युत, खानेपानी, शित भण्डार आदि प्राविधिक सहायता, मल, बिउ, विजन र बजार प्रवर्द्धनमा गाउँपालिकाले पहल गर्नेछ । बाँझो जमिन निरूत्साहित गर्न बाँझो खेत राख्ने कृषकलाई कृषि सुविधाबाट बन्चित गरिनेछ ।

१.१५. कम्तीमा ५ रोपनी जग्गा वा सो भन्दा बढी जग्गामा मौसम अनुसार एकै प्रकारको खेती गर्ने कृषकलाई व्यवसायिक कृषकको रूपमा पहिचानका साथ कृषि गणना र कृषक परिचयपत्र वितरण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

१.१६. पालिकालाई कोदोमा आत्मनिर्भर बनाउदै रैथाने बालीका रूपमा कोदो संरक्षण/संवर्धन गर्न अनुदानको व्यवस्था गरी सबै होटल तथा रेष्टुरेण्टहरूमा कोदाको परिकार मेनुमा राख्न अनिवार्य गरिनेछ साथै कोदो प्रवर्धनका लागि विगत वर्षदेखि सञ्चालित कोदो महोत्सवलाई निरन्तरता दिईनेछ ।

१.१७. गाउँपालिकाको कृषि श्रोतमा आधारित रैथाने बालीजडिबुटी र फलफूल लगायतका कृषि उपजहरूको उद्योग स्थापना गर्न निजि क्षेत्रलाइ आकर्षण गरिनेछ । अन्नपूर्ण गाउँपालिका भित्रका कृषि समूह, विभिन्न मोडलका कृषि फर्मका कार्यक्रमहरूलाई सम्बन्धीत सरोकारवालाहरूसँग समन्वय गरी व्यवसायिक कृषिको रूपमा विकास

गरिनेछ ।

१.१८. स्थानीय तहमा उत्पादित खाद्यान्नहरू संचिती एवमं संरक्षण गर्ने र कुनैपनि प्रकारका खानेकुराहरू खेर नफाल्न गाउँपालिकाबासीलाई सचेतनाका साथ उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्दै "**खाना नफालौं**" कार्यक्रमलाई विशेष अभियानका रूपमा सञ्चालन गरिनेछ ।

## २. पशु विकास

२.१. पशुपालक एवमं दुग्ध उत्पादक कृषकहरूको साथै गाउँपालिकाकै ग्रामीण अर्थतन्त्रको बलियो आधारको रूपमा विगत लामो समयदेखि रहदै आएकोमा यस गाउँपालिका अन्तर्गतका सहकारी संस्थाहरूलाई सबल रूपमा सञ्चालन गर्न पशुधन बिमा कार्यक्रम सञ्चालन गर्ने, बहुवर्षे भुई घाँस, पोषिलो हिउँदे घास, बहु वर्षे डालेघासका बिरूवाहरू लगाउने तथा नर्सरी स्थापना गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरी कृषकहरूको दुग्ध उत्पादन लागत घटाउने कार्यक्रमहरू अगाडि बढाउदै दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना एवमं विस्तार गर्ने नीति अङ्गिकार गरिनेछ ।

२.२. "**एक कृषक एक दुहुनो गाई/भैंसी**" कार्यक्रम अभियानका रूपमा सञ्चालन गरी दुधलाई आफ्नो दैनिक आयआर्जनको माध्यम बनाउदै दुध उत्पादनमा सहकारीताको विकास गरी पशुपालक कृषक समूहलाई गोठ निर्माण, तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरताका साथ उत्पादनका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

२.३. घर पालुवा जनावर कुकुरहरूमा विशेष पहिचान भएको स्वर र सुरक्षाका दृष्टिले समेत अब्बल "**भोटे**" प्रजातिको कुकुर यस गाउँपालिकाको उपल्लो भेकहरूमा पाइने भएकोले सो को लगत अद्यावधिक गर्ने, संरक्षण गर्ने र कुकुरको छाउराहरू उत्पादन गरी बिक्री वितरण गरी आयआर्जन गर्ने तर्फ उत्प्रेरणा अभिवृद्धि गर्ने नीति अबलम्बन गरिनेछ ।

२.४. व्यवसायिक पशुपालन, पशु बिमा, गोठ तथा भकारो सुधार उन्नत नश्लका गाई, भैंसी तथा बाच्छा-बाच्छी, पाडा-पाडी हुर्काउने कृषकहरूलाई प्रोत्साहन गर्ने, दुध र मासुको उत्पादन वृद्धि गर्न "पार्कोटे" र "लिमे" जस्ता रैथाने जातका भैसी पालन कार्यक्रमलाई प्रथामिकता दिइनेछ। प्रथामिक पशु उपचार सेवालाई निरन्तरता दिइनेछ ।

२.५. व्यवसायिक पशुपालन (गाई, भैंसी, भेडा, बाख्रा) मार्फत रोजगार सृजना गरी युवाहरूलाई गाउँभित्रै स्वरोजगार बनाउनको लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६. पशुपालक कृषकहरूमा सिप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिई कृषक समूह, समिति, सहकारी, गैह्र सहकारी संस्था र गाउँपालिका बीच साझेदारीका साथ विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.७. व्यवसायिक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनका साथ दलित, जनजाति, महिला तथा विपन्नवर्गमा विशेष प्राथमिकता दिई पशु विकास कार्यक्रम सञ्चालन गरिनेछ । पशुपालनका क्षेत्रमा आधुनिक प्रविधिहरू सुधार गर्न "काम गरेर सिक्छ, देखेर विस्वास गर्छ" भन्ने नारालाई कार्यान्वयन गर्न व्यवसायिक किसानहरूलाई नमुना पशुपालन फर्महरूको अवलोकन तथा तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.८. पंक्षी तर्फ कुखुरा, कालिज पालन व्यवसायलाई व्यवसायिककरण गरी एक निश्चित मापदण्डका आधारमा अण्डा र मासु उत्पादनमा आत्मनिर्भरताका साथ निर्यात गरी आयआर्जनमा वृद्धि गरिनेछ ।

२.९. माछापालन व्यवसायलाई विस्तार तथा वृद्धि गर्न भुर्रा वितरण तथा पोखरी निर्माण गर्न जोड दिनुका साथै मत्स्यपालन क्षेत्रमा कृषकहरूको आकर्षण अभिवृद्धि गरिनेछ ।

२.१०. जुनोटिक तथा महामारी किसिमका रोगहरू रोकथाम तथा नियन्त्रण गर्ने भ्याक्सिनेशनका साथ पशु खोप कार्यक्रम सञ्चालनका लागि गाउँपालिका र प्रदेश सरकारसँग सहकार्य गरी विशेष जोड दिई पशुपंक्षीमा लाग्ने विभिन्न रोग तथा परजीवीलाई रोकथाम तथा उपचार गर्नको लागि औषधी र पूर्ण खोपको व्यवस्था गर्दै यस गाउँपालिकालाई पशुको पूर्ण खोप युक्त गाउँपालिका बनाईनेछ ।

**३. उद्योग तथा वाणिज्य**

३.१. स्थानीय स्रोत सिप साधन एवम् प्रविधिको प्रयोगलाई बढावा दिई परम्परागत रूपमा रहेका राडीपाखी, कम्बल, भाङ्ग्रा, झोला बनाउने तानहरूलाई आधुनिकीकरण गरी व्यवसायिकताका साथ अन्नपूर्ण ब्राण्डको रूपमा विकास गरिनेछ ।

३.२. युवा, बेरोजगार तथा गरिबीको रेखामुनी रहेका व्यक्तिहरूलाई लक्षित गरी निजहरूको आयआर्जन तथा क्षमता विकासका लागि आधारभूत स्तरको र पेशागत उन्नत स्तरको सिपमुलक तालिम गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उपलब्ध गराईनेछ ।

३.३. लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम प्रदान गर्नुका साथै सफल उद्यमीहरूका अनुभव आदानप्रदान गर्ने तथा आवश्यक औजार, यन्त्र, उपकरण प्रदान गरी व्यवसायिकताको विकास गरिनेछ ।

३.४. यस गाउँपालिका क्षेत्र भित्र रहेको जलविद्युत उत्पादनको सम्भावनालाई उजागर गर्दै साना तथा ठुला जलविद्युत आयोजनाहरू सञ्चालन गर्नका लागि लगानीकर्ताहरूलाई आकर्षण गर्नुका साथै त्यस्ता आयोजनाहरूमा पालिका बासीहरूको लगानी समेतको सुनिश्चिता गरी जलविद्युत तर्फको **“एक घर एक शेयर सदस्य”** हुने नीतिलाई अंगिकार गरी स्थानीय बासीहरू समेत सो आयोजनाहरूबाट लाभान्वित हुने अवसरको सिर्जना गरिनेछ ।

३.५. दलित समुदायको परम्परागत रूपमा रहेको पेशा व्यवसायलाई संरक्षण, सम्वर्द्धन र विविधीकरणका लागि आरनहरूको आधुनिकीकरण र पञ्चेवाजा खरिद अनुदान वितरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.६. स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिबुटी, अल्लोमा आधारित उद्योगहरू गाउँपालिका तथा स्थानीयसँग साझेदारीमा स्थापना गर्न लगानीकर्ताहरूलाई उचित वातावरणको व्यवस्था गरिनेछ ।

३.७. गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय, सिप विकास तालिम केन्द्र र अन्नपूर्ण पोलिटेक्नीकल इन्टिच्युट, CTEVT सँगको समन्वयमा युवाहरूलाई लक्षित गरी विभिन्न पेशागत तालिमहरू सञ्चालन गरी युवा उद्यमीहरूको विकास गरिनेछ ।

३.८. स्थानीय प्रशासन एवमं सुरक्षा निकायको समन्वयमा कालो बजारी, एकाधिकार, तथा कार्टेलिङ अन्त्य गर्ने तथा गुणस्तरीय र नियमित आपूर्ति सुनिश्चित गर्न संयुक्त बजार अनुगमन कार्यक्रम सञ्चालन गरी उपभोक्ता अधिकार संरक्षण गरिनेछ ।

३.९. हस्तकलाका सामाग्रीहरू र परम्परागत खाद्य पदार्थहरू (सिन्की, गुन्द्रुक मह, कफी, अलैंची आदि) लाई यस गाउँपालिकाको विशेष ब्राण्डको रूपमा स्थापित गरी निकासी जन्य वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

३.१०. यस गाउँपालिका भित्रका बजार केन्द्रहरूमा छुट्टा छुट्टै बजार व्यवस्थापन समितिहरू गठन एवमं क्रियाशील गर्ने र पालिका स्तरको एक उद्योग वाणिज्य संघ गठन एवम् क्रियाशील बनाई निजी क्षेत्रको उक्त संगठनको साझेदारीमा सौहार्दपूर्ण व्यवशायिक क्रियाकलप सञ्चालन गर्नका लागि आवश्यक समन्वय गरिनेछ ।

३.११. एक घर एक तालिम अनिवार्य गरिनेछ । सबै वडामा तालिम मार्फत रोजगारी सृजना गर्न युवा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । खास गरी तीन महिने हाउस वायरिङ, प्लम्विङ, ड्राईभिङ, सिलाई बुनाई, ब्युटिसियन ट्रेडिङ,

हेयरकटिङ, वर्कसप लगायतका अन्य व्यवसायिक तालिम मार्फत युवालाई स्वरोजगार तुल्याईनेछ ।

**४. पर्यटन तथा संस्कृति**

४.१. गाउँपालिकाको आर्थिक समृद्धिको महत्वपूर्ण आधार पर्यटन भएकोले पर्यटकीय क्षेत्रहरू विकासका लागि आवश्यक पूर्वाधार संरचनाहरू निर्माण गरिनेछ ।

४.२. पर्यटकीय गन्तव्यहरूको प्रर्वद्धन गर्ने गाउँपालिका स्तरीय पर्यटन गुरूयोजना निर्माण गर्नुका साथै पर्यटकीय पूर्वाधार निर्माणका लागि डिपिआर तयारी गर्ने, एवम् यस क्षेत्रको प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरूलाई समेटी डकुमेन्ट्री फिल्म निर्माण तथा ब्रोसर प्रकाशन गरी पर्यटकीय सम्भावनाको प्रचार प्रसार, संरक्षण र प्रवर्धन गरिनेछ ।

४.३. यस गाउँपालिकालाई पर्यटनहवको रूपमा स्थापित गर्ने सामुदायिक होमस्टेहरूको प्रवर्द्धन र संवर्धनका साथ यस क्षेत्रको सांस्कृतिक मौलिकताको पहिचानका र अतिथि देवो भवः मूल मन्त्रलाई अङ्गिकार गर्दै स्थानीय अर्गानिक परिकारका साथ आवश्यक नियमन गर्दै पर्यटन प्रवर्द्धन गर्न जोड दिइनेछ। गाउँपालिकाको वडा नं. ८ विरेठाँटी र वडा नं. ७ को पोथनामा विदेशी पर्यटनको गणना कार्यको सुरुवात गरी सूचनाकेन्द्रको उपयोगमा ल्याईने नीति अवलम्बन गरिनेछ ।

४.४. नेपालको एक महत्वपूर्ण पर्यटकीय क्षेत्र एवम् गन्तव्यको रूपमा रहेको घान्द्रुकमा फोटो सुट केन्द्र स्थापना गर्ने र सो गाउँलाई सांस्कृतिक गाउँको रूपमा घोषणा गर्नका लागि आवश्यक पूर्वाधार संरचनाहरू निर्माण गरी परम्परागत सांस्कृतिक गाउँको पहिचान कायम गर्ने नीति लिइने छ । साथै गण्डकी प्रदेशसँसगको समन्वयमा सांस्कृतिक गाउँको स्थापनाको लागि आवश्यक पहल एवं समन्वय गरिनेछ ।

४.५. मठ, मन्दिर तथा गुम्बा, कोईवु, जस्ता धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण सम्वर्द्धनमा विशेष जोड दिइनेछ। पालिकामा रहेका ऐतिहासिक एवं धार्मिक स्थलहरू भुमेको थान, आरोग्यमाई, शिवालय, पाउँदुरकोट, रिनिम्यो ढुङ्गा, मेश्रमबराह ताल, ढिकुरपोखरी, छहराकुना पार्क लगायतका संभाव्य स्थलहरूको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरिनेछ । गाउँपालिका भित्र रहेका पर्यटकीय पदमार्गहरूको विस्तार तथा स्तरोन्नती गर्दै अन्नपूर्ण ग्रेटर पर्यटन पदमार्ग र पोखरा देखि पञ्चासेसम्म साईकल मार्गको निर्माण गरिनेछ ।

४.६. स्थानीय मौलिक संस्कृति, भाषा, भेष भूषालाई यहाँको पर्यटन र उत्पादनसँग जोडेर विकास गर्नुका साथै गुरूङ्ग जातिको तमु भाषाको पाठ्यक्रम तयार गर्ने नीति अङ्गिकार गरिनेछ ।

४.७. गाउँपालिकामा रहेका ऐतिहासिकेँधार्मिक एवमं पर्यटकीय स्थलहरूको प्रचार प्रसार प्रवर्द्धन गर्नैं परम्परागत कला संस्कृतिको संरक्षण संवर्धन गर्ने धार्मिक एवं पर्यटकीय स्थल पञ्चासे, अन्नपूर्ण आधार शिविर (Hidden Lake) हिडन लेक मरेडाँडो टाडापानी ताल चियाउने गह्रा क्षेत्रहरूको संरक्षण प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यका रूपमा पहिचान गराइनेछ ।

४.८. भदौरे घान्द्रुक लान्द्रुक पोथना अष्टेलियन क्याम्प पाउँदुरकोट दाङ्सिङ साबेत गाउँ, उल्लेरी लगायतका स्थानहरूमा रहेका होमष्टेको प्रचार प्रसार प्रवर्द्धन व्यवस्थित गर्नुका साथै सम्भाव्य अन्य स्थानहरूमा समेत होमस्टेको विकास गरी सो क्षेत्रहरूलाई पर्यटन सूचना केन्द्रका रूपमा विकास गर्न पहल गरिनेछ ।

४.९. विश्वकै पर्यटकीय गन्तव्यहरू मध्येको एक उतकृष्ट गन्तव्य अन्नपूर्ण वेशक्याममा आन्तरिक र बाह्य पर्यटकीय गतिविधिको विकासका लागि सो पदमार्गको स्तरोन्नती गर्ने, रेस्क्यु सेन्टर स्थापना गर्ने र सो क्षेत्रमा प्रदुषण मुक्त तुल्याउनका लागि प्लास्टिक टिन फलाम अन्य फोहोरजन्य बस्तुहरूको उचित व्यवस्थापन गरी सरसफाईमा

जोड दिनुका साथै विगतबाट सञ्चालित अन्तराष्ट्रिय म्याराथुन प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

४.१०. पर्यटकको बसाई अवधि लम्ब्याउन घान्द्रुक डाँडागाउँको गुरूङ संस्कृति झल्कने सङग्राहलय, मेलाचे पार्कनौडाँडाको भ्यु टावर एवं पार्क, भूमेको थान पार्क, मणिको डाँडो, बराह पोखरी, तालचियाउने गह्वाको पार्क,शितल गुफा धार्मिक पर्यटक पार्क लगायतका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन एवमं विकास गरी व्यवस्थित बनाइनेछ, साथै नागडाँडा भ्यू टावरमा फोटोसुट सेन्टर स्थापना गरिनेछ ।

४.११. छोम्रोङ माथि अन्नपूर्ण आधार शिविरमा कुनैपनि पूर्वाधार विकासका नाममा मेशिनरी औजारको प्रयोग गरिने छैन । साथै यस क्षेत्रलाई पर्यावरण प्राकृतिक कुमारी (Virgin) क्षेत्र कायम राख्दै विपत् अवस्थामा तुरून्त उद्धार गर्न सकिने व्यवस्था मिलाउनका लागि आवश्क पहल गरिनेछ ।

४.१२. अन्नपूर्ण वडा नं. १ फल्लापानी डाँडा, वडा नं. ३ को पाउँदुरकोट र वडा नं. १० को घान्द्रुकको देउरालीबाट आले डाँडासम्म साहसिक खेल प्याराग्लाइडिङ सुरू गर्न सम्भाव्यताको अध्ययन एवं अनुमति दिई थप पर्यटक भित्र्याउने नीति अवलम्बन गरिनेछ ।

४.१३. उल्लेख्य पदयात्री पर्यटकको आगमन हुने समयमा ज्च्नज बतिष्तगमभ क्षेत्रमा पर्यटकलाई सूचना दिन छोम्रोङ समुदाय संस्थासँगको सहकार्यमा पर्यटन सूचना केन्द्र एवमं भ्बचथि ध्बचलष्लन क्थकतभ्फ स्थापना गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।

४.१४. पर्यटन क्षेत्रको कृषि क्षेत्रसँगको अग्र-पृष्ठ सम्बन्धको विकास गर्ने नीति लिइनेछ । मनोरम ग्रामीण क्षेत्रमा पर्यटकीय गतिविधि मार्फत स्थानीय समुदायको आय आर्जन वृद्धि गर्न होमस्टे तथा अर्गानिक कृषि प्रणालीलाई एकीकृत रूपमा सञ्चालन गर्ने प्रोत्साहन गरिनेछ । साथै साहसिक पर्यटनको सम्भाव्य क्षेत्रहरू लुम्लेमा रक क्लाइमिङ, महोडाँडामा जिप फ्लायर, सार्कुको घट्टे खोलामा क्यानोनिङ्, वडा नं. ७ मा हनिहन्टिनङ, थमडाँडाबाट प्याराग्लाइडिङ जस्ता पर्यटकीय गतिविधिहरूका सम्भाव्यताहरूलाई उजागर गरिनेछ ।

४.१५. गाउँपालिका क्षेत्रभित्र रहेका होटल तथा रेष्टुरेन्टहरूको निश्चित मापदण्डका आधारमा वर्गीकरण गरी होटल रेष्टुरेन्टलाई मर्यादित पेशाको रूपमा सञ्चालन गर्न आवश्यक अनुगमन, नियमनका साथ उत्कृष्ट होटल व्यवसायीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

४.१६. धार्मिक पर्यटनको विकासका लागि यस गाउँपालिका अन्तर्गत रहेका ऐतिहासिक एवं धार्मिक स्थलहरूको संरक्षण र विकासका लागि ऐतिहासिक ढिकुरपोखरीको संरक्षण, पालिका अन्तर्गतका मठ मन्दिरहरूको जिणोद्धार गर्दै भुमेको थान स्थित पार्कलाई नमुना पार्कको रूपमा विकास गर्नुका साथै तालचिहाउने गह्वामा पार्क निर्माण तथा हनुमानको मूर्ति स्थापना गर्ने र शितलगुफा मन्दिर एवं पार्कलाई थप व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

**५. सहकारी विकास**

५.१. गाउँपालिकाभित्र स्थापना भएका सहकारीहरूको गुणस्तर र प्रभावकारितालाई नियमन, अनुगमन र सहकारी शिक्षामा जोड दिंदै सहकारी दर्ता प्रक्रियालाई सहज र सरल तुल्याइनेछ ।

५.२. सहकारीलाई आय आर्जनको एक महत्वपूर्ण माध्यमको रूपमा विकास गरी सहकारीप्रति नागरिक उत्प्रेरणा अभिवृद्धि गर्न सहकारी भ्रमण र प्रशिक्षणमा जोड दिईनेछ ।

५.३. महिलाको आय आर्जन क्षमता विकास गर्न महिला सहकारी मार्फत महिलालाई सशक्तीकरण गरी महिलाहरूको आय आर्जन र क्षमता विकास गरिनेछ ।

५.४. सहकारीलाई पूँजी निर्माणको महत्वपूर्ण माध्यमको रूपमा स्थापित गरी स्थानीय उद्योग स्थापना, कृषि उत्पादन

र औद्योगिक उत्पादनमा लगानी गर्ने वातावरणको सृजना गरिनेछ ।

५.५. सहकारी संस्थाको संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ । सहकारीमा आबद्ध गरीब, विपन्न, आदिवासी, जनजाति तथा अपांगता भएका व्यक्ति र महिला सहकारी संस्थालाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । एक सहकारी एक उत्पादन कार्यक्रमलाई प्राथमिकता दिई बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले कृषि उत्पादन तथा प्रशोधन र उत्पादनशील क्षेत्रमा कम्तीमा तीस प्रतिशत लगानी गर्नु पर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ । सहकारी संस्थाको नियमित अनुगमन र नियमन गरी संस्थागत सुशासन कायम गरिनेछ ।

### ६. बैंक तथा वित्तीय क्षेत्र

६.१. नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रही आर्थिक वृद्धि, रोजगारी सृजना र आर्थिक स्थायित्व कायम गर्नका लागि कृषि, साना उद्योग, पूर्वाधार जस्ता उत्पादनशिल क्षेत्रहरूमा लगानी गर्नाका लागि गाउँपालिका क्षेत्र भित्रका सबै बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यक समन्वय गरिनेछ ।

६.२. यस गाउँपालिका अन्तर्गतका व्यापारिक केन्द्रहरूमा रहेका वित्तीय कारोवार गर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रहि सेवामुलक भावले बैकिङ्ग कारोबार सञ्चालन गर्न स्थानीय सरकारका तर्फबाट आवश्यक समन्वय गरिनेछ ।

६.३. नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रही आर्थिक वृद्धि, रोजगारी सृजना र आर्थिक स्थायीत्व कायम गर्नका लागि कृषि, घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय सञ्चालन र पूर्वाधार निर्माण जस्ता उत्पादनशिल क्षेत्रमा लगानी सरल तथा सहज ऋण प्रवाहका लागि गाउँपालिका भित्रका बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यक समन्वय गरिनेछ ।

६.४. कृषि विकासको माध्यमबाट उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र आय आर्जन तथा रोजगारी सृजनाका लागि यस गाउँपालिकाको उपयुक्त स्थानमा कृषि विकास बैंकको कम्तीमा एउटा शाखा स्थापना एवमं सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

### ख) पूर्वाधार विकासः

१. एक गाउँ एक सडक निर्माण कार्यलाई निरन्तरता दिई अधुरा रहेका सडक ट्रयाकहरूको पूर्णताका साथै गाउँपालिका केन्द्र एवमं मध्य पहाडी लोकमार्ग देखि वडा केन्द्रहरू जोड्ने रणनीतिक महत्वका सडकहरू स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन हुने अवस्थामा ल्याइनेछ ।

२. सडक निर्माण र स्तरोन्नती गर्दा रणनीतिक महत्वका सडकहरू खास गरी ग्रामीण यातायात गुरूयोजना अनुसार क, ख र ग श्रेणीका सडकहरूलाई प्राथमिकताका आधारमा रकम विनियोजन गरी अत्यावश्यक बाहेक नयाँ ट्रयाकहरू नखोल्ने र हाल रहेका सडकहरूको स्थायी पक्की संरचनाहरू निर्माण र स्तरोन्नतीमा जोड दिइनेछ ।

३. स्थानीय सडक यातायात सहज र सरल रूपमा सञ्चालन गर्नका लागि पालिकाभित्रका गाउँ/टोल/बस्तीहरू जोड्ने सडकहरूमा दिर्घकालीन रूपमा हुन सक्ने सवारी चापको गहिरो अध्ययन गरी सडकहरूको मापदण्ड (Right of the way) तोकिनेछ र सो अनुसार साघुँरा सडक चोक एवमं घुम्तीहरूको विस्तार गर्नुका साथै सडकको राष्ट्रिय मापदण्ड र स्थानीय मापदण्ड पालना गराईनेछ ।

४. मध्यपहाडी लोकमार्ग सम्मको आवागमनलाई बर्षादको समयमा समेत नियमित रूपमा सञ्चालन गर्नका लागि एक सडक मर्मत सम्भार कोषको स्थापना गरी यही कोष मार्फत लिंक रोडको रूपमा रहेका कमजोर सडकहरूको

नियमित र अद्यावधिक मर्मत सम्भारको व्यवस्था मिलाइने छ । यसको लागि सम्भाव्य स्थानहरूमा सडक मर्मत सम्भार शुल्कलाई प्रयोगमा ल्याइनेछ ।

५. अन्नपूर्ण गाउँपालिकाका सबै वडाहरूलाई जोड्ने गरी प्रस्ताव गरीएको अन्नपूर्ण बृहद चक्रपथ सडक निर्माण आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाको रूपमा सञ्चालन गरिनेछ । उक्त आयोजनाको बीच बीचका जोड्न बाँकी लिंक पोइन्टका दुई नाकाहरूलाई जोड्ने र समग्र सडकको स्तरोन्नती गर्ने कार्य संघीय सरकार एवमं प्रदेश सरकारसँगको समन्वयमा विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

६. गाउँपालिका अन्तर्गत निर्माण हुने ठुला आयोजनाहरूको कार्यान्वयन अगाडि सम्भाव्यता अध्ययन एवमं वातावरणीय प्रभावको समेत अध्ययन एवमं बिश्लेषण गरी मोटरेबल पूलहरू तथा ठुला संरचना भवन एवमं पार्कहरू निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सोको आधारमा मात्र निर्माण कार्य अगाडि बढाइनेछ ।

७. ग्रामीण क्षेत्रका गाउँ बस्ती हुँदै खेत जंगल जोड्ने परम्परागत गोरेटो, घोडेटो लगायतका सिंढीबाटाहरू र पर्यटकीय क्षेत्रका पदमार्गहरूलाई परम्परागत पहिचान कायम हुने गरी मर्मत सम्भार एवमं नयाँ निर्माण गरी स्तरोन्नती गरिनेछ ।

८. पालिका भित्र पर्ने खोला तथा खोल्साहरूमा पक्की मोटरेबल पूल आवश्यक रहेका सम्भाव्य क्षेत्रमा पक्की पूल निर्माणका लागि डिपिआर तयार गरी प्रदेश सरकार र संघीय सरकारसँगको समन्वयमा अन्य आवश्यक प्रकृयाहरू अगाडि बढाइनेछ ।

९. गाउँपालिका एवमं संघ र प्रदेश सरकारको साझेदारीमा यस गाउँपालिका भित्रका आवश्यक स्थानहरूमा झोलुङ्गे पूल निर्माणलाई उच्च प्राथमिकता दिई आवश्यक सबै झोलुङ्गेपूलहरू क्रमशः मर्मत सम्भार तथा नयाँ निर्माण गरिनेछ । यस गाउँपालिका अन्तर्गतका पर्यटकीय गाउँ लान्द्रुक र घान्द्रुक जोड्ने गरी लामो झोलुङ्गे पुल निर्माण गर्नका लागि विभागसँगको साझेदारी र समन्वयमा डिपिआर तयार गरिनेछ ।

१०. उत्पादन र उत्पादकत्वका अभिवृद्धि गरी जनताको आर्थिक सामाजिक अवस्थामा सुद्दढिकरणका लागि पालिका अन्तर्गत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन साना, मझौला र ठूला सिँचाइ आयोजनाहरू सञ्चालन गरिनेछ । साना स्तरका सिँचाइ आयोजनाहरू गाउँपालिकाबाट नै निर्माण गरिने र मझौला तथा ठुला स्तरका सिँचाइ आयोजनाहरू प्रदेश र संघीय सरकारको समन्वयमा सम्पन्न गरी सिंचित भूमिमा उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. गाउँपालिका केन्द्र भवन निर्माण र वडा कार्यालयका भवनहरू निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिएकोछ । संघीय र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाको प्रशासनीक भवन, अस्पताल एवं स्वास्थ्य चौकीको भवनहरू, प्रहरी चौकी भवन निर्माण गर्ने एवम् जिल्ला समन्वय समिति कास्की र गाउँपालिकाको संयुक्त लगानीको साझेदारीमा वडा कार्यालयका भवनहरू निर्माण भईरहेका छन् । आगामी आर्थिक वर्ष भित्र अस्पताल एवं स्वास्थ्य चौकी भवन र वडा कार्यालय भवनहरू निर्माण सम्पन्न गरिसकिनेछ । श्रोतको पहिचान एवं उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गरी पालिका स्तरिय बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई अङ्गिकार गरिनेछ ।

१२. गाउँपालिका भित्र निर्माणाधिन संरचनाहरूलाई व्यवस्थित गर्नका लागि भवन निर्माण तथा योजना मापदण्ड २०७२ को अधिनमा रही गाउँपालिकाको आफ्नै भवन निर्माण तथा योजना मापदण्ड तय गर्ने, सडकहरूको क्षेत्राधिकार र मापदण्ड तोक्ने र भवन संरचनाहरू निर्माण गर्दा अनिवार्य रूपमा घर नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

१३. गाउँपालिका भित्रका गरीब, विपन्न, दलित, जनजाति र सिमान्तकृत समुदायका लागि सुरक्षित नागरिक आवास कार्यक्रमको मापदण्ड अन्तर्गत पर्ने घरहरूलाई जस्तापाता अनुदान उपलब्ध गराई त्यस्ता घरहरूलाई जस्तापाताद्वारा छाना छाउनका लागि सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ । मनसुन जन्य विपद् जोखिम युक्त घरबस्ती व्यवस्थापनका लागि त्यस्ता घर एवं बस्तीहरूलाई पून निर्माण तथा बस्ती स्थानान्तरणका लागि तोकिएको अनुदान रकम उपलब्ध गराई घर बस्तीहरू व्यवस्थित गरिनेछ ।

१४. भुकम्प पछिको पूननिर्माण कार्यक्रम अन्तिम चरणमा पुगेकोले निजि आवास निर्माण अन्तर्गतका लाभग्राहीहरूलाई पूर्न निर्माण प्राधिकरणको मापदण्ड पुरा गराई प्राप्त गर्न बाँकी किस्ता रकम उपलब्ध गराउने तथा घर सम्पन्न प्रमाणपत्र उपलब्ध गराई पुन निर्माणको कार्य सम्पन्न गरिनेछ ।

१५. भौगोलिक विकटता र छरिएर रहेका बस्तीका कारण विकास निर्माण र सेवा प्रवाह दुबै खर्चिलो र प्रभावकारी हुन नसकेको हुँदा छरिएर रहेको बस्तीलाई एकिकृत गर्न सम्भाव्य स्थानहरूमा गण्डकी प्रदेशसँगको समन्वयमा एकिकृत बस्तीविकास योजना प्रारम्भ गरिनेछ ।

१६. खण्डीकृत र टुक्रे जग्गाको कारणले कृषिमा आधुनिकिरण र यान्त्रीकरणमा समस्या भई व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्न कठिनाई भएकोले गाउँपालिका भित्र सम्भाव्य स्थानहरूमा प्रदेश सँगको सहलगानीमा जग्गा चक्लाबन्दी विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. गाउँपालिका भित्रका मुख्य बजार केन्द्रको रूपमा रहेका फेदी, नागँडाडा, ढिकुरपोखरी, काँडे, लुम्ले, नयाँपूल, बिरेठाँटी, घान्द्रुक, तिखेढुङ्गा लगायतका स्थानहरू विस्तारै शहरीकरण तर्फ उन्मुख रहेकाले सो क्षेत्रहरूमा स्थानीय समुदायको सहभागितामा शहरी सेवा सुविधारहरू विस्तार गरिनेछ, साथै मध्यपहाडी लोकमार्ग एवमं उल्लेखित सहरी क्षेत्र लगायतका अन्य सम्भाव्य क्षेत्रहरूमा सडक सौर्य, बत्ती जडान कार्यलाई निरन्तरता दिंदै बिस्तार गरिनेछ ।

१८. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरूको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरू (शौचालय, पुस्तकालय, छात्रछात्रावास, कम्पाउण्डीङ) को निर्माण कार्यलाई संघ, प्रदेश र अन्य दातृ निकायहरूसँगको सहकार्यमा निरन्तर अगाडि बढाईने छ । माछापुच्छे मा.वि. को नमुना विद्यालय अन्तर्गत पूर्वाधार संरचनाहरू निर्माणको लागि विगत वर्ष देखिको कार्यलाई निरन्तर रूपमा अगाडि बढाउदै नमुना विद्यालयको अवधारणालाई पूर्णता दिईने छ ।

१९. पूर्वाधार संरचनाहरू निर्माण गर्दा गुणस्तरियता कायम गर्नका लागि गाउँपालिकामा निर्माण कार्यको ल्याब स्थापना गर्ने, समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रममा आधारित निर्माणका कामहरू उपभोक्ता समिति मार्फत गर्ने र ठुला संरचनाहरू निर्माण गर्दा ठेक्का प्रकृयाबाट निर्माण गरिने नीतिलाई अङ्गिकार गरिनेछ ।

२०. गाउँपालिकाबाट निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरू लैंगिक, बालिबालिका तथा अपांगमैत्री र भुकम्प प्रतिरोधी बनाउनुका साथै भवन आचारसंहिताको परिपालना गरिनेछ ।

२१. सामुदायिक भवनहरू निर्माण गर्दा प्रत्येक वडाहरूमा त्यहाँ क्रियाशिल टोल विकास समिति, आमा समूह, युवा क्लब लगायतका विभिन्न संघसंस्थाहरूले आ-आफ्नो छुट्टाछुट्टै भवन निर्माण नगरी एकिकृत रूपमा बहुउद्देश्यीय प्रयोजनका लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधि सञ्चालन गर्ने गरी निर्माण गर्ने नीतिलाई अङ्गिकार गरिनेछ ।

२२. विद्युत प्रशारण लाइनको केन्द्रीय लाइनमा आवद्ध हुन बाँकी वडा एवमं टोलहरूलाई केन्द्रीय प्रशारण लाइनमा आवद्ध गराउनका साथै विद्युतको पहुचः पुग्न नसकेका घर परिवारहरूलाई विद्युत सेवामा आवद्ध गराइनेछ । साथै प्रदेश सरकार तथा नेपाल विद्युत प्राधिकरणको समन्वयमा यस गाउँपालिका भित्र रहेका पुराना जिर्ण काठका पोलहरूलाई फलामे पोलद्वारा विस्थापित गरिनेछ ।

२३. गाउँपालिका भित्रको जलश्रोतको उपयोगबाट जलविद्युतको संभावनालाई उजागर गर्नका लागि लगानीकर्ताहरूलाई उपयुक्त स्थानहरूमा हाइड्रोपावर सञ्चालनमा आकर्षित गर्ने र एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्न उपयुक्त स्थानहरूमा संयुक्त लगानीमा साना जलविद्युत आयोजनाहरू प्राथमिकताका साथ सञ्चालन गर्ने नीति अङ्गिकार गरिनेछ ।

२४. यस गाउँपालिकाका सबै गाउँ टोल बस्तीसम्म संचार क्षेत्रको बिस्तार गरिनेछ । टेलिफोन नेटवर्क सेवा प्रभावकारी हुन नसकेका क्षेत्रहरूमा नेपाल टेलिकम लगायतका सम्बन्धीत निकायहरूसँग समन्वय गरी टेलिफोन सेवा प्रभावकारी बनाइनेछ ।

२५. गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा केबल नेटवर्क र इन्टरनेट सेवालाई जनताको पहुँच सम्म पुऱ्यानका लागि अप्टिकल फाइबर नेटवर्किङ कार्यलाई निरन्तरता दिन सरोकारवाला निकायहरूसँग समन्वय गरी सूचना प्रविधिको उचित विकास गरिनेछ । साथै गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरूमा इन्टरनेट सेवा उपलब्ध गराईनेछ ।

२६. यस गाँउपालिकाको क्षेत्रगत विशेषताका आधारमा आवश्यक पूर्वाधार संचरनाहरू निर्माण गरी ग्रामीण क्षेत्रलाई आकर्षण केन्द्रको रूपमा विकास गर्दै बसाईसराईलाई नियन्त्रण गर्ने र बस्न योग्य बस्तीको रूपमा विकास गरिनेछ ।

**ग) सामाजिक विकास**

**१) शिक्षा**

१.१. सबै प्रकारका विकास मानवका लागि मानव विकासका लागि प्राविधिक सिप सहितको गुणस्तरीय शिक्षा सार्थक बनाउका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।

१.२. पाँच वर्षमुनिका बालबालिकको सर्वाङ्गीण विकास गर्न र प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत तहको शिक्षामा प्रवेश गर्ने वातवरण तयार गर्न सबै विद्यालयमा बालविकास केन्द्र अनिवार्य गरी प्रारम्भिक बालकक्षाका लागि निर्धारित मापदण्ड अनुरूप बालकक्षाहरू सुधार, कार्यरत सहजकर्ताको क्षमतामा विकासका गरिनेछ साथै बालकक्षाका शिक्षकहरू, विद्यालय कर्मचारी, विद्यालय सहयोगीको लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम तलब उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१.३. विद्यालय तहको शिक्षालाई गुणस्तरीय वनाई सार्वजनिक विद्यालयहरूलाई विद्यार्थीको रोजोइको केन्द्र रूपमा निर्माण गर्न विद्यालय व्यवस्थापन खर्च तथा प्रधानाध्यापकको मनोबल उच्च बनाउनको लागि प्रधानाध्यापकहरूको भत्तामा प्रोत्साहन स्वरूप थप गरिनेछ ।

१.४. अन्नपूर्ण पोलिटेक्निकल इन्स्टिच्युट (अन्नपूर्ण बहु प्राविधिक शिक्षालय) बाट अध्यापन गराईने बाली विज्ञानका अतिरिक्त अन्य प्राविधिक बिषयहरू थप गरी अध्यापन गराउन पहल गरिनेछ साथै मागमा आधारित लामा,छोटा अवधिका व्यवसायिक तालिमहरू सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१.५. शिक्षकको मनोवल उच्च राख्न '**शिक्षकलाई सम्मान गरौ, बालबालिकालाई माया गरौ**' भन्ने आदर्शलाई प्रथामिकतामा

राखी शिक्षण पेशालाई सम्मानित र मर्यादित पेशाका रूपमा विकास गरिनेछ । साथै बालबालिकालाई अध्ययनमा लगनशील हुने वातावरण तयार गरिनेछ र निश्चित मापदण्ड तयार गरी शिक्षित एवं विद्यार्थीहरूलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।

१.६. गाउँपालिकाका सबै शिक्षण संस्थाहरूमा इन्टरनेट जडानको व्यवस्था, शैक्षिक पूर्वाधारको विकास, तालिम प्राप्त इमान्दार दक्ष प्रविधि मैत्री शिक्षक, शिक्षण सामग्रीको व्यवस्थापन, प्रभावकारी अनुगमन निरीक्षण र मूल्याङ्कन प्रणाली, नवीनतम प्रविधिको प्रयोग गरी प्रविधि मैत्री, गुणस्तरीय र जीवनउपयोगी शिक्षाको प्रवर्धन गरिनेछ ।

१.७. निरन्तर शिक्षा, एवम् साक्षरता, साक्षरोत्तर शिक्षा र गाउँपालिकाको पूर्ण साक्षर कार्यक्रममा दीगोपना कायम गर्नका लागि सामुदायिक सिकाई केन्द्रहरूलाई क्रियाशील गराइनेछ । साथै प्रौढ आमा- बुबालाई मोबाइल तथा आधुनिक विद्युतीय सामान चलाउन सिकाउन डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

१.८. कोभिड-१९ महामारी र दैविक प्रकोपका कारणले पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरेर सम्भव भएसम्म भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम् रेडियोमार्फत, दूर तथा बैंकल्पिक शिक्षा कार्यक्रमबाट अध्ययन अध्यापनको लागि पहल गरिनेछ । साथै महामारीबाट स्वच्छ विद्यालय, सुरक्षित विद्यालय निर्माणको लागि विद्यालय शिक्षक, कर्मचारी, विद्यार्थीलाई कोभिड-१९ बिरूद्धको खोपको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.९. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा प्रवेश गराई ‘बालबालिकालाई विद्यालय ल्याऔं, पढाइमा टिकाऔं र दिगो सिकाऔं’ कार्यक्रमलाई प्रभावकारी बनाइने छ र गाउँपालिकाका सबै बालबालिकाहरूलाई अनिवार्य आधारभूत गुणस्तरीय शिक्षा र कम्तीमा माध्यमिक तहसम्मको शिक्षा पूरा गर्ने वातावरण सिर्जना गरिनेछ । साथै गाउँपालिका भित्र उच्च शिक्षा (स्नातक तह वा सो भन्दा माथि) अध्यापन गराउने शैक्षिक संस्थालाई प्रोत्साहन स्वरूप अनुदान उपलब्ध गराउनेछ ।

१.१०. सबै तहका शिक्षकहरूलाई मागमा आधारित शिक्षण सिकाइ तालिम प्रदान गर्दै शिक्षण सिकाइमा आएका कठिनाइलाई न्यूनीकरण गर्दै विद्यालय शैक्षिक गुणस्तर परिक्षणका निश्चित मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्ट नतिजाका विद्यालय, शिक्षक र विषयगत शिक्षकलाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिनेछ ।

१.११. गरीब, विपन्न अभिभावक विहिन साथै अपांगता भएका अभिभावकका बालबालिका आर्थिक अवस्थाका कारणवाट अध्ययनमा कठिनाई भएका वालबालिकाको वास्तविकता पत्ता लगाई आवश्यक छात्रवृत्ति तथा दिवा खाजा उपलब्ध गराई विद्यालय तहको शिक्षा पूरा गर्ने वातावरण तयार सिर्जना गरिनेछ । साथै चिकित्साशास्त्र तर्फको उच्च शिक्षा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरूलाई दिइँदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.१२. सामुदायिक विद्यालय र संस्थागत विद्यालय बीच, शिक्षण सिकाइ क्रियाकलाप र शैक्षिक तथा व्यवस्थापकीय पक्षहरूमा देखिएका असल अभ्यास सम्वन्धी अनुभवहरूको आदन प्रदान गर्ने वातावरण तयार गरिनेछ । साथै संस्थागत विद्यालयबाट नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्तिलाई पिछडिएका, गरीब तथा दलित विद्यार्थीका निम्ति उपलव्ध गराउन सहजीकरण गरिनेछ ।

१.१३. अन्नपूर्ण गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, संस्कृतिक, प्राकृतिक, पर्यटकीय, कृषि तथा पशुपालन व्यवसाय लगायतका पक्षहरूलाई समेटेर यस गाउँपालिकाको पहिचान हुने गरी विद्यालय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१.१४. यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई सेनेटरी प्याड निःशुल्क

उपलब्ध गराइनेछ, साथै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१५. गाउँपालिका भित्रका मानव पुँजीको अध्यावधिक अभिलेख तयार गरीनेछ, वौद्धिक युवाहरूको समूह निर्माण गरी निजामती, संस्थान तथा शिक्षण सेवामा प्रवेश गराउन उत्प्रेरणा जगाउने कार्यक्रम सञ्चालन गरिनेछ । साथै गाउँपालिका भित्र उपयुक्त स्थानमा धार्मिक पुस्ताकालय व्यवस्थापन एवं सञ्चालन गरिनेछ ।

१.१६. विद्यालयमा अपाङ्गता भएका वालबालिकाको पहिचान गरी सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूमा शिक्षाको पँहुच पुर्‍याईनेछ, मौजुदा विद्यालय संरचनालाई अपाङ्गतामैत्री बनाइनेछ ।

१.१७. कास्की जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा नेपाल सरकारबाट नमुना विद्यालयको रूपमा छनोट भएको माछापुच्छे मा.वि. शैक्षिक पूर्वाधारको पूर्णरूपमा विकास गर्री गा.पा.का कै नमुना विद्यालयको रूपमा विकास गरिनेछ । उक्त नमुना विद्यायललाई अन्य विद्यालयले नमुना सिकाइ केन्द्रका रूपमा प्रयोग गर्ने प्रबन्ध मिलाइनेछ ।

१.१८. सार्वजनिक विद्यालयको सबलिकरण र सुदृढिकरण गर्नका लागि "**जाहाँ विद्यार्थी ताहाँ विद्यालय**", साथै विद्यार्थी र शिक्षकको अनुपात मिलाउनका लागि न्युन विद्यार्थी भएका विद्यालय एकआपसमा समायोजन, कक्षा स्थगन वा एकिकरण गरी शिक्षक दरबन्दी व्यवस्थापन कार्यलाई अगाडि बढाईनेछ ।

१.१९. राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमलाई विद्यालयको नियमित कार्यक्रमको रूपमा निरन्तरता प्रदान गरिनेछ ।

१.२०. अध्यापनका क्रममा आएका समस्या समाधानका साथै नवीन प्रविधिका माध्यमबाट शिक्षण सिकाइ गर्दै एकापसमा अनुभव आदान प्रदानका लागि वियषगत समिति गठन गरी प्रभावकारी शिक्षण सिकाइका लागि आमुन्ने सामुन्ने छलफल, अन्तरक्रिया, गोष्ठी, कार्यशाला, अनलाइन बैठक, छलफल, विद्यार्थी शिक्षकका अतिरिक्त क्रियाकलाप एवम् सूचना प्रविधिको समुचित प्रयोग गर्ने आवश्यक कार्यक्रम विकास र सञ्चालन गरी पठनपाठनलाई गुणस्तरीय बनाइने छ ।

१.२१. विद्यालय शिक्षामा अनुगमन र सुपरिवेक्षण गर्न अनुभवी तथा सक्षम शिक्षक, प्र.अ., विश्वविद्यालयका प्राध्यापक, शिक्षा प्रशासक, पालिकाका सम्बद्ध पदाधिकारी, शिक्षाविद, विज्ञ, वि.व्य.स प्रतिनिधि एवम् जनप्रतिनिधिसमेतको समूह निर्माण गरी विद्यालयको अनुगमन, सुपरिवेक्षण गर्ने र शिक्षक तथा विद्यालयका समस्यालाई स्थलगत रूपमै समाधान तथा सहजीकरण गर्न सामूहिक अनुगमन तथा निरीक्षण प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

१.२२. गाउँपालिकाका शैक्षिक कार्यक्रम तथा विभिन्न जानकारीमूलक सूचना, विद्यालयका असल अभ्यास, नमुना कार्य तथा विविध शैक्षिक कार्यक्रम सम्बन्धी जानकारी प्रकाशन गर्ने उद्देश्यले चौमासिक रूपमा अन्नपूर्ण शैक्षिक बुलेटिन प्रकाशन गरी सबै विद्यालय तथा वि.व्य.स. र जनप्रतिनिधिलाई उपलब्ध गराइने छ । साथै उक्त बुलेटिनलाई गाउँपालिकाको वेबसाइटमा समेत राखिनेछ ।

१.३२. शिक्षाका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन गाउँ शिक्षा समितिलाई क्रियाशिल बनाउदै स्वीकृत संघीय, प्रदेश तथा स्थानीय तहको कार्यक्रम बीच समन्वय गरी उपलब्ध साधन स्रोतको उच्चतम उपयोग गर्न शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरी सो अनुसार स्वीकृत गराएर लागु गरिनेछ ।

## २) स्वास्थ्य

२.१. कोभिड-१९ रोगको नियन्त्रणको लागि भारत लगाएत तेस्रो मुलुक तथा नेपाल भित्रकै प्रभावित क्षेत्रबाट आएका यस पालिका भित्रका व्यक्तिहरूलाई १० दिन अनिवार्य होम क्वारेन्टाइनमा राखी त्यसपछि आवश्यकता अनुसार स्वास्थ्य परिक्षण गरी परिवार एवं समुदायमा रहने व्यवस्था मिलाईएको छ ।

२.२. संघीय सरकारको सहकार्य र अनुमतिको आधारमा गाउँपालिकाबासीहरूलाई कोभिड-१९ विरूद्धको खोप उपलब्ध

गराईनेछ, संघीय सरकारबाट खोप खरिदको लागि अनुमति प्राप्त भएमा खोप खरिदको लागि आवश्यक रकमको कमी हुन नदिई गाउँपालिकाबाट आर्थिक स्रोतको व्यवस्थापन गरी क्रमशः सबै नागरिकहरूलाई खोप लगाउने व्यवस्था मिलाईनेछ ।

२.३. महामारी रोकथाम र नियन्त्रणका लागि सबै स्वास्थ्य निकायहरू र समुदायको तयारी अवस्था र तत्काल प्रतिकृया गर्ने क्षमताको विकास गरिनेछ । बिपत ब्यबस्थापनको लागि पालिका स्तरीय RRT (Rapid Response Team) तथा समुदायस्तरीय CRRT (Community Rapid Response Team) टोलीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ । आवश्यकता अनुसार समुदाय स्तरमै PCR Test तथा Antigen माध्यमबाट परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२.४. '**म मेरो स्वास्थ्य र मेरो जिम्मेवारी**' भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रूपमा अंगिकार गर्दै यस गाँउपालिकाका सबै वडामा स्वास्थ्य बिमा गर्न जनतालाइ प्रोत्साहित गरिनेछ । संविधानले निर्देश गरे अनुरूप गुणस्तरिय स्वास्थ्य सेवामा सबैंको सहज, सुलभ र समान पहुच स्थपित गर्न कटिबद्ध हुने र सोहिअनुसारको आवश्यक नीतिगत, वित्तीय र व्यवस्थापकिय माध्यमद्वारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै आधारभूत स्वास्थ्य सेवा बाहेकका सेवाहरू सामाजीक न्यायको सिद्धान्तद्वारा अनुप्राणित स्वास्थ्य विमा ऐन अनुरूप प्रदान गरिनेछ । विपन्न नागरीकलाई स्थानीय तहले बिमा प्रिमियम रकम बेहोर्ने गरी प्रक्रिया अगाडि बढाइनेछ साथै स्वास्थ्य विमामार्फत प्रदान गरिने सेवाको पहुँचलाई विस्तार गरी विपन्न नागरीक कोषलाई स्वास्थ्य विमा अन्तर्गत एकिकृत गरी छुट्टै '**स्वास्थ्य विमा कोष**' खडा गरिनेछ ।

२.५. यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुंच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न बनाइने छ । बर्थिङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको पर्याप्त व्यवस्था गरी संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र घरैमा प्रसुति हुने प्रचलनलाई पूर्णतया निरूत्साहित गरी घरमा प्रसुति हुने क्रमलाई शुन्यमा झारिनेछ । आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै आवश्यकता र सेवा केन्द्रको नक्सांकन गरी बर्थिङ सेन्टर मार्फत आकस्मिक प्रसुति सेवा EOC क्रमशःविस्तार गर्दै लैजाने नीति लिइनेछ ।

२.६. आपतकालिन मातृ तथा शिशु स्वास्थ्य व्यवस्थित गर्न गाउँपालिकामा '**आपतकालिन सुरक्षित मातृत्व कोष**' स्थापना गरिनेछ साथै १२ देखि ५५ वर्ष उमेर समूहका महिलाहरूको मृत्यु भएमा गरिने सूचना प्रणाली (MPDSR) कार्यक्रमलाई महिला स्वास्थ्य स्वयमसेवक मार्फत सम्पूर्ण वडाहरूमा पुर्याइनेछ ।

२.७. पूर्णखोपको सुनिश्चितता, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाँउघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक नीति लिईनेछ । खोपद्वारा रोकथाम गर्न सकिने रोगहरूको रोकथामको लागि रास्ट्रिय निर्देशिका अनुसार निरन्तरता दिईनेछ साथै यस आ.ब. बाट टाईफाइट खोप अभियान सञ्चालन गरि नियमित खोप सेवामा टाईफाइट खोप शुरूवात गरिनेछ, गुणस्तरीय खोपको प्रवर्द्धनको लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

२.८. यस पालिकाको गौरवको आयोजनाको रूपमा रहको नागडाँडा स्वास्थ्य चौकीमा १५ शैयाको अस्पताल निर्माण कार्य सुरूवात भईसकेको हुँदा आगामी वर्षमा भवन निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याई पालिकाबासीलाई स्वास्थ्य तर्फको उपचारात्मक सेवा सरल र सहज रूपमा उपलब्ध गराईनेछ ।

२.९. परिवार स्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरिनेछ । युवा

तथा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई पूर्णता दिन विद्यालय नर्स कार्यक्रम थालनी गरिनेछ ।

२.१०. कुनै पनि नागरीक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराउने । सबै तहका स्वास्थ्य संस्थाहरूलाई गुणस्तरिय सेवा प्रदान गर्न सक्षम बनाउन आवश्यक पूर्वाधारहरूको प्रत्याभूति, अनुगमन र सुपरिवेक्षण गर्दै स्वास्थ्य निकायहरूलाई स्वास्थ्यमा सबै नागरीकको पहुँच सुनिश्चित गराउने माध्यम बनाइने छ ।

२.११. प्राथमिक स्वास्थ्य सेवाका प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवामा दिईआएको प्राथमिकतालाई कायमै राख्दै स्वास्थ्य क्षेत्रको जनस्वास्थ्य अभिमुखिकरणलाई अझ सुदृढ गरिनेछ । मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी स्थानीय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र प्रभावकारिताको अभिवृद्धिलाई प्राथमिकता दिईनेछ ।

२.१२. गुणस्तरीय औषधिको सहज तथा प्रभावकारी आपूर्ति मार्फत १२ महिना नै औषधि तथा अन्य सामग्रीको आपूर्तिलाई पुरा गर्न स्वास्थ्य संस्थाको मागको आधारमा वितरणलाई सुनिस्चित गरिनेछ, साथै गाउँपालिकाबासीहरूलाई सर्व सुलभ रूपमा औषधी उपलब्ध गराउनका लागि गाउँपालिका स्तरीय फार्मेसी सञ्चालन गर्न पहल गरिनेछ ।

२.१३. समुदायस्तरमा संक्रामक रोगको प्रभावकारी नियन्त्रण भइ नसकेको अवस्थामा हाल विश्व लगायत हाम्रो देशमा देखिएको कोभिड १९, कोरोना भाइरस सहित नयाँ संक्रामक रोग र उपेक्षित ट्रपिकल रोगहरू महामारीकै रूपमा देखापर्न थालेको जलवायु परिवर्तन, प्राकृतिक विपद्, पशु संसर्ग र उपयूक्त खोपहरूको अभावले गर्दा कतिपय संक्रामक रोगहरूको नियन्त्रणमा परेको कठिनाईलाई संबोधन गर्न संक्रामक रोगको नियन्त्रण र जनस्वास्थ्य प्रणालीको सुदृढिकरण विचको अन्तरसंबन्धलाई घनिभूत बनाईनेछ ।

२.१४. महामारी रोकथाम र नियन्त्रण, प्रतिजैविक औषधीहरूको प्रभावकारिता, अस्पताल र स्वास्थ्य निकायहरूको तैयारी अवस्था र तत्काल प्रतिकृया गर्ने क्षमता, प्रयोगशालाहरूको विस्तार र क्षमताबृद्धि, स्क्रिनिंग आदिको लागि छुट्टै नीति तथा रणनीति बनाइ समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्ने साथै क्षयरोग, औलो, एच. आई. भि. एड्स, कुष्ठरोग, कालाजार, डेंगु लगायतको उपेक्षित ट्रपिकलरोगहरू, हात्तीपाइले, जापानीज इन्सेफाइलाइटिस, स्क्रब टाईफस, रेबिज लगायत अन्य संक्रामक रोग नियन्त्रण र जनस्वास्थ्य प्रणाली सुदृढिकरण बीचको अन्तरसम्बन्धलाई मजबुत बनाइनेछ ।

२.१५. स्वास्थ्य पोषण र विकास सहकारीहरू र अन्तरक्षेत्रिय समन्वयको माध्यमबाट गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरी कुपोषणलाई न्यूनीकरण गर्ने र पोषण संबन्धि जनचेतना बढाउन घरमा बस्ने र विद्यालय जाने उमेरका बालबालिकाहरूका स्वास्थ्य तथा पोषण प्रवर्द्धनलाई विशेष संबोधन गरिनेछ । जसका लागि विद्यालयमा कुनैपनि प्रकारका प्याकेटका खानेकुरा Junk food लाई निरूत्साहित गरिनेछ र २ वर्ष मुनिका बालबालिकाहरूको हरेक महिना तौल अनुगमन गर्दै पूर्ण पोषण युक्त वडा घोषणा कार्यक्रम शुरू गरिनेछ ।

२.१६. विपद तथा दुर्घटनाबाट हुने चोटपटकका कारण अपांगता र मृत्युमा भैरहेको तीव्र वृद्धिलाई सम्बोधन गर्न रोकथाम,शिघ्र उपचार र दोहोरो प्रेषण प्रणालीलाई प्रभावकारी बनाइने साथै गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवा विस्तारको पहल गरिनेछ ।

२.१७. आमा, नवजात शिशु, बालबालिका र किशोरीहरूको स्वास्थ्य प्रबर्धनमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने गुणस्तरीय नर्सिङ तथा मिडवाइफ्री सेवा र मध्यमस्तर स्वास्थ्यकर्मीहरू सहज, सुलभ एवं प्रभावकारी रूपमा

जनताको पहुचमा पुर्याउन बर्थिङ सेन्टरको क्षमता विकास, आवश्यक दक्ष नर्सिङ जनशक्तिको व्यवस्था, उत्पादन, परिचालन, पेशागत वृत्तिविकाश र तालीमद्वारा सेवाको गुणस्तरमा वृद्धि गरिनेछ ।

२.१८. महिला स्वास्थ्य स्वयंसेविकाहरूको कार्यक्रमलाई चुस्त र प्रभावकारी बनाउन बिशेष प्रोत्साहन स्वरूप आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।

२.१९. स्वास्थ्य सम्वन्धी सन्देश एवं सूचना सुलभ रूपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न तथा सेवाग्राहीले उपचार सम्बन्धी जानकारी पाउने हक सुनिश्चित गर्ने,स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरूको गुणस्तर र विश्वसनियतामा बृद्धि गरी त्यसको आधारमा प्रमाणमा आधारित नीति तथा योजना बनाइने छ । साथै गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक पूर्वाधार तथा क्षमता विकास गरी इन्टरनेट रिपोर्टिङ प्रणाली DHIS लाई प्रभावकारी बनाइनेछ ।

२.२०. स्वास्थ्य बहुक्षेत्र विषय भएको यथार्थलाई आत्मसात गर्दै सबै सार्वजनिक नीतिहरूमा स्वास्थ्यको मुद्दालाई सम्बोधन गर्न र स्वास्थ्यमा बहुक्षेत्रिय सहकार्य र सहयोगलाई प्रभावकारी ढङ्गबाट कार्यन्वयन गर्न स्वास्थ्य क्षेत्र र अन्य क्षेत्र बीच समन्वयको नीति अपनाइनेछ ।

२.२१. स्वास्थयकर्मी र सेवाग्राहीविच पेशागत सुमधुर सम्बन्धको सुनिश्चितता गर्न संवन्धित निकायहरूसंग समन्वय गरी स्वास्थ्यकर्मिहरूको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरूप्रति स्वास्थ्यकर्मिहरूले निर्वाह गर्नुपर्ने पेशाधर्मिता (आचारसंहिता) को पालनालाई सुनिश्चित गरिनेछ ।

२.२२. जेष्ठ नागरीकहरूको संख्यामा भैरहेको वृद्धिलाई ध्यानमा राख्दै स्वास्थ्यका समस्याहरूलाई प्राथमिक स्वास्थ्य सेवाको तहदेखिनै व्यवस्थापन गरी प्रेषण प्रणाली मार्फत अस्पतालसम्म ज्येष्ठ नागरीकको पँहुच सुनिश्चित गरिनेछ साथै पालिकाका विभिन्न ठाउहरूमा आवश्यकता र मागका आधारमा बिषेशज्ञ सहितको निशुल्क स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ ।

२.२३. स्वास्थ्य सेवालाई प्रभावकारी, सुरक्षित, विश्वासिलो, जनकेन्द्रित, तथा समतामुलक बनाउंदै स्वास्थ्य सेवाको उपयोगमा बृद्धि गरी आम जनताको स्वास्थ्य विकासद्वारा देशको समष्टिगत विकासमा योगदान पुऱ्याउने स्वास्थ्य क्षेत्रको उदेश्य प्राप्तिको लागि स्वास्थ्य सेवाको गुणस्तरियतामा अधिकतम बृद्धि गरिनेछ ।

### ३) आयुर्वेद

३.१. अन्नपूर्ण गाउँपालिका भित्र रहेका सम्भाव्य जडिबुटीहरूको अध्ययन अनुसन्धान गरी स्थानीय जडिबुटीको पहिचानका साथ सो को उपयोग गर्दै आयुर्वेद उपचार पद्धति, ध्यान शिक्षा तथा योग अभ्यासलाई अन्नपूर्ण गाउँपालिकाको प्रत्येक वडामा विशेष योजना बनाई बिस्तार गरिनेछ ।

३.२. कोभिड-१९ ले मानव जाति माथिनै दिएको चुनौतीको सामना गर्नका लागि रोग प्रतिरोगात्मक क्षमताको विकासमा वृद्धि गर्न योग, ध्यान र आयुर्वेदीक औषधीहरूको प्रयोगलाई बढाई जडिबुटीजन्य औषधीहरू आफ्नै करेसाबारीमा उत्पादन गरी उपयोग गर्ने बानीको विकासका साथ स्वस्थ नागरिक कायम गर्न आयुर्वेद सेवाको विकास र विस्तार गरिनेछ ।

३.३. गाउँपालिकामा रहेको एक मात्र आयुर्वेद औषधालयलाई सुविधा सम्पन्न बनाउदै औषधालयबाट सञ्चालित गाउँघर क्लिनिक, नसर्ने रोग ब्यबस्थापन कार्यक्रम, जेष्ठ नागरिक सेवा कार्यक्रम, स्तनपायी आमा सेवा कार्यक्रम अन्तर्गत दुग्ध बर्धक जडिबुटीजन्य औषधी वितरण कार्यक्रमलाई बिस्तार गरिनेछ ।

३.४. पञ्चकर्म तथा पूर्वकर्म सेवा कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाउनुका साथै बाथ तथा विभिन्न

स्वास्थ्य समस्या, नश्वकर्म, जानुवस्ती, कटीवस्ती, पोटलीशोधन जस्ता उपचार पद्धतीहरूलाई प्रभावकारी बनाईनेछ ।

३.५. गाउँपालिका क्षेत्रभित्र आयुर्वेद सेवामा जनताको पहुँच स्थापित गर्नका लागि गण्डकी आयुर्वेद औषाधालयको समन्वय र सहयोगमा अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा स्थापित नागरिक आरोग्य सेवा केन्द्रलाई थप सशक्त र प्रभावकारी बनाईनेछ ।

### ४) खानेपानी तथा सरसफाई

४.१. गाउँपालिकाको स्थापना पश्चात निरन्तर रूपमा नागरिकहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र एक घर एक धारा अभियान कार्यक्रमलाई महत्वपूर्ण आयोजनाका रूपमा सञ्चालन गर्दै आईरहेकोमा खानेपानी सुविधा नपुगेका सबै घरधुरीमा आधारभुत स्तरको खानेपानी पुर्याउन संघ, प्रदेश सरकार र अन्य गैर सरकारी संघसंस्था सँगको साझेदारीमा **“एक घर एक धारा”** कार्यक्रमलाई निरन्तरता दिदै आगामी वर्ष भित्र सबै घरधुरीहरूमा एक घर एक धारा सम्पन्न गरिनेछ ।

४.२. गाउँपालिका अन्तर्गत सञ्चालित हालका खानेपानी आयोजनाहरूको पानीको श्रोतले दिर्घकालसम्म जनताको खानेपानी आवश्यकतालाई पुरा गर्न नसक्ने भएकोले यस क्षेत्रमा भविष्यमा हुन जाने खानेपानीको अभावलाई पुरा गर्न र शुद्ध, सफा, स्वच्छ, हिमालको जराको खानेपानी उपलब्ध गराउन र सो पानीको उपयोगबाट खानेपानीको व्यवसायीक फर्म समेत सञ्चालन गरी गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्याउनका लागि संघीय सरकारबाट स्वीकृत लान्द्रुक अन्नपूर्ण गाउँपालिका बृहत खानेपानी आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाको रूपमा निर्माण गर्नका लागि संघीय आयोजना कार्यालयसँग आवश्यक समन्वय गरी यथासक्य कार्यान्वयन चरणमा अगाडि बढाईनेछ ।

४.३. सम्पन्न भएका खानेपानी आयोजनाहरूको पानीको मुहान संरक्षण र सम्बर्द्धन गर्ने, पानीको स्रोतलाई लोप हुन नदिनका लागि जगेर्ना गर्ने, नियमित खानेपानी आपुर्ति र गुणस्तरीयताका लागि स्थानीय खानेपानी तथा सरसफाई समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाहरूको दिगोपना कायम गरी खानेपानी आपुर्तीलाई सरल र सहज तुल्याईनेछ ।

४.४. हालको आधारभुत खानेपानीको व्यवस्थामा सुधार र स्तरोन्नती गर्दै क्रमशः गुणस्तरीय खानेपानी उपलब्ध गराउनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने तथा पानीको गुणस्तरीयता मापन गरी पालिकाबासीलाई शुद्ध खानेपानीको सुनिश्चितता गरिनेछ ।

### ५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

५.१. बहुबिवाह बालबिवाह, अनमेल बिबाह घरायसीरूपमा हुने सबै प्रकारका लैङ्गिक हिंसा, लैङ्गिक विभेद र सबै प्रकारका कुरीति एवमं कुसंस्कारको अन्त्य गर्न गाउँपालिकाभित्र सञ्चालित वा कार्यरत संघ संस्थाहरूसँग सहकार्य र समन्वय गर्दै सचेतनाका कार्यक्रमहरू सञ्चालन गरी सामाजिक रूपान्तरण गरिनेछ ।

५.२. सबै विद्यालयहरू र वडाहरूमा बालक्लब गठन, गाउँपालिका स्तरीय बाल सञ्जाल, किशोरकिशोरीहरूको समूह गठन गरी बालबालिका र किशोरकिशोरीको शैक्षिक, वौद्धिक र नेतृत्व विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३. सबै प्रकारका अपाङ्गता भएका व्यक्तीहरू र गाउँपालिका अन्तर्गतका जेष्ठ नागरीकहरूलाई वितरण गर्दै आएको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिदैं त्यस्ता व्यक्तीहरूको सामाजिक संरक्षणका साथ अपांगता भएका

व्यक्तिहरूको आय आर्जन, क्षमता विकास लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५.४. सबै प्रकारका बालश्रमिकहरूको अन्त्य, गाउँपालिकाभित्र बेबारिसे बालिबालिका अभिभावक नभएका बालबालिका र मानसिक सन्तुलनका कारण बेबारिसे व्यक्तिहरूको पहिचान गरी त्यस्ता व्यक्तिहरूको संरक्षण सवर्धन साथै उचित व्यवस्थापन गरिनेछ ।

५.५. गाउँपालिकामा सञ्चालन गरिने हरेक क्रियाकलापमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र पहुँच अभिवृद्धि गरी सामाजिक सदभाव कायम गरिनेछ ।

५.६. दलित, आदिवासी, जनजाती सिमान्तकृत वर्गहरूको परम्परागत सीप विकास, भेषभुषा, भाषा लिपि तथा संस्कृतिको संरक्षण संम्वर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५.७. गरीब, विपन्न वर्गको उत्थान गरी आयआर्जन एवमं गरीबी न्यूनिकरणको लागि गाउँपालिकाबाट उपलब्ध गराईने सबै प्रकारका अनुदान तथा सहयोग आर्थिक, सामाजिक र विपन्नताको आधारमा उपलब्ध गराईनेछ ।

५.८. बालमैत्री स्थानीय शासनको प्रयोग गर्दै अन्तराष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धी एवमं राष्ट्रिय नीतिहरूले समेत निर्देशन गरेका बाल बचाउ, बाल बिकास, बाल सहभागिता र बाल संरक्षणको अधिकारलाई सुनिश्चित गर्दै बालबालिकाको शैक्षिक, बौद्धिक साथै नेतृत्व विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५.९. आर्थिक, सामाजिक, भौगोलिक रूपमा पिछडिएका महिलाहरूको क्षमता विकासको लागि महिलाहरूको आय आर्जन, क्षमता विकास र सशक्तिकरणका लागि गाउँपालिका र पालिकाबासी बीच समन्वय कायम गरी सुमुधर सम्बन्ध स्थापना गर्नको लागि महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

५.१०. अति विपन्न, असहाय, अनाथ, हिंसामा परेका महिलाहरूलाई साहायता एवमं उद्धार गर्नको लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोष मार्फत पिडित महिलाहरूको राहत तथा उद्धार गरिनेछ ।

**घ) वन, वातावरण तथा बिपद ब्यबस्थापन**

१. "**वैज्ञानिक व्यवस्थापन सहितको हरियो वन, अन्नपूर्णको स्वच्छ वातावरण स्वस्थ्य जीबन**" भन्ने मुल नारालाई अङ्गिकार गर्दै वन तथा वन्यजन्तु संरक्षण, दिगो वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सबल बनाउदै लगिनेछ ।

२. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुल तथा गरीब र विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुर्‍याउने कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिईने छ ।

३. भइरहेका रूख बिरूवा र बनजंगलको संरक्षण गर्दै नयाँ वृक्षारोपण कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ । स्थानीय समुदाय, टोल विकास संस्था, सुरक्षा निकाय, नागरीक समाज तथा संचार माध्यमसँग समन्वय र सहभागितामा वन डढेलो रोकथाम तथा नियन्त्रण गरिनेछ ।

४. गाउँपालिका अन्तर्गतका पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, कुवा, पोखरी, चौतारी, विश्राम स्थलहरू र त्यसको महत्वसँग जोडिएका रूख विरूवाहरूको संरक्षण गरी यस्ता स्थानहरूमा वर, पिपल, समी लगायतका विरूवाहरू रोपण गर्ने र सडकपेटी किनाराहरू एवमं पार्क, विद्यालय, स्वास्थ्य चौकी एवमं सार्वजनिक स्थलहरूमा **हरियाली प्रवर्धन कार्यक्रम** सञ्चालन गरिनेछ ।

५. जडिबुटीको खोज अनुसन्धान र संरक्षणका लागि आवश्यक कार्यक्रम बनाइनेछ । गाउँपालिकाको कुनै उपयुक्त स्थानमा सबै प्रकारका जडिबुटी रोपण गरी जडिबुटी पार्क निर्माण गरिनेछ ।

६. फेवाताल जलाधार क्षेत्रको तल्लो तट र उपल्लो तट बीचको बातावरणीय सन्तुलन कायम गर्नका लागि पोखरा महानगरपालिका र प्रदेश सरकारसँग समन्वय गर्दै उपल्लो तटीय क्षेत्रको पारिश्रमिक सेवाको भुक्तानी प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७. सबै प्रकारका बिकासका पूर्वाधार निर्माण कार्य जैबिक विविधतामा असर नपर्ने गरी वातावरण मैत्री बनाइने छ । सडक वरीपरी पहिरो नियन्त्रणको लागि अम्लिसो, निगालो जस्ता बोटबिरूवा रोपी वातावरण सन्तुलन कायम गर्दै उत्पादन र आयआर्जनमुलक बोटबिरूवा रोपण कार्यलाई प्राथमिकता दिईनेछ ।

८. फोहोरमैला व्यवस्थापन गर्न प्रत्येक टोलमा टोलस्तरीय सरसफाइ व्यवस्थापन समिति गठन गरी सरसफाईको कार्य अगाडि बढाइनेछ । गाउँपालिका स्तरमा एउटा ल्याण्डफिल्ड साइडको स्थापना गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

९. कोभिड १९ लगायतका महामारीजन्य रोगहरूबाट सुरक्षित रहन जनप्रतिनिधि, कर्मचारी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक परिचालन गर्दै सचेतनाका कार्यक्रमहरू सञ्चालन गरी सावधानीका उपायहरू अबलम्वन गरिनेछ । हिमाल तथा पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर न्युनीकरण गर्न सरोकारवालासँगको सहकार्यमा जलाधार र हिमतालहरूको संरक्षण तथा भू-संरक्षणमा जोड दिईनेछ ।

१०. बिपद ब्यबस्थापन कोषमा प्रयाप्त बजेटको व्यवस्था गरी कार्यविधि अनुरूपका विपद प्रतिकार्यका पूर्वतयारी, खोज, उद्धार, राहत र पुर्नस्थापना गरिनेछ । विभिन्न संघ संस्थाहरूलाई सहयोगको लागि आह्वान गरी एकद्धार प्रणालीबाट सहयोग वितरण गरिनेछ । रोग पछिको उपचार र बिपद पश्चात गरिने उद्दार भन्दा सचेतना र सावधानी लाई बढी महत्व दिई सो अनुरूपका कार्यक्रमहरू गरिनेछ । गाउँपालिकाको विपद व्यवस्थापन तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ । प्रत्येक वडाका बस्तीसम्म सजिलै पहुँच हुनेगरी एम्बुलेन्स सेवाको बिस्तार गर्दै लगिनेछ ।

११. गाउँपालिका भित्र प्रयोगबिहिन अबस्थामा रहेका ढुङ्गा, गिट्टी, बालुवा रोडा लगायतका प्राकृतिक स्रोतको उच्चतम प्रयोगका लागि IEE, EIA जस्ता वातावरणिय प्रभाव मुल्याङ्कन लगायतका कानुनी प्रकृया पुरा गरी पूर्ण उपयोग गर्ने नीति लिइनेछ ।

१२. गाउँपालिकालाई पूर्ण सरसफाईतर्फ उन्मुख गराउँदै निश्चित स्थानहरूमा सार्वजनिक शौचालय निर्माण र सञ्चालनलाई निरन्तरता दिईनेछ ।

### ङ) सुशासन, संस्थागत विकास तथा सेवाप्रवाह

### १) संस्थागत तथा सुशासन

१.१. हालको वर्तमान अवस्था (कोभिड-१९) को संक्रमणमा पनि सार्वजनिक सेवा प्रवाहलाई निरन्तरता दिंदा सेवा प्रवाह गर्ने स्थल संक्रमणको माध्यम नबनोस भन्ने तथ्यप्रति सचेत हुंदै सार्वनजिक सेवा प्रवाहलाई कागज रहित बनाई विद्युतिय शासन पद्धतिको क्रमश लागु गर्दै जाने नीति अबलम्बन गरिनेछ । सेवा प्रवाह गर्दा व्यक्तिगत तथा सामाजिक दुरी र स्वास्थ्य सुरक्षाका लागि अबलम्बन गर्नुपर्ने सुरक्षाको उपाय र साधनको प्रयोग गरिने ।

१.२. यस गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउदै नागरीकमैत्री सेवा प्रवाहको वातावरण

सृजना गरिनेछ ।

१.३. कार्यरत कर्मचारीहरूको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवमं सबै कर्मचारीहरू बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवमं नतिजामुलक बनाइने छ । साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ । "Right man in Right place" को नीति अवलम्बन गरिनेछ ।

१.४. गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि **पूर्वाधार विकास तथा अभिलेख प्रणाली**लाई व्यवस्थित गर्दै प्रविधिमैत्री बनाईनेछ ।

१.५. गाउँपालिका र सो अन्तर्गतका निकायहरूबाट प्रवाह गरिने सम्पूर्ण सेवा प्रवाहलाई विद्युतीय माध्यमद्वारा सञ्चालन गरिनेछ र सो का लागि आवश्यक पर्ने Software खरिद गरी प्रयोगमा ल्याईनेछ ।

१.६. गाउँपालिकाका सूचना नीति, योजना, कार्यक्रम, बजेट, ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेबसाइट र मोबाइल एप्सको माध्यमबाट पारदर्शि रूपमा प्रकाशित गरिनेछ ।

१.७. प्रत्येक आर्थिक वर्ष पालिकाबाट सम्पादित कार्य प्रगतिको समीक्षा र चौमासिक रूपमा सार्वजनिक सुनुवाई गरी जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने कार्यलाई निरन्तरता दिईने छ । जनताको घरदैलोमा सेवा उपलब्ध गराउनका लागि विभिन्न समयमा घुम्ती सेवा सञ्चालनलाई निरन्तरता दिईने छ ।

१.८. गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना र बजेट बीच तादात्म्यता मिलाई मध्यमकालिन खर्च संरचनालाई व्यवस्थित गरिनेछ । गाउँपालिका केन्द्र तथा सबै वडा कार्यालयहरूमा डिजिटल नागरिक वडापत्र तथा क्षतिपूर्ति सहितको नागरिक वडापत्र कायम गरी सेवाग्राही प्रति उत्तरदायी संयन्त्रको विकास गर्दै लगिने छ ।

१.९. गाउँपालिकाभित्र सञ्चालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका विषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारी एवमं गुणस्तरीय तुल्याउनको लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरिनेछ ।

१.१०. गाउँपालिकाबाट पारित पदाधिकारीहरूको आचारसंहिताको प्रभावकारी रूपमा कार्यान्वयन गरी नागरिकहरूप्रति उत्तरदायी हुने संयन्त्रको विकास गरिनेछ ।

१.११. यस गाउँपालिकामा कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानून निर्माण अधिकारभित्र रही संघीय र प्रदेशसँगको तादात्म्यता अनुरूप आवश्यक कानून तथा कार्यविधिहरू निर्माण गरिनेछ ।

१.१२. गाउँपालिकाका सेवाग्राहीहरूको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी "**म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु**" भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै गाउँपालिकाबाट हुने सबै सेवाहरू छिटो, छरितो र भ्रष्टचार रहित तुल्याउदै भ्रष्टचारमा शुन्य सहनशिलता कायम गरिनेछ ।

१.१३. गाउँपालिकावासी नागरिकहरूका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरूको निष्पक्ष र प्रभावकारी निरूपण गर्नका लागि न्यायिक समितिको शसक्तिकरण गर्दै गाउँपालिका अन्तर्गत सूचिकृत मेलमिलापकर्ताहरूलाई सामाजिक सदभाव र मेलमिलाप कायम गर्ने दुतको रूपमा प्रयोग गरी न्याय सम्पादन गरिनेछ ।

**२) राजस्व**

२.१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरूको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरू निर्धारण गरिनेछ ।

२.२. गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ । साथै यस गाउँपालिका अन्तर्गत सञ्चालित हाइड्रोपावर कम्पनीहरूले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरूको उपयोग गरे बापतको कर गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२.३. विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरसबाट सृजित वर्तमान अवस्थालाई ध्यानमा राखी गाउँपालिकाले उठाउने आन्तरिक राजस्व स्रोततर्फ कर, सेवा शुल्क, दस्तुरका दररेट समायानुकुल सामान्य हेरफेर गरी सबै करदातालाई समेटी करको दायरा बिस्तार गरिनेछ ।

२.४. अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलाहरूलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुट दिइनेछ ।

२.५. गाउँपालिका भित्र सञ्चालित तर गाउँपालिकामा दर्ता नभएका सबै व्यवसायहरूलाई करको दायरामा ल्याउन आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्मको जम्मा बक्यौता रकममा लाग्ने जरिवानामा पूर्ण छुट दिइनेछ ।

२.६. विश्वव्यापी रूपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) का कारण लामो समयसम्म लकडाउन भई पर्यटन व्यवसाय तथा अन्य व्यापार व्यवसायहरू सञ्चालन नभएकोले सम्पूर्ण व्यवसायहरूको आ.ब. २०७६/०७७ र ०७७/७८ को बक्यौता रकममा लाग्ने जरिवानामा पूर्ण छुट दिइनेछ ।

२.७. गाउँपालिका अन्तर्गतका करदाताहरूलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ भने समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधा रोक्का गरिनेछ ।

२.८. राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ ।

२.९. सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदाता मैत्री बनाइनेछ ।

२.१०. सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि बनाई सार्वजनिक जग्गामा सञ्चालित सबै किसिमका व्यवसायलाई करको दायरामा ल्याइनेछ ।

२.११. कर सङ्कलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरीएको राजश्व यथा समयमा सङ्कलन गर्न वडा समिति र टोल विकास संस्थाहरूलाई परिचालन गरिनेछ ।

२.१२. अस्थायी प्रकृतिका हाट बजार तथा मुख्य बजार भित्रको पार्किङ शुल्कलाई उचित व्यवस्थापन गर्न स्थानीय क्लब, टोल विकास संस्था लगायतका संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।

२.१३. **"अन्नपूर्ण समृद्धिको लागि नियमित तिरौं करः तिरेको कर विकास मार्फत फर्किन्छ घर घर"** मान्यताकासाथ प्रत्येक वर्ष प्रथम चौमासिक अवधिभित्र सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरिनेछ ।

२.१४. गाउँपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरूजु तथा पेश्कीलाई निरूत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिनेछ । काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै बेरूजु शुन्य बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१.१५. स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम आगामी आ.व. हरूमा गाउँपालिकालाई सम्पत्ति कर प्रणालीमा आवद्ध गराईनेछ । कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक र उपयुक्त प्रविधिको प्रयोग गरी सूचना प्रविधि मैत्री बनाइनेछ ।

## ३) युवा तथा खेलकुद

३.१. विकासका हरेक प्रकृयाहरूमा सामाजिक सदभाव र सामाजिक एकिकरण अभिवृद्धि गर्दै रूपान्तरणकारी भूमिकामा युवाशक्तीलाई परिचालन गरिनेछ। युवाहरूको क्षमता विकास र सशक्तिकरणका साथ उत्पादनमूलक कार्य र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.२. गाउँपालिका भित्रका सबै वडाका युवा क्लब तथा युवा समूहहरूलाई संस्थागत दर्ता प्रकृयाको दायरामा समेटी पालिका स्तरीय युवा सञ्जाल गठन गरी सामाजिक परिचालन र विकास निर्माणका कार्यमा युवाहरूको सहभागिता अभिवृद्धि गरिनेछ ।

३.३. आर्थिक, सामाजिक विकासको सम्वाहक नै युवाशक्ति भएकोले सामाजिक सदभाव र एकीकरण अभिवृद्धि गर्ने र असल नेतृत्व, सफल व्यवसायी, उद्यमी राष्ट्रसेवकहरूको सहयोगमा युवाहरूको रूचि, चाहना, क्षमता योग्यताका आधारमा मानव पुँजी निर्माण गर्न र युवाहरूमा सकारात्मक सोचको विकास गर्न प्रेरणादायी प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३.४. कोरोनाका कारण वैदेशिक रोजगार गुमाएर नेपाल फर्किएका युवाहरूलाई अवसरको रूपमा उपयोग गर्दै "Brain Back/Muscle Back" को रूपमा उनीहरूको अनुभव सिप क्षमताको समुचित प्रयोग गरी युवाहरूलाई उत्पादनमा आधारित कृषि, पशुपालन, पर्यटन, निर्माण, उद्योग र साना घरेलु उद्योगमा आधारित कार्यमा सहभागि गराई रोजगारका अवसरहरू सृजना गरिनेछ ।

३.५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी गाउँपालिकामा सूचिकृत भएका बेरोजगार हरूलाई गाउँपालिकाभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूमा रोजगार उपलब्ध गराउने र बेरोजगारका हकमा नेपाल सरकारको नीति अनुसार बेरोजगार भत्ता उपलब्ध गराईनेछ । साथै यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न ज्ञान, सिप, क्षमता, योग्यता र अनुभव भएका व्यक्तिहरूको विवरण अध्यावधिक गरी गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना गरी निजहरूलाई ज्ञान, सिप, क्षमता, योग्यता र अनुभव अनुसारको रोजगारी दिलाउनका लागि विभिन्न रोजगारदाताहरूसँग समन्वय गरिनेछ ।

३.६. संघ र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाभित्र खेलकुदका पूर्वाधारहरू निर्माण, विकास साथै स्तरोन्नती गरिनेछ र "**एक वडा एक खेलमैदान**" निर्माण गरिनेछ । माछापुच्छे खेल मैदानलाई स्तरोन्नती गरी राष्ट्रियस्तरको खेल मैदानको रूपमा विकास गरिनेछ ।

३.७. विद्यालय स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता, विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमहरूलाई निरन्तरताका साथ यस गाउँपालिका अन्तर्गतका साविकका गाविसहरूमा स्थापित ढिकुरपोखरीको तिज विशेष मेला, भदौरे कोदो महोत्सव, लुम्ले लोकदोहोरी प्रतियोगिता र कोटेसागु भिरको हनिहन्टिङ महोत्सव, विरेठाँटीको फागुपूर्णिमा मेला, घान्द्रुकको अन्नपूर्ण म्याराथुन जस्ता प्रतियोगितालाई व्यवस्थित र परिस्कृतरूपमा सञ्चालन गरी आन्तरिक

र बाह्य खेल पर्यटकहरूको विकास गरिनेछ ।

**४) गै.स.स, निजि क्षेत्रः**

४.१. यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरूसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शि र व्यवस्थित रूपमा परिचालन गर्न NGO डेस्क स्थापना गरी सबै कार्यक्रमहरूलाई गाउँपालिका मातहतमा ल्याईनेछ ।

४.२. गाउंपालिका सँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकासका गतिविधिमा गै.स.स. सँग सहकार्य गरिनेछ । साथै अनुभव आदानप्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

४.३. विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिनेछ, विकास निर्माणमा जनसहभागिता र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ ।

# भाग ६

## विनियोजन ऐन, २०७८

## अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरूको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

कार्यपालिकाबाट स्विकृत मिति २०७८।०३।०५

प्रस्तावना : अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०७८।७९ को सेवा र कार्यहरूको लागि संचितकोष केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम अन्नपूर्ण गाउँपालिकाको दशौं गाउँसभामा यो ऐनको विधेयक पेश गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "अन्नपूर्ण गाउपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ श्रावण १ देखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८।०७९ को निमीक्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँकार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लेखीत चालु खर्च पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू ७५,२५,००,०००। (अक्षरूपी रू पचहत्तर करोड पच्चिस लाख मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन (१) यस ऐन द्वारा संचितकोषबाट खर्च गर्ने अधिकार दिऐको रकम आर्थिक वर्ष २०७८।७९ निमित्त अन्नपूर्ण गाउपालिकाको गाउकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिऐको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिऐको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्विकृति लिनुपर्नेछ ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

# नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

| क्र.स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रू. | पूजिगत खर्च रू. | वित्तीय व्यवस्था | जम्मा रू. |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | ६५०००००० | ३०००००० | | ६८०००००० |
| २ | | वडा समिति | ० | १७७०००००० | | १७७०००००० |
| ३ | | विषयगत शाखा | | | | |
| | | आर्थिक विकास समिति | २१२०००००० | १९२०००००० | | ४०४०००००० |
| | | पूर्वाधार विकास समिति | ५०००००० | १६४६२२००० | | १६९६२२००० |
| | | सामाजिक विकास समिति | ४२८५७८००० | २८८०००००० | | ४५७३७८००० |
| | | वातावरण तथा विपद व्यवस्थापन | १९०००००० | ४४०००००० | | ६३०००००० |
| | | सुशासन तथा संस्थागत विकास | १०४०००००० | ४०००००० | | १०८०००००० |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | कुल जम्मा | ५३२०७८००० | २२०४२२००० | ० | ७५२५०००००० |

**आर्थिक वर्ष २०७८/०७९ को आय/व्यय अनुमान**

| क्र.सं. | व्यय विवरण | रकम रू. | क्र.सं. | व्यय विवरण | रकम रू. |
|---|---|---|---|---|---|
| १ | संघीय समानिकरण | १०५७०००००० | १ | शशर्त अनुदान (संघीय) | २८५८०००००० |
| २ | संघीय राजस्व बाडँफाडँ | ८७०८४००० | २ | संघीय समपूरक अनुदान (गा.पा.बाट बेहोर्ने समेत) | ४१६०००००० |
| ३ | सघिय समपुरक अनुदान | २०८०००००० | ३ | गा.पा.बाट बेहोर्ने प्रदेश समपूरक अनुदान | १०००००००० |
| ४ | संघीय विशेष अनुदान | ८७०००००० | ४ | कार्यालय सञ्चालन | ६८०००००० |
| ५ | संघीय सशर्त | २८५८०००००० | ५ | विषयगत समिति | १४८८०००००० |
| ६ | प्रदेश समानिकरण | ११९६००००० | ६ | गरिवसँग विश्वेश्वर | ८०००००० |
| ७ | प्रदेश राजश्व बाडँफाडँ | ५२७८०००० | ७ | ऐीन्कए प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४०००००० |
| ८ | आन्तरिक आय | २०००००००० | ८ | सामाजिक सुरक्षा कार्यक्रम | १५५४७८००० |
| ९ | गत वर्षको अल्या | ५०५०००००० | ९ | कन्टिनजेन्सी | ५२२२००० |
| १० | गरिबसँग विश्वेश्वर | ८०००००० | १० | समपुरक अनुदान | १०००००००० |
| ११ | PLGSP | ४०००००० | ११ | बिशेष अनुदान | ८७०००००० |
| १२ | सामाजिक सुरक्षा भत्ता | १५५४७८००० | १२ | वडागत अनुदान | १७७०००००० |
| | जम्मा | ७५२५०००००० | | | ७५२५०००००० |

क) आगामी आ.ब. २०७८/०७९ को लागि स्वीकृत सञ्चालन खर्च

| सि.नं | बजेट शीर्षक नम्बर | बजेट शीर्षक | विनियोजित बजेट रू. |
|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | २००००००० |
| २ | २११२१ | पोशाक | ४५०००० |
| ३ | २११३२ | महंगी भत्ता | १०००००० |
| ४ | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष | ३००००० |
| ५ | २११३४ | कर्मचारीको बैठक भत्ता | ८००००० |
| ६ | २११३९ | अन्य भत्ता | ५००००० |
| ७ | २११४२ | पदाधिकारीअन्य सुविधा | १२०००००० |
| ८ | २२१११ | पानी तथा बिजुली | ३००००० |
| ९ | २२११२ | संचार महसुल | १०००००० |
| १० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२००००० |
| ११ | २२२१३ | सवारी साधन मर्मत खर्च | १०००००० |
| १२ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ५००००० |
| १३ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १५००००० |
| १४ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००००० |
| १५ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५००००० |
| १६ | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००००० |
| १७ | २२३१४ | इन्धन - अन्य प्रयोजन | २००००० |
| १८ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८००००० |
| १९ | २२४११ | सेवा र परामर्श खर्च | ५००००० |
| २० | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ३००००० |
| २१ | २२४१३ | करार सेवा शुल्क | ३४००००० |
| २२ | २२५११ | कर्मचारी तालिम खर्च | ५००००० |
| २३ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम कतथा गोष्ठी सम्बन्धी खर्च | ५००००० |
| २४ | २२५२२ | कार्यक्रम खर्च | १०००००० |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | ३००००० |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २५००००० |
| २७ | २२६१२ | भ्रमण खर्च | ८००००० |
| २८ | २२७११ | विविध खर्च | २५००००० |
| २९ | २२७२१ | सभा सञ्चालन खर्च | ६००००० |
| ३० | २८१४२ | घरभाडा | ३००००० |

| | | | |
|---|---|---|---|
| ३१ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | १५०००० |
| ३२ | | वडा गत सञ्चालन खर्च | ५६५०००० |
| ३३ | ३११२१ | सवारी साधन | १०००००० |
| ३४ | ३११२२ | मेशिनरी तथा औजार | २०००००० |
| ३५ | ३११२३ | फर्निचर तथा फिक्चर्स | २०००००० |
| | जम्मा | ७००००००० | |

**ख) आ.ब. २०७८/०७९ को लागि स्वीकृत आयोजना तथा कार्यक्रमगत खर्च**

१) आर्थिक विकास समिति (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र)

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | बिनियोजित रकम रू |
|---|---|---|---|
| १ | उद्योग तथा वाणिज्य प्रवर्द्धन कार्यक्रम | गा पा | २००००० |
| २ | बैंक वित्तीय संस्था तथा सहकारी प्रवर्द्धन कार्यक्रम | गा पा | ५००००० |
| ३ | पशु विकास कार्यक्रम | गा पा | ३०००००० |
| ४ | कृषि विकास कार्यक्रम | गा पा | २०००००० |
| ५ | बराह थान १०८ धारा निर्माण | वडा नं ११ | १०००००० |
| ६ | धारापानी शिवै मोटरबाटो निर्माण | वडा नं १० | ६००००० |
| ७ | मौजा गाउँ सिढि बाटो निर्माण | वडा नं ९ | ५००००० |
| ८ | प्रगतिशिल उल्लेरी आमा समूह भवन निर्माण | वडा नं ९ | ५००००० |
| ९ | प्रगतिशिल आमा समूह भवन निर्माण | वडा नं ८ | ५००००० |
| १० | नवप्रतिभा आमा समूह भवन निर्माण | वडा नं ८ | ५००००० |
| ११ | मौरी संरक्षणको लागि पैयुको बोट रोपण तथा संरक्षण | वडा नं ७ | ५००००० |
| १२ | प्रविण पार्क गोरेटो बाटो निर्माण | वडा नं ६ | १०००००० |
| १३ | धोतिखोला भ्गो.पुदेखि लोकमार्गसम्म सिढिबाटो, | वडा नं ५ | ५००००० |
| १४ | नागको थान र मन्दिर संरक्षण | वडा नं ५ | ५००००० |
| १५ | काउले, रती फाँट कृषि सडक निर्माण | वडा नं ४ | ५००००० |
| १६ | वडा कार्यालय संरक्षण तथा घेराबार | वडा नं ३ | १०००००० |
| १७ | दिप कैडेल ग्रामीण सडक स्तरोन्नती | वडा नं २ | ५००००० |
| १८ | शिव मार्ग देखि गैराघर ग्रामीण सडक स्तरोन्नती | वडा नं २ | ५००००० |
| १९ | कुँवरको पोखरीबाट नेपाली टोलबाटो स्तरोन्नति | वडा नं १ | ५००००० |
| २० | हरितालिका तिज विशेष मेला कार्यक्रम, ढिकुरपोखरी | वडा नं १,२,३ | ३००००० |
| २१ | अन्नपूर्ण गाउँपालिका कोदो महोत्सव, भदौरे | वडा नं ४ | २००००० |
| २२ | प्रविण गुरूङ लोकदोहोरी तथा गायन प्रतियोगिता | वडा नं ६ | ३००००० |
| २३ | फागु महोत्सव, विरेठाटी | वडा नं ८ | २००००० |
| २४ | अन्नपूर्ण म्याराथुन, घान्द्रुक | वडा नं १०, ११ | ७००००० |

| | | | |
|---|---|---|---|
| २५ | हनि हन्टिङ्ग प्रतियोगिता, लान्द्रुक | वडा नं ७ | १००००० |
| २६ | अन्य पर्व, मेला, महोत्सव | गा पा | २००००० |
| २७ | भोटेकुकुर संरक्षण एवम् प्रवर्द्धन | गा पा | १००००० |
| २८ | चौतारी, पोखरी, कुवा, पार्क तथा ढुङ्गे धारा संरक्षण | गा पा | १०००००० |
| २९ | पर्यटन सूचना केन्द्र स्थापना | गा पा | २००००० |
| ३० | पोषणयुक्त करेसाबारी कार्यक्रम | गा पा | ५००००० |
| ३१ | वडा भवनको गेटदेखि खानेपानी ट्यांकीसम्म सिढिबाटो | वडा नं १ | २००००० |
| ३२ | अधिकारीको घरदेखि कृषि सडकसम्म सिढीबाटो | वडा नं १ | ३००००० |
| ३३ | चौराखेत डालटारी देखि कृषि सडकसम्म सिढिबाटो | वडा नं २ | २००००० |
| ३४ | ठुलाचौर गोरेटो बाटो निर्माण | वडा नं २ | ३००००० |
| ३५ | धारापानी कौवाकाटे गोरेटोबाटो | वडा नं ३ | २००००० |
| ३६ | ओख्ले भाटी गोरेटोबाटो | वडा नं ३ | ३००००० |
| ३७ | पंचासे पर्यटन पदमार्ग | वडा नं ४ | ३००००० |
| ३८ | उल्लेरी थमडाँडा सिढीबाटो | वडा नं ४ | २००००० |
| ३९ | गिरीचोक स्वाराघर पदमार्ग | वडा नं ५ | २००००० |
| ४० | पुरानोगाउ दलितबस्ती पदमार्ग | वडा नं ५ | ३००००० |
| ४१ | ढावा भित्रिबाटो पदमार्ग | वडा नं ६ | ३००००० |
| ४२ | फिरफिरे चिलाउने बिसाउना पदमार्ग | वडा नं ६ | २००००० |
| ४३ | माझगाउँ हुँदै तोल्का लान्द्रुक पदमार्ग | वडा नं ७ | ३००००० |
| ४४ | घिर्सिङ्ग खोला प्रितम देउराली पदमार्ग | वडा नं ७ | २००००० |
| ४५ | विरेठाटी हुँदै थमडाँडा पदमार्ग | वडा नं ८ | ३००००० |
| ४६ | लामाखेत किर्किचे सिढीबाटो निर्माण | वडा नं ८ | २००००० |
| ४७ | हिले खोल्सामा कल्वोर्ट | वडा नं ९ | २००००० |
| ४८ | सावेत काम्लेम्रो सिढिबाटो | वडा नं ९ | ३००००० |
| ४९ | माझगाउँ देखि डाडाँगाउ सिढिबाटो | वडा नं १० | २००००० |
| ५० | छयाप देखि बसपार्कसम्म सिढिबाटो | वडा नं १० | ३००००० |
| ५१ | न्यूब्रिज भुमरी उरी गोरेटो बाटो | वडा नं ११ | ३००००० |
| ५२ | किम्रोङ्ग खोलादेखि द्रिबिन डाडाँ पदमार्ग | वडा नं ११ | २००००० |
| ५३ | क्युमि सिढिबाटो | वडा नं १० | ५००००० |
| ५४ | फल्लापानी देउराली सिढिबाटो | वडा नं १ | २००००० |
| ५५ | क्युने सिढिबाटो, | वडा नं १० | २००००० |
| ५६ | फूलिवाङ्ग सिढिबाटो | वडा नं १० | २००००० |
| ५७ | वडा कार्यालय जाने मोटरबाटो | वडा न ४ | ५००००० |
| ५८ | विकको मन्दिर माथिबाट देउराली थानसम्म ग्रामीण सडक | वडा न १ | ५००००० |

| | | | |
|---|---|---|---|
| ५९ | दुधे बराह आमासमूह रेलिङ्ग निर्माण | वडा नं ७ | १००००० |
| ६० | हुइया बाटो निर्माण | वडा नं ७ | १००००० |
| ६१ | कान्छी बराह मन्दिर संरक्षण | वडा न ७ | २००००० |
| ६२ | किम्चे बराह आमासमूह सिढिबाटो निर्माण | वडा न ७ | १००००० |
| जम्मा | | | २६७०००००० |

## २) पूर्वाधार विकास समिति

(सडक तथा पुल सिंचाइ भवन तथा सहरी विकास ऊर्जा लघु तथा साना जलविद्युत सञ्चार)

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | बिनियोजित रकम रू |
|---|---|---|---|
| १ | स्थानीय सडक मर्मत संभार कोष | गापा | ५०००००० |
| २ | स्थानीयस्तर झोलुङ्गे पुल साझेदारी कार्यक्रम | गापा | १०००००० |
| ३ | गाउपालिका केन्द्र पूर्वाधार निर्माण | गापा | १०००००० |
| ४ | अन्नपूर्ण रिङरोड स्तरोन्नती | गापा | १५००००० |
| ५ | वडा कार्यालय भवन निर्माण साझेदारी | गापा | २०००००० |
| ६ | धार्मिक पुस्तकालय स्थापना एवं व्यवस्थापन | गापा | २००००० |
| ७ | फोटोसुट पार्क निर्माण | गापा | ४००००० |
| ८ | भूमेको थानमा हनुमानको मूर्ति स्थापना | गापा | १०००००० |
| ९ | नागडाँडा अधिकारीडाडाँ कार्किकोटहरा मोटरबाटो | वडा नं १ | २०००००० |
| १० | विरेठाटी तिखेढुङ्गा उल्लेरी मोटर बाटो स्तरोन्नती-(तिखेढुङ्गा उल्लेरी खण्ड) | वडा नं ९ | २०००००० |
| ११ | लुम्ले चन्द्रकोट भिचुक लान्द्रुक मोटरबाटो | वडा नं ७ | २०००००० |
| १२ | अखण्ड मार्ग स्तरोन्नती | वडा नं १ | ५००००० |
| १३ | कालिकामार्ग ग्रामीण सडक | गापा | ५००००० |
| १४ | वनपालेबाट लहरी स्कुलहुँदै फल्लापानी पुरानोबस्तीसम्म जानेबाटो | वडा नं १ | ५००००० |
| १५ | वनपालेदेखि पाउदुर सेरासम्म कृषि सडक स्तरोन्नती | वडा नं १ | १०००००० |
| १६ | तितौरे खाल्डेबारी चोरकाटे ग्रामीण सडक | वडा नं २ | ५००००० |
| १७ | सावेत चण्डीमार्ग ग्रामीण सडक स्तरोन्नती | वडा नं ९ | ५००००० |
| १८ | नागडाडा भित्रिबाटो स्तरोन्नती | वडा नं १ | ५००००० |
| १९ | धारापानीमार्ग देखि दारेगौडा गैराघर ग्रामीण सडक स्तरोन्नति | वडा नं २ | ५००००० |
| २० | ढीकुरपोखरी - धारापानी हुँदै देउराली सडक स्तरोन्नति | वडा नं ३ | १५००००० |
| २१ | बासखर्क झारकोट लामाचौर बाटो स्तरोन्नति | वडा नं ४ | ५००००० |
| २२ | सल्यान घुम्ती लुयरा नयागाउ बाटो स्तरोन्नति | वडा नं ५ | ५००००० |

| | | | |
|---|---|---|---|
| २३ | ढावा हाइजुङ्ग सडक स्तरोन्नति | वडा नं ६ | ५०००００ |
| २४ | माझगाउदेखि भिच्चुकहुँदै लान्द्रुक बाटो स्तरोन्नति | वडा नं ७ | १५०००००० |
| २५ | जलकिनि खाउने हुँदै दाङ्गसिङ्ग बाटो स्तरोन्नति | वडा नं ८ | १५०००००० |
| २६ | तिखेढुङ्गा नयागाउ दलित बस्ती मोटरबाटो निर्माण | वडा नं ९ | ५००००० |
| २७ | ढल निकास दलित बस्ती | वडा नं ९ | ३००००० |
| २८ | मौजा ग्रामीण सडक | वडा नं ९ | २००००० |
| २९ | धाम्ले हुँदै कोटगाउँ बाटो स्तरोन्नति | वडा नं १० | १५०००००० |
| ३० | मत्क्यू सामरूङ्ग मोटरबाटो निर्माण | वडा नं ११ | १५०००००० |
| ३१ | मतक्यु उरी हुँदै किमरूङ्ग खोला बाटो निर्माण | वडा नं ११ | ५००००० |
| ३२ | क्रेजोङ्ग देखि सुनखानी मोटरबाटो निर्माण | वडा नं १० | १०००००० |
| ३३ | विरेठाटी दाङ्गसिङ्ग मोहरिया ग्रामीण सडक स्तरोन्नति | वडा नं ८ | ५००००० |
| ३४ | तमु मोहरिया ग्रामीण सडक स्तरोन्नति | वडा नं ८ | १०००००० |
| ३५ | सार्क्यु गैरीवाङ्ग ग्रामीण सडक स्तरोन्नति | वडा नं ८ | १०००००० |
| ३६ | ऋुधुदेखि आलु खोर ग्रामीण सडक निर्माण | वडा नं ७ | ५००००० |
| ३७ | ठोट्नेखोला ढाके सब्जुङ्ग ग्रामीण सडक स्तरोन्नति | वडा नं ६ | १०००००० |
| ३८ | पुरानो घडेरी पसल हुँदै ढाक्रे बाटो स्तरोन्नति | वडा नं ६ | १०००००० |
| ३९ | जलजला घ्याब्जुङ्ग ग्रामीण सडक | वडा नं ६ | ३००००० |
| ४० | धौलागिरी गेट नयापुल घाट ग्रामीण सडक स्तरोन्नति | वडा नं ५ | ५००००० |
| ४१ | गिरीचोक ओखरबोट ग्रामीण सडक स्तरोन्नति | वडा नं ५ | ५००००० |
| ४२ | हाइवे झोवाङ्ग हुँदै सल्यान बाटो स्तरोन्नति | वडा नं ५ | १५०००००० |
| ४३ | भदौरे प्रेम बस्ती ग्रामीण सडक स्तरोन्नति | वडा नं ४ | ५००००० |
| ४४ | पत्थर मराइचे काडे धम्पुस ग्रामीण सडक स्तरोन्नति | वडा नं ३ | १०००००० |
| ४५ | भिरमुनि हिले काउनडाँडा ग्रामीण सडक स्तरोन्नति | वडा नं ३ | ५००००० |
| ४६ | ओखले लाक्रे ग्रामीण सडक स्तरोन्नति | वडा नं ३ | ५००००० |
| ४७ | देउराली दमदमे पाउदुरकोट ग्रामीण सडक स्तरोन्नति | वडा नं ३ | ५००००० |
| ४८ | देउराली डाडा धारापानी हुँदै रानीथोक ग्रामीण सडक स्तरोन्नति | वडा नं ३ | १०००००० |
| ४९ | प्याउदी ठुलाचौर ग्रामीण सडक | वडा नं २ | ५००००० |
| ५० | दिप बुढाघर हुँदै कडेले सडक स्तरोन्नति | वडा नं २ | १०००००० |
| ५१ | नागडाडा निवारे ग्रामीण सडक स्तरोन्नति | वडा नं २ | ५००००० |
| ५२ | भयर चोक सेराचौर हुँदै भित्रीबाटो डायरी चोकसम्म ग्रामीण सडक स्तरोन्नति | वडा नं २ | ५००००० |
| ५३ | रातामाटा शिव मन्दिर ग्रामीण सडक स्तरोन्नति | वडा नं २ | ५००००० |
| ५४ | छविस्मृति हुँदै सिम्ले ग्रामीण सडक स्तरोन्नति | वडा नं १ | १०००००० |

| | | | |
|---|---|---|---|
| ५५ | सम्मिको बोटबाटो कृषि सडक जोड्ने बाटो | वडा नं १ | ५०००० |
| ५६ | ढावा तोमिजुङ्ग ग्रामीण सडक स्तरोन्नति | वडा नं ६ ७ | ३००००० |
| ५७ | विरेठाटी तिखेढुङ्गा मोटर बाटो स्तरोन्नति | वडा नं ९ | २०००००० |
| ५८ | लिग्रा तबांग सडक स्तरोन्नति | वडा नं ८ | २००००० |
| ५९ | भैपोखरी डिलबाट सिम्ले मोटर बाटो निर्माण | वडा नं १ | ५००००० |
| ६० | नागडाडाँ सिम्पाली भित्रीबाटो निर्माण | वडा नं १ | ५००००० |
| ६१ | काडे गोलडाँडा मोटरबाटो | वडा नं ३ | ५००००० |
| ६२ | सौरेनी ढाडखेत छेउटारी कृषि सडक | वडा नं २ | १०००००० |
| ६३ | सुसाउनेढुङ्गा खोरथापे ग्रामीण सडक | वडा नं २ | ५००००० |
| ६४ | साधिखोला काफलबोट काउले मोटरबाटो | वडा नं ४ | ४००००० |
| ६५ | रानीबास प्रेमबस्ती मोटरबाटो | वडा नं ४ | ४००००० |
| ६६ | गैराथोक मोटरबाटो | वडा नं ४ | ४००००० |
| ६७ | नयाँपुल राहाले मौजा ग्रामीण सडक | वडा नं ५ | ५००००० |
| ६८ | शिद्धा थान पहिरोको डिल सडक खण्ड पुरानो गाउँ | वडा नं ५ | ५००००० |
| ६९ | ढावा लामखोरीया साउनेकुना ग्रामीण सडक | वडा नं ६ | ३००००० |
| ७० | हाइजुङ्ग बजार भित्री बाटो | वडा नं ६ | ५००००० |
| ७१ | ढावा भित्रि मोटरबाटो | वडा नं ६ | ५००००० |
| ७२ | माझगाउँ हेल्थपोष्ट सडक सुधार | वडा नं ७ | २००००० |
| ७३ | भिचुक बराह नेपाल चौतारी ग्रामीण सडक | वडा नं ७ | ३००००० |
| ७४ | तिब खोला भैरव शाखा सडक निर्माण | वडा नं ७ | ३००००० |
| ७५ | माताठाँटी भित्रीबाटो | वडा नं ८ | २००००० |
| ७६ | तमु कुटुम सार्क्यु मोटरबाटो | वडा नं ८ | ५००००० |
| ७७ | धाम्ले देखि फलिबाङ्ग मोटरबाटो | वडा नं १० | ५००००० |
| ७८ | कोत्रोदेखि कोम्रोङ्ग मेलाचे चुइले सिप्रूङ्ग मोटरबाटो | वडा नं ११ | ५००००० |
| ७९ | नयाँगाउ कल्बर्ट निर्माण | वडा नं ११ | ५००००० |
| ८० | जैसी टोल डालास्वारा भित्रि सडक निर्माण | वडा नं २ | ५००००० |
| ८१ | धारापानी सेरा ठुलाखेत मोटरबाटो | वडा नं ३ | ५००००० |
| ८२ | दुखाले खोल्सा कल्वर्ट निर्माण | वडा नं १० | ५००००० |
| ८३ | लेवाडे कृषि सडक | वडा नं १ | ५००००० |
| ८४ | चौडिला टियाणा सिमखेत सिढिबाटो | गापा | ३००००० |
| ८५ | काउरे सौरेनी मोटरबाटो स्तरोन्नती | गापा | १०००००० |
| ८६ | ठाडो बान्नो सिढिबाटो | गापा | ४००००० |
| ८७ | परम्परागत गोलघर संरक्षण | गापा | १००००० |
| ८८ | घोबरेटा जाने सिढिबाटो | गापा | १००००० |

| | | | |
|---|---|---|---|
| ८९ | सारीपाखो उद्यान केन्द्र | गापा | २००००० |
| ९० | नागडाँडा भ्यू टावर तथा पार्क निर्माण | गापा | १०००००० |
| **सिँचाइ कार्यक्रम (२० प्रतिशत लागत सहभागितामा आधारित)** | | **वडा स्तरीय बजेट** | ५५००००० |
| १ | छरछरे खोलादेखि ठुलीबेडी रातमाटा खेतसम्म सिँचाई | वडा नं. १ | २५०००० |
| २ | तिवारीका पँधेरोबाट सार्कीखेतसम्म सिँचाई | | २५०००० |
| ३ | सातघरे कुलो निर्माण | वडा नं. २ | १५०००० |
| ४ | कोल मुनी कुलो निर्माण | | २००००० |
| ५ | पात्लाको कुलो (सार्की बस्ने) भयरचौर | | १५०००० |
| ६ | अँधेरीखोला सिँचाई | वडा नं. ३ | १००००० |
| ७ | काउण्डाँडा सिँचाई | | २००००० |
| ८ | मराईचे/अन्य सिँचाई | | २००००० |
| ९ | पाईपलाईन सिँचाई वडा नं. ४ | वडा नं. ४ | ५००००० |
| १० | झुवाडी खोला झोवाङ्ग सिँचाई योजना | वडा नं. ५ | ५००००० |
| ११ | रूजरे सिँचाई योजना | वडा नं. ६ | २००००० |
| १२ | धोती खोला सिँचाइ योजना | | ३००००० |
| १३ | साउनुकुना नागीनि बेसि सिँचाइ योजना | वडा नं. ७ | १००००० |
| १४ | लान्द्रुक सिँचाइ योजना | | २००००० |
| १५ | मान्छेखोला सिँचाइ योजना | | १००००० |
| १६ | मिदि डिलगरा सिँचाइ योजना | | १००००० |
| १७ | चिम्रोङ सिँचाइ मर्मत | वडा नं. ८ | २५०००० |
| १८ | माताठाँटी लाम्दवाली सिँचाइ | | २५०००० |
| १९ | सिमलबोट सिँचाई योजना | वडा नं. ९ | ५००००० |
| २० | नाङसिङ खोला सिँचाइ | वडा नं. १० | २००००० |
| २१ | शिवै सिँचाइ निर्माण | | २००००० |
| २२ | क्यूमी सिँचाइ निर्माण | | १००००० |
| २३ | छोमोङ सिँचाइ | वडा नं. ११ | ५००००० |
| जम्मा | | | ७३०००००० |

आर्थिक वर्ष २०७८/०७९ का वडास्तरीय योजनाहरू

| क्र सं | आयोजनाको विवरण | आयोजना सञ्चालन हुने टोल | बिनियोजित रकम |
|---|---|---|---|
| १ | महिला लक्षित कार्यक्रम | वडा नं. १ | २००००० |
